यदी तपाईको वैदेशिक रोजगार सम्बन्धी कुनै समस्या, जिज्ञासा, सुझाव वा प्रतिकृया भए वैदेशिक रोजगार विभागमा रहेको Toll Free Number 16-60-010-9999 मा कुरा गरी आफ्नो समस्याको जानकारी वैदेशिक रोजगार विभागमा गराउन सक्नु हुनेछ साथै वैदेशिक रोजगारमा जान श्रम स्वीकृति लिइ सक्नु भएको छ भने तपाईले आफ्नो मोवाइलबाट SMS द्वारा वा वैदेशिक रोजगार विभागको Website: www.dofe.gov.np मा logon गरी जानकारी पाउने व्यवस्था गरिएको छ। यसका लागि निम्नानुसारको निर्देशन पालन गर्नु हुन अनुरोध छ।

**PP Space Passport Number**
**Send to 34001**
**Tollfree Number**
**16-60-010-9999**

# श्रम तथा रोजगार

**Labour and Employment**
**(The Nepalese Journal of Labour and Employment)**

अंक १२

## बुलेटिन (Bulletin)

आर्थिक वर्ष २०७३/२०७४




नेपाल सरकार
**श्रम तथा रोजगार मन्त्रालय**
सिंहदरबार, काठमाडौं
फोन नं. ४२११८१५, ४२११९५७, ४२११७३३, ४२११८८९, ४२११९६३ र ४२११९८४
फ्याक्स : ९७७-१-४२११८७७
वेवसाइट : www.mole.gov.np, इमेल : info@mole.gov.np

# श्रम तथा रोजगार

**Labour And Employment**
**(The Nepalese Journal of Labour and Employment)**

# बुलेटिन अंक १२


**सम्पादक मण्डल**

| | | |
|---|---|---|
| सचिव | श्री लक्ष्मणप्रसाद मैनाली | संयोजक |
| सह सचिव | श्री गोविन्दमणि भूर्तेल | सदस्य |
| उप सचिव | श्री श्यामराज अधिकारी | सदस्य |
| उप सचिव (लेखा) | श्री लाल बहादुर थापा | सदस्य |
| शाखा अधिकृत | श्री पवित्रा घिमिरे खनाल | सदस्य-सचिव |

**कम्प्युटर र प्राविधिक सहयोग**

कम्प्यूटर इन्जिनियर श्री राजु श्रेष्ठ
कम्प्यूटर अपरेटर श्री बिनोद शर्मा



**सुझाव र सल्लाहको लागि सर्म्पर्क ठेगाना**
श्रम तथा रोजगार मन्त्रालय
नीति, योजना तथा अनुगमन शाखा
सिंहदरवार, काठमाडौं ।

website : www.mole.gov.np
email : info@mole.gov.np, planning@mole.gov.np
फोन नं. ४२११८१५, ४२११९५७, ४२११७३३, ४२११८८९, ४२११९६३ र ४२११९८४
फ्याक्सः ९७७-१-४२११८७७



प्रकाशन प्रतिः ३००



Copy write : श्रम तथा रोजगार मन्त्रालय


**नोटः**- यस वुलेटिनमा प्रकाशित लेखहरु लेखकका व्यक्तिगत धारणाहरु हुन् ।

मा. सूर्यमान गुरुङ
मन्त्री
श्रम तथा रोजगार मन्त्रालय

नेपाल सरकार
निजी सचिवालय
सिंहदरबार,काठमाडौं
फोन : ४२११७९४, ४२११६७८
फ्याक्स : ९७७-१-४२११८७७
वेबसाइट : www.mole.gov.np

पत्र संख्या :-

च.नं. :-



# शुभकामना

श्रम तथा रोजगार मन्त्रालयको आ.व.२०७२/७३ को वार्षिक प्रगति प्रतिवेदन समावेश भएको श्रम तथा रोजगार बुलेटिन अंक १२ प्रकाशन हुन लागेकोमा मलाई खुशी लागेको छ ।श्रम तथा रोजगार मन्त्रालय अन्तर्गतको व्यावसायिक तथा सीप विकास तालिम केन्द्र मार्फत भुकम्प पीडित अति प्रभावित गोरखा, धादिङ, सिन्धुपाल्चोक जिल्लाका १५० जनालाई उद्यमशिलता तालिम दिई वस्तुगत सहायता प्रदान गरिनुको साथै यस अवधिमा १७४९३ जनाले नियमित तथा आधारभूत सीपमूलक तालिम प्राप्त गरेका छन् । सार्क क्षेत्रमा आप्रवासी कामदारको अधिकार रक्षाका लागि साझा अवधारणा तयार गर्ने उद्देश्यले दुई दिने सार्क स्तरीय उच्चपदाधिकारी सम्मिलित मन्त्रीस्तरीय वैठक सम्पन्न भएको छ । सम्मेलनले सार्क क्षेत्रका वैदेशिक रोजगारमा रहेका समस्या समाधानका लागि चाल्नु पर्ने कदम, वैदेशिक रोजगारमा जाने कामदारको हित रक्षाका लागि आगामी दिनमा अपनाउनु पर्ने सुरक्षा व्यवस्था विषयमा छलफल भएको थियो ।

नेपाल सरकार र इजरायल सरकारसँग भएको द्विपक्षीय श्रम संझौता बमोजिम नेपाली कामदारलाई इजरायलमा केयर गिभरको रुपमा पठाउने कार्यको थालनी भएको छ । श्रम तथा रोजगार मन्त्रालयको १०० दिनको सुधार योजना कार्यान्वयन बाट वैदेशिक रोजगारीको क्षेत्रमा रहेका चुनौती सामना गर्न सहयोग पुगेको विश्वास लिएको छु।

वैदेशिक रोजगारमा जाने कामदारहरुका लागि सूचना सामग्रीहरु स्थानीय भाषामा समेत तयार गरी वितरण भएको छ। विदेश स्थित नेपाली राजदूतावास द्वारा हाल संचालनमा रहेका सुरक्षित गृहहरुलाई व्यवस्थित गर्ने कार्यविधि निर्माण सम्पन्न भएको छ । सामाजिक सुरक्षा सम्बन्धमा देशव्यापी रुपमा रेडियोबाट प्रसारणका कार्यहरु भइरहेका छन् । वैदेशिक रोजगारका गन्तव्य मुलुक मलेशिया, जापान, ओमन, जोर्डन र लेवनानसँग द्विपक्षीय श्रम संझौता गर्ने कार्य अगाडी बढाइएको छ । निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड यूनियनको निर्वाचन कार्य सम्पन्न भएको छ । १० वर्षे वालश्रम निवारण राष्ट्रिय कार्ययोजना ९२०७३-२०८३० को मस्यौदा तयार गरिएको छ । वैदेशिक रोजगार ऐनमा समसामयिक संशोधन गरी कामदार मैत्री बनाउन सम्वद्ध पक्षहरुसँग परामर्श गरी वैदेशिक रोजगार ऐन संशोधनको मस्यौदा तयार गर्ने कार्य भैरहेको गरिएको छ । श्रम तथा वैदेशिक रोजगार व्यवस्थापनका क्षेत्रमा रहेका चुनौती सामना गर्न यस क्षेत्रमा कार्यरत सवै पक्षको आगामी दिनमा रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

मितिः२०७३।०६।०४

सूर्यमान गुरुङ
मन्त्री

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
नीति,योजना तथा अनुगमन शाखा

सिंहदरवार,काठमाडौं
फोन न. ४२११२५७
फ्याक्स न. ०१-४२११८७७
E-mail : info@mole.gov.np
Website :www.mole.gov.np

प.सः०७३/७४
च.नः



## शुभकामना

श्रम तथा रोजगार बुलेटिन अंक १२ प्रकाशन हुन लागेको थाहा पाउँदा मलाई अत्यन्त खुशी लागेको छ। बुलेटिनका माध्यमबाट श्रम तथा रोजगार मन्त्रालयका गतिविधि तथा कार्यप्रगति एवं अग्रसरताहरुलाई सवै सरोकारवाला समक्ष पुऱ्याउन मद्दत पुग्नेछ भन्ने विश्वास लिएको छु ।

मुलुक आर्थिक सम्वृद्धितर्फको यात्रामा अगाडी वढ्ने चरणमा पुगेको छ । मुलुकको सम्पूर्ण ध्यान आर्थिक सम्वृद्धि तथा उत्पादनमूलक रोजगारी श्रृजनामा जानु पर्ने भएको छ । नेपाल सरकारको श्रम तथा रोजगार क्षेत्रको नीति मुलुक भित्रै उत्पादनमूलक रोजगारीका अवसरहरुको श्रृजना गरी वैदेशिक रोजगारीलाई प्रतिस्थापन गर्ने भन्ने नै हो। मुलुक भित्र पर्याप्त मात्रामा रोजगारीका अवसर सृजना नहुँदासम्मको लागि वैदेशिक रोजगारी हाम्रा लागि बाध्यता भएको छ । वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित वनाउन हाम्रा प्रयत्नहरु निर्देशित छन् । श्रम तथा रोजगार व्यवस्थापनको क्षेत्रमा श्रमिक, रोजगारदाता र सरकारको त्रिपक्षीय सम्वन्ध सुधार तथा असल श्रम ,सम्वन्ध स्थापना गरी लगानी मैत्री वातावरण तयार गर्न कार्यक्रमहरु केन्द्रित रहेका छन् । स्वदेशी तथा विदेशी श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सीपयुक्त जनशक्ति उत्पादन गरी रोजगार एवं स्वरोजगारका अवसर सिर्जना गर्ने प्रयास भइरहेको छ । सवै प्रकारका बालश्रम निवारण गरी बाल अधिकारको सुनिश्चितता गर्न मन्त्रालय र मातहत निकायबाट कार्य संचालन गरिएको छ ।

वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउनु पर्ने वास्तविकतालाई ध्यानमा राखी वैदेशिक रोजगारीमा जाने कामदारको लागि दिइने अभिमुखीकरण तालिम, स्वास्थ्य परीक्षण, काममा संलग्नता, कामको अवधि पुरा गरेपछि नेपाल फर्केर सीप दक्षताको प्रयोग गर्न पाउने अवसर जस्ता चरणमा सुधार गर्ने प्रयास जारी रहेको छ। यसको लागि वैदेशिक रोजगार ऐनमा समय सापेक्ष संशोधन गर्न सरोकारवालहरुसँग छलफल र परामर्शबाट ऐन संशोधानको मस्यौदा तयार गर्ने कार्य भइरहेको छ । खाडी क्षेत्रका राष्ट्रहरुमा कार्यरत घरेलु महिला कामदारको हित रक्षा, मानव अधिकारको संरक्षण र सुरक्षा व्यवस्थाको चुनौती सामना गर्न हाम्रा प्रयासहरु केन्द्रित हुनु पर्ने देखिन्छ । नयाँ अन्तराष्ट्रिय श्रम बजारको खोजी कार्यलाई निरन्तरता दिँदै हाल विभिन्न देशमा वैदेशिक रोजगारमा कार्यरत रहेका कामदारहरुको हित रक्षा गर्न द्विपक्षिय श्रम संझौताहरु गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ । EPS कोरिया अन्तरगत कोरिया जाने भाषा परीक्षा online मार्फत लिने पद्धतिको सुरुवात भएको छ ।

निजामती कर्मचारीहरको आधिकारी ट्रेड यूनियन निर्वाचन सम्पन्न भएको छ । यसबाट निजामती सेवामा कार्यरत राष्ट्रसेवकहरुको मर्यादा, अनुशासन र व्यवसायिकता वृद्धि हुने आशा लिएको छु ।गत आ.व. २०७२।७३ मा मन्त्रालय र अन्तरगतका निकायहरुबाट सवै स्वीकृत वार्षिक कार्यक्रम सम्पन्न गर्न सहयोग गर्ने राष्ट्रसेवक कर्मचारी तथा सम्वन्धित सवै महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

मिति २०७३।०६।०४

लक्ष्मणप्रसाद मैनाली
सचिव

# सम्पादकीय

श्रम तथा रोजगार मन्त्रायलयले आ.व. २०७२।७३ मा संचालित कार्यक्रमहरुको वार्षिक प्रगति समावेस गरी श्रम तथा रोजगार बुलेटिन अंक १२ प्रकाशन गर्न लागेका छौ । श्रम तथा रोजगार मन्त्रालय र मातहत निकायबाट संचालित प्रथम प्राथमिकता प्राप्त आयोजना ९ वटा र दोश्रो प्राथिमकता प्राप्त आयोजना २ वटा रहेका छन् । गत आ.व.२०७२।७३ मा अवधिमा ५ वटा आयोजाको प्रगति ८० प्रतिशत वा सो भन्दा माथि र ५ वटा आयोजनाहरुको प्रगति ५० प्रतिशत भन्दा माथि रहेको छ र १ वटा आयोजनाको प्रगति ५० प्रतिशत भन्दा न्यून रहेको छ । उल्लेखित प्रगति प्रतिवेदनको मन्त्रालय स्तरीय विकास समस्या समाधान समिति तथा वार्षिक प्रगति समीक्षा वैठकमा छलफल गरी सम्पन्न हुन नसकेका कार्यक्रमहरुको सम्वन्धमा देखा परेका समस्या र समाधानका उपाय समेत राष्ट्रिय विकास समस्या समाधान समितिको वैठक समक्ष पेश गरी समिक्षा सम्पन्न भएको छ ।

वार्षिक प्रगति प्रतिवेदन अवधिमा श्रम तथा रोजगार मन्त्रालय र मातहत निकायले वैदेशिक रोजगार सम्बन्धी चेतनामूलक अन्तरक्रिया कार्यक्रम, नीतिगत सुधारका लागि श्रम तथा रोजगार मन्त्रालय, परराष्ट्र मन्त्रालय र अन्य निकायहरुको प्रतिनिधित्वमा मानव वेचविखन नियन्त्रण सम्वन्धी संयुक्त समितिको वैठक सञ्चालन, वैदेशिक रोजगारमा पठाउने इजाजतपत्रवाला संस्था (मेनपावर) तथा शाखा कार्यालय, वैदेशिक रोजगारमा जाने कामदारहरुलाई अभिमुखीकरण तालिम दिने संस्थाहरुको अनुगमनको कार्य सम्पन्न भएको छ । आ.व. २०७२।७३ मा १२२९५४२ जना वैदेशिक रोजगारमा जाने कामदारहरुका लागि पुर्व श्रम स्वीकृति प्रदान गर्नुको साथै ४१८७१३ जनालाई अन्तिम श्रम स्वीकृति प्रदान गरिएको छ । यस अवधिमा ३४०७२ जना कामदारले वैदेशिक रोजगारम जान व्यक्तिगत श्रम स्वीकृति लिएका छन् । वैदेशिक रोजगारमा जाने ४०४९५३ जनाले प्रस्थान पूर्वको अभिमुखीकरण तालिम प्राप्त गरेका छन् । यसै अवधिमा ९००५ जना वेरोजगारहरुको तथ्याङ्क संकलन, स्थानीयस्तरमा सामूदायिक सौदावाजी सम्बन्धी गोष्ठी, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी स्थानीयस्तरमा जनचेतना अभिवृद्धि कार्यक्रम, ठगी नियन्त्रण, संस्थागत र व्यक्तिगत श्रम स्वीकृति एवं नविकरण गर्ने कार्यहरु भएका छन् । उक्त अवधिमा इजरायलमा घरेलु कामदार पठाउने द्विपक्षीय श्रम संझौता भई कामदार छनौट भई पहिला चरणमा ५९ जना कामदार इजरायल प्रस्थान गरेका छन् । EPS कोरियाको फारम भर्ने पद्धतिलाई Online मा भर्ने कार्यको थालनी जस्ता महत्वपूर्ण कार्यहरु भएको छ ।

गत आ.व.२०७२।७३ मा आधारभूत तालिम, अपग्रेडिङ्ग तालिम, वैदेशिक एवं युवा स्वरोजगार सम्वन्धी (विशेष सीप विकास) तालिम, आवासीय महिला सीप विकास तालिम, हलिया तथा मुक्त कमैयाकालागि आवसीय जनरल मेकानिकल तालिम गरी जम्मा १७४९३ जनालाई तालिम प्रदान गरिएको छ । सोही अवधिमा समाजिक सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धिको लागि त्रिपक्षिय अन्तरक्रिया/गोष्ठी संचालन गरिएको छ । वैदेशिक रोजगारीका सम्वन्धमा परेका उजुरी उपर चालाइएको मुद्दाहरु मध्ये १८५ वटा मुद्दा फछर्यौट भएको र अन्य मुद्दाहरुको कार्रवाही एवं किनारा लगाउने कार्यलाई निरन्तरता दिइएको छ ।

यसै अवधिमा श्रम तथा रोजगार मन्त्रालयको १०० दिने सुधार कार्ययोजना कार्यान्वयन गरिएको छ । सामाजिक सुरक्षा ऐन र श्रम ऐन व्यवस्थापिका संसदमा दर्ता भएको छ भने वैदेशिक रोजगार ऐन संशोधनको मस्यौदा तयार गरिएको छ । बालश्रम उन्मूलन सम्वन्धी राष्ट्रिय गुरुयोजनाको मस्यौदा तयार गरिएको छ । सदा झै वुलेटिन प्रकाशनमा सहयोग पुर्‍याउनु हुने सवै जना प्रति सम्पादक मण्डल हार्दिक आभार व्यक्त गर्दछ।

# विषयसूची (Contents)


| विषय | पेज नं. |
| --- | --- |
| खण्ड "क" मन्त्रालयको परिचय र प्रगति | |
| १. श्रम तथा रोजगार मन्त्रलयको कार्यक्षेत्र | १ |
| २. दीर्घकालीन सोच | १ |
| ३. उद्देश्य | १ |
| ४. रणनीति | २ |
| ५. श्रम तथा रोजगार मन्त्रालयको सगठनात्मक संरचना | ३ |
| ६. मन्त्रालय अन्तर्गतका विभाग तथा आयोजनाहरु | ४ |
| ७. २०७२।७३ को श्रम तथा रोजगार मन्त्रालय र मातहत निकायको बजेट | ५ |
| ८. आ.व.०७२।७३ को श्रम तथा रोजगार मन्त्रालयर मतहत निकायहरुबाट सञ्चालित कार्यक्रमहरुको वार्षिक प्रगति प्रतिवेदन | ६ |
| ९. आ.व. २०७२।७३ को बजेटको नीति तथा कार्यक्रमहरुको कार्यान्वयन योजनाको प्रगति | १३ |
| १०. श्रम तथा रोजगार मन्त्रालय र अन्तर्गत निकायहरुको बेरुजु फछ्र्यौट प्रगति बिवरण | १५ |
| ११. तत्कालिन कार्य योजना (Immediate Action Plan)-२०७२ | १६ |
| १२. आ.व. २०७३/७४ को प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन कार्ययोजना | २१ |
| १३. श्रम तथा रोजगार मन्त्रालयको चालु आ.व. २०७३/७४ मा कार्यान्वयन गर्ने कार्यक्रमको प्राथमिकताहरु र सोको कार्यान्वयन कार्ययोजना | २४ |
| १४. सचिव वैठकबाट भएका निर्णय कार्यान्वयन सम्वन्धी प्रगति अवस्था | ३६ |
| १५. आ.व. २०७३।७४ को वार्षिक कार्यक्रम प्रतिफल सूचक | ६१ |
| खण्ड "ख" मन्त्रालयको कार्यविधि र निर्देशिका | |
| १६. वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नविकरण तथा अनुगमनसम्वन्धी कार्यविधि, २०७२ | ७१ |
| खण्ड "ग" लेख तथा रचनाहरु | |
| १७. नेपालमा बालश्रमको अवस्था, श्यामराज अधिकारी | ७९ |
| १८. न्यूनतम ज्यालाको कार्यान्वयन अवस्था, डा. लोकनाथ भुसाल | ८५ |

| विषय | पेज नं. |
| --- | --- |
| १९. वैदेशिक रोजगारी र नेपालको पुनर्निर्माण, जीवन कुमार राई | ८९ |
| २०. श्रमका निम्ति बसाईसराईमा सार्क संगठनको भूमिका, गणेश घिमिरे मार्मिक | ९२ |
| २१. सामाजिक सुरक्षा विधेयक, २०७२ र समाकजिक सुरक्षाका सवालहरु, पवित्रा घिमिरे खनाल | ९६ |
| २२. वैदेशिक रोजगारमा नेपाली युवाहरुको आकर्षण, बल्लभ विष्ट | ९९ |
| २३. प्रस्तवित श्रम विधेयक, २०७२ मा भएका महत्वपूर्ण प्रावधानहरु, बिनोद शर्मा | १०३ |
| २०. वैदेशिक रोजगारः एक अध्ययन, पूर्णबहादुर खत्री | १०६ |
| २४. नेपाल सरकारबाट संस्थागत रुपमा वैदेशिक रोजगारका लागि खुल्ला गरिएका देशहरुको नामावली | ११० |
| २५. श्रम तथा रोजगार मन्त्रालय र मातहत निकायहरुका सम्पर्क नम्बरहरू | ११२ |

# खण्ड "क"
# मन्त्रालयको परिचय र प्रगति

# श्रम तथा रोजगार मन्त्रालय

## १. श्रम तथा रोजगार मन्त्रालयको कार्यक्षेत्र

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२।०९।१४ मा स्वीकृत कार्य विभाजन नियमावली अनुसार मन्त्रालयको कार्यक्षेत्र निमम्नानुसार रहेको छः-

क) श्रम तथा रोजगार सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन,
ख) श्रमशक्ति र श्रमबजार सम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन तथा विश्लेषण,
ग) अन्तर्राष्ट्रिय श्रम सँगठन तथा श्रम सम्बन्धी अन्य राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ-संस्था,
घ) श्रमिक र व्यवस्थापकबीचको सम्बन्ध,
ङ) रोजगार सेवा तथा श्रमिक आपूर्ति,
च) वैदेशिक रोजगार,
छ) व्यवसायिक तालीमको सञ्चालन, समन्वय तथा प्रवर्द्धन,
ज) महिला, अपाङ्ग तथा मजदुरको सीप र तालीम,
झ) ट्रेड युनियन,
ञ) श्रमिकहरुको सामाजिक सुरक्षा,
ट) विदेशीहरुका लागि श्रम स्वीकृति,
ठ) श्रम प्रशासन र व्यवस्थापन,
ड) श्रमिकहरुलाई उपलब्ध गराइने बोनस र
ढ) रोजगारी सिर्जना सम्वन्धी कार्यमा समन्वय ।

## २. दीर्घकालीन सोच

स्वदेशी तथा विदेशी श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष सीपयुक्त मानव संशाधनको उत्पादनबाट रोजगार एवं स्वरोजगारका अवसरहरु सिर्जना गर्नु, विभेदरहित, सुरक्षित, मर्यादित र स्वस्थ काम गर्ने वातावरण प्रदान गरी बाह्य तथा आन्तरिक रोजगारीबाट प्राप्त हुने आर्थिक तथा गैर आर्थिक लाभबाट राष्ट्रिय अर्थ व्यवस्थाको सुदृढीकरण गरी गरिवी निवारणमा योगदान पुर्‍याउने र सबै प्रकारका बालश्रम निवारण गरी बाल अधिकार सुनिश्चित गर्न सघाऊ पुर्‍याउनु श्रम तथा रोजगार मन्त्रालयको दीर्घकालीन सोच रहेको छ ।

## ३. उद्देश्य

१. स्वदेशमा पर्याप्त र मर्यादित रोजगार तथा स्वरोजगारका अवसरहरु सिर्जना गरी गरिवी निवारणमा योगदान गर्ने ।
२. सबै प्रकारका बालश्रम निवारण गर्दै निकृष्ट प्रकृतिका बालश्रमलाई प्राथमिकताका साथ उन्मूलन गर्ने ।
३. सुमधुर श्रम सम्बन्धको विकास गरी स्वस्थ, सुरक्षित र मर्यादित श्रम वातावरणको सिर्जना गर्ने ।
४. स्वदेशी तथा विदेशी श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने उद्यमशील, दक्ष र सीपयुक्त मानव संसाधनको विकास गरी बेरोजगारीको संख्या न्युनीकरण गर्ने ।

५. वैदेशिक रोजगारीका जोखिमहरु कम गर्दै यसबाट प्राप्त हुने लाभलाई अधिकतम गर्दै गरिवी निवारणमा यस क्षेत्रको योगदान अभिवृद्धि गर्ने ।

## ४. रणनीति

१. अर्थतन्त्रका विभिन्न क्षेत्रहरुमा कार्यक्रम सञ्चालन गर्दा रोजगारीको अवसर सिर्जना हुने कार्यक्रमको पहिचान, विश्लेषण र कार्यान्वयनमा जोड दिई भौगोलिक क्षेत्रहरुमा थपिने जनशक्ति र रोजगारी सिर्जनाको भिन्नतालाई आधार मानी रोजगारीमा पछि परेका क्षेत्र र समुदायलाई विशेष प्राथमिकता दिने गरी कार्यक्रम सञ्चालन गर्ने ।

२. बालश्रम सम्बन्धी नीति, कानुन तथा संस्थागत व्यवस्थामा सुधार गर्नुका साथै बालश्रम निवारणका कार्यक्रमहरु गरिवी निवारणका राष्ट्रिय कार्यक्रमसँग एकीकृत गरी कार्यान्वयन गर्ने।

३. उत्पादनमूलक रोजगारी सिर्जना गर्न व्यवस्थित रुपमा लघुवित्त, उद्यमशीलता र सीप विकास तालिम, उपयुक्त प्रविधि र बजार व्यवस्था गरी स्वरोजगार तथा लघु उद्यमशीलतालाई प्राथमिकता दिने ।

४. विभिन्न संघ संस्थाहरुबाट सञ्चालन हुने तालिम कार्यक्रमहरुको गुणस्तरमा अभिवृद्धि हुने तालिम कार्यक्रमहरुलाई व्यवस्थित गरी समान प्रकृतिका तालिमका विशिष्टताका आधारमा एकै छाता संस्थाबाट प्रदान गर्ने गरी बजारको माग अनुरुप दक्ष जनशक्ति प्रदान गर्ने ।

५ सीप तथा व्यवसायिक तालिमका अवसरहरु वृद्धि गरी यस्ता तालिमहरु सेवाग्राहीको निकटमा नै सञ्चालन गर्ने गरी स्वरोजगारको अवसर सिर्जना गर्ने वातावरण तयार गर्ने ।

६. रोजगारी सिर्जनाको नीतिगत समन्वय र अनुगमन गर्ने ।

## ५. श्रम तथा रोजगार मन्त्रालयको सगठनात्मक संरचना

**मा. मन्त्री**

**वैदेशिक रोजगार प्रबर्द्धन वोर्ड**

**सचिव (रा.प.विशिष्ट श्रेणी) -१**

### प्रशासन, नीति, योजना, तथा अनुगमन महाशाखा
सह–सचिव (रा.प.पथम श्रेणी)–१

| प्रशासन शाखा | |
|---|---|
| उपसचिव | – १ |
| शा.अ. | – २ |
| क.अधिकृत | – १ |
| ना.सु. | – २ |
| क.अप. | – ४ |
| टाइपिष्ट | – १ |
| ड्राइभर | – ५ |
| का.स | – १० |
| | २६ |
| **निजी सहायक** | |
| शा.अ. | – २ |
| ना.सु. | – ४ |
| | ६ |

| आर्थिक प्रशासन शाखा | |
|---|---|
| उ.स. (लेखा) | –१ |
| लेखा अधिकृत | –१ |
| लेखापाल | –१ |
| | ३ |

| कानुन तथा फैसला कार्यान्वयन शाखा | |
|---|---|
| उ.स.(कानुन) | –१ |
| शा.अ. | –१ |
| ना.सु. | –१ |
| | ३ |

| नीति, योजना तथा अनुगमन शाखा | |
|---|---|
| उ.स. | –१ |
| शा.अ. | –२ |
| अर्थशास्त्री | –१ |
| क.इन्जि | – १ |
| ना.सु. | – १ |
| | ६ |

### बैदेशिक रोजगार तथा अन्तराष्ट्रिय श्रम सम्वन्ध महाशाखा
सह–सचिव (रा.प.प्रथम श्रेणी)–१

| अन्तर्राष्ट्रिय श्रम सम्बन्ध तथा संघसंस्था अनुगमन शाखा | |
|---|---|
| उ.स. | –१ |
| शा.अ. | –३ |
| ना.सु. | – १ |
| | ५ |

| वैदेशिक रोजगार तथा श्रमसहचारी समन्वय शाखा | |
|---|---|
| उ.स. | –१ |
| शा.अ. | –२ |
| ना.सु. | –१ |
| **श्रम सहचारी** | |
| (रा.प.द्वि.) | –४ |
| (रा.प.तृ) | – ६ |
| | १४ |

| आप्रवासन कार्यक्रम समन्वय शाखा | |
|---|---|
| उ.स. | –१ |
| शा.अ. | –२ |
| | ३ |

### रोजगार समन्वय तथा श्रम सम्वन्ध महाशाखा

| श्रम सम्बन्ध, बालश्रम निवारण तथा सूचना शाखा | |
|---|---|
| व.का.नि (रा.प.द्वि.प्रा.) | –१ |
| शा.अ. | – २ |
| ना.सु. | – १ |
| | ४ |

| रोजगार तथा तालिम समन्वय शाखा | |
|---|---|
| उपसचिव | – १ |
| शा.अ. | – २ |
| ना.सु. | – १ |
| | ४ |

| दरवन्दी तेरिज | |
|---|---|
| सचिव | – १ |
| सहसचिव | – ३ |
| उपसचिव,प्र. | – ६ |
| उपसचिव लेखा | – १ |
| उपसचिव,प्रा. | – १ |
| उपसचिव (कानुन) | – १ |
| श्रम सहचारी (रा.प.द्वि.) | – ४ |
| श्रम सहचारी (रा.प.तृ.) | – ६ |
| शा.अ. | – १८ |
| ले.अ. | – १ |
| अर्थशास्त्री | – १ |
| कम्प्युटर ईन्जिनियर | – १ |
| कम्प्युटर अधिकृत | – १ |
| ना.सु. | – १२ |
| लेखापाल | – १ |
| कम्प्युटर अपरेटर | – ४ |
| टाईपिष्ट | – १ |
| ह.स.चा. | – ५ |
| का.स. | – १० |
| **कुल जम्मा दरवन्दी** | **७८** |

**क. अन्तरगतका विभागहरू:**

१.वैदेशिक रोजगार विभाग २. श्रम विभाग

**ख. विभिन्न मुलुकहरूमा रहेका श्रम सहचारीहरूको दरवन्दी:**

१. मलेशिया (प्रशासन, सा.प्र, रा.प.द्वि.)–१ २. साउदी अरव (प्रशासन, सा.प्र, रा.प.द्वि.)–१
३. कोरिया (प्रशासन, सा.प्र, रा.प.द्वि.)–१ ४. जापान (प्रशासन, सा.प्र, रा.प.द्वि.)–१
५. कतार (प्रशासन, सा.प्र, रा.प.तृ.)–१ ६. कुवेत (प्रशासन, सा.प्र, रा.प.तृ.)–१
७. युनाइटेड अरव इमिरेटस (प्रशासन, सा.प्र, रा.प.तृ.)–१ ८. ओमन (प्रशासन, सा.प्र, रा.प.तृ.)–१
९. इजरायल (प्रशासन, सा.प्र, रा.प.तृ.)–१ १०. हङ्कङ्ग (प्रशासन, सा.प्र, रा.प.तृ.)–१

## ६. मन्त्रालय अन्तर्गतका विभाग तथा आयोजनाहरु

१. मन्त्रालय

   क) मन्त्रालयबाट सञ्चालन गरिने साधारण कार्यक्रमहरु

   ख) बालश्रम निवारण सम्वन्धी कार्यक्रम

   ग) रोजगार प्रवर्द्धन कार्यक्रम

२. श्रम विभाग

   क) श्रम कार्यालयहरु (१० वटा)

   ख) रोजगार सूचना केन्द्रहरु (१४ वटा)

   ग) व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी आयोजना

३. वैदेशिक रोजगार विभाग

   अ) काठमाडौ कार्यालय

   - मलेशिया शाखा
   - कतार शाखा
   - साउदी शाखा

   आ) इ.पी.एस. शाखा कार्यालय

४. वैदेशिक रोजगार न्यायाधिकरण

५. व्यवसायिक तथा सीप विकास तालिम केन्द्रहरु (१६ वटा)

६. बालश्रम निवारण तथा सुधार आयोजना

७. सामाजिक सुरक्षा कोषको सचिवालय

८. वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड

## ७. २०७२।७३ को श्रम तथा रोजगार मन्त्रालय र मातहत निकायको बजेट

२०७२/७३ को बजेटको विवरण रू.हजार

| कार्यक्रम/कार्ययोजना | बजेट शिर्षक | बार्षिक बजेट |
|---|---|---|
| पहिलो प्राथमिकता (P1) | | |
| श्रम तथा रोजगार मन्त्रालय | ३७१०११ | ७८०३१ |
| वैदेशिक रोजगार विभाग | ३७१०१७ | ९७७८४ |
| श्रम विभाग | ३७१०१२ | २५३११ |
| श्रम कार्यालयहरु (१० वटा) | ३७१०१३ | १४४२७५ |
| रोजगार सूचना केन्द्रहरु (१४वटा) | ३७१०१६ | १६४६८ |
| व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी आयोजना | ३७११०३ | १२८९८ |
| व्यावसायिक तथा सीप विकास तालिम केन्द्र १५ | ३७११०४ | २६८३९८ |
| बालश्रम निवारण तथा सुधार आयोजना | ३७११०१ | ६२७४ |
| सामाजिक सुरक्षा कोष | ३७११०७ | २३४६३ |
| दोश्रो प्राथमिकता (P2) | | |
| रोजगार प्रवर्द्धन कार्यक्रम | ३७११०५ | ४१५२५४ |
| वैदेशिक रोजगार न्यायाधिकरण | ३७१०१८ | ९४९८ |
| कूल जम्मा | | १०९७६५४ |

**२०७२/७३ को वार्षिक विनियोजन र खर्च विवरण रू.हजार**

| कार्यक्रम/कार्ययोजना | बजेट शिर्षक | वार्षिक लक्ष्य | खर्च | वित्तिय प्रगति % | भौतिक प्रगति % |
|---|---|---|---|---|---|
| श्रम तथा रोजगार मन्त्रालय | ३७१०११ | ७८०३१ | ५३२१३ | ८५ | ८० |
| रोजगार सूचना केन्द्रहरु (१४वटा) | ३७१०१६ | १६४६८ | १५२३१ | ९३ | ९३ |
| वैदेशिक रोजगार न्यायाधिकरण | ३७१०१८ | ९४९८ | १००३८ | १०० | १०० |
| व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी आयोजना | ३७११०३ | १२८९८ | १०४५८ | ८१ | १०० |
| व्यावसायिक तथा सीप विकास तालिम केन्द्र १५ | ३७११०४ | २६८३९८ | २२१८९२ | ८३ | ९५ |
| वैदेशिक रोजगार विभाग | ३७१०१७ | ९७७८४ | ५९५९ | ७५ | ७७ |
| श्रम विभाग | ३७१०१२ | २५३११ | १७०४९ | ६७ | ६७ |
| श्रम कार्यालयहरु (१० वटा) | ३७१०१३ | १४४२७५ | ९८३२४ | ६८ | ६८ |
| रोजगार प्रवर्द्धन कार्यक्रम | ३७११०५ | ४१५२५४ | २८९२२ | ३१ | ५० |
| बालश्रम निवारण तथा सुधार आयोजना | ३७११०१ | ६२७४ | ४६७६ | ७२ | ७६ |
| सामाजिक सुरक्षा कोष | ३७११०७ | २३४६३ | १२५०६ | ७७ | ८५ |
| जम्मा | | १०९७६५४ | ४७८२६८ | ७६ | ८१ |

## ८. आ.व.०७२।७३ को श्रम तथा रोजगार मन्त्रालयर मतहत निकायहरुबाट सञ्चालित कार्यक्रमहरुको वार्षिक प्रगति प्रतिवेदन

१. आ.व. २०७२।०७३

२. मन्त्रालय/ क्षेत्रको नामः श्रम तथा रोजगार मन्त्रालय

३. मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को पछिल्लो बैठक बसेको मितिः २०७३।०५।०७ गते ।

४. पहिलो प्राथमिकता प्राप्त (P1) आयोजना/कार्यक्रमहरुको संख्याः- ९ वटा

५. दोश्रो प्राथमिकता प्राप्त (P2) आयोजना/कार्यक्रमहरुको संख्याः- २ वटा

६. ८० प्रतिशत वा सो भन्दा माथि प्रगति हासिल गरेका आयोजना/कार्यक्रमहरुको संख्या:- ५वटा

७. ५० प्रतिशतदेखि ७९.९९ प्रतिशतसम्म प्रगति हासिल गरेका आयोजना/कार्यक्रमहरुको संख्या:- ५ वटा

८. ५० प्रतिशत भन्दा कम प्रगति हासिल गरेका आयोजना/कार्यक्रमहरुको संख्या:- १ वटा ।

९. यस अवधिमा वार्षिक लक्ष्य नभएका आयोजना/कार्यक्रमहरुको संख्या:- नभएको ।

| क्र. स. | ब.शि.नं. | कार्यक्रम/ आयोजना | वार्षिक प्रगति स्थिति (%) | | यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु |
|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | |
| १ | २ | ३ | ७ | ८ | ९ |
| १. | ३७१०११ | श्रम तथा रोजगार मन्त्रालय | ८० | ८५ | • दिने वैदेशिक रोजगार सम्वन्धी चेतनामुलक/ अभिमुखीकरण/ अन्तरक्रिया कार्यक्रम स्याङ्जामा सम्पन्न ।<br>• वार्षिक (आवधिक) प्रगति समिक्षा गोष्ठी सम्पन्न ।<br>• नीतिगत सुधारका लागि श्रम तथा रोजगार मन्त्रालय र परराष्ट्र मन्त्रालय र अन्य निकायहरुको प्रतिनिधित्वमा मानव वेचविखन नियन्त्रण सम्वन्धी अन्य मुलुकबाट विदेश जाने कार्य रोक्ने सम्वन्धमा संयुक्त समितिको वैठक सम्पन्न ।<br>• एक दिने बजेट कार्यक्रम तर्जुमा कार्यशाला गोष्ठी सञ्चालन भएको ।<br>• श्रम कुटनीति प्रवर्द्धन कार्यक्रम अन्तर्गत ILO को वित्तिय सहयोगमा कार्य सम्पन्न भएको र ४ वटा कार्याविधी/निर्देशिका तयारी (केयरगिभर सम्बन्धी तालिम सञ्चाल सम्बन्धी कार्यविधि, श्रम सहचारी सम्बन्धी मापदण्ड, केयरगिभर पठाउने सम्बन्धी कार्यविधी, तालिम प्रदायक संस्थाको अनुगमन सम्बन्धी कार्यविधी ।)<br>• चौमासिक श्रम तथा रोजगार बुलेटिन २ वटा प्रकाशन भएको ।<br>• वैदेशिक रोजगार पठाउने संस्था इजाजतपत्रवाल संस्था (मेनपावर) तथा शाखा कार्यालयको अनुगमनको कार्य भएको ।<br>• वैदेशिक रोजगार जाने कामदारहरुलाई अभिमुखीकरण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | तालिम दिने संस्थाहरुको अनुगमन भएको ।<br>• प्रिफ्रेव भवन निर्माणका लागि सिंहदरवार पुनर्निर्माण आयोजनाबाट कार्य अगाडि बढाइएको । |
| २. | ३७१०१२ | श्रम विभाग | ६७ | ६७ | • ट्रेड यूनियन संघ ५ वटा दर्ता र ५८ वटा नविकरण र ट्रेड यूनियन महासंघ १ वटा नविकरण भएका ।<br>• निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड यूनियनको निर्वाचन सम्पन्न भएको ।<br>• डाटा इन्ट्री र डाटा कनेक्टभिटी कार्य सम्पन्न गरिएको ।<br>• २०७ वटा श्रम विवाद समाधन भएको ।<br>• श्रम कार्यालय र रोजगार सूचना केन्द्रहरको समिक्षा गोष्ठी भएको ।<br>• व्यवसायजन्य रोज निर्धारण सम्बन्धी अध्ययनको भएको ।<br>• जोखिमको आधारमा उद्योगको वर्गीकरण गर्न अध्ययन भएको ।<br>• डस्ट एक्स्पोजर सम्बन्धी मापदण्ड निर्धारण सम्वन्धी अध्ययन सम्पन्न भएको । |
| ३. | ३७१०१३ | श्रम कार्यालय | ६८ | ६८ | • स्थानियस्तरमा श्रम सम्वन्ध सुधारका लगि त्रिपक्षीय संयन्त्रको व्यवस्थापन कार्य १० वटा कार्यलयबाट सम्पन्न भएको ।<br>• स्थानीयस्तरमा सामूदायिक सौदावाजी सम्बन्धी गोष्ठी १० वटा सम्पन्न ।<br>• व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी स्थानीयस्तरमा जनचेतना अभिवृद्धि सम्बन्धी १० वटा कार्यक्रम सम्पन्न ।<br>• सूचना प्रकाशन तथा प्रचार प्रसार १० पटक भएको ।<br>• बुटवल, नेपालञ्ज, हेटैडा र पोखरामा श्रम कार्यालयको भवन निर्माण भैरहेको । |
| ४. | ३७१०१६ | रोजगार सूचना केन्द्रहरु | ९३ | ९३ | • उद्योग प्रतिष्ठानको रिक्त पदहरुको विवरण १४ केन्द्रबाट संकलन ।<br>• रोजगार सुचना केन्द्र वेरोजगार दर्ता गराउने र उद्योग प्रतिष्ठानहरु रहेको रिक्त पद दर्ता गराउने सम्बन्धि स्थानीय स्तरमा १४ केन्द्रबाट प्रचार प्रसार ।<br>• ९००५ जना वेरोजगारहरुको तथ्याङ्क संकलन<br>• १४ वटा केन्द्रमा वेव पेज व्यवस्थापन तथा सूचना प्रविधि कार्य भएको । |
| ५. | ३७१०१७ | वैदेशिक रोजगार विभाग | ७७ | ७५ | • वार्षिक प्रतिवेदन तयारी तथा छपाई सम्पन्न ।<br>• ठगी नियन्त्रण कार्यक्रम काठमाडौमा १ पटक सम्पन्न भएको ।<br>• अनुसन्धान तथा प्रवर्द्धन कार्यक्रम सम्पन्न भएको ।<br>• ४१८७१३ जनालाई पूर्व स्वीकृति प्रदान<br>• ११४११ लाई व्यक्तिगत श्रम स्वीकृति ( नयाँ)<br>• २५३६१ जनाको व्यक्तिगत श्रम स्वीकृति (वैधानिकरण) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • २१७२ वटा उजुरी तथा अनुसन्धान र २२६ वटा मुद्दा दायर<br>• दावी माग रकम रु.६९५०९६५०२ र विगो भराएको रकम रु. १०३६७८०८५<br>• ४०४९५३ जानाले अभिमुखीकरण तालिम लिएको ।<br>• इजरायलमा घरेलु कामदार पठाउनु MoU भई कामदार छनौट भई ५९ जना कामदार इजरायल प्रस्थान भएको ।<br>• EPS कोरियाको फारम भर्ने पद्धतिलाई Online लिने र CBT परिक्षा लिने तयारी गरिएको । |
| ६. | ३७११०४ | व्याबसायिक सीप बिकास तालिम केन्द्रहरु | ९५ | ८३ | • आधारभूत तालिम, आवासीय महिला तालिम, अपग्रेडिङ्ग तालिम, वैदेशिक एवं युवा स्वरोजगार सम्वन्धी (विशेष सीप विकास) तालिम कार्यक्रम संचालन गरी कुल ६१९६ जनालाई सीपमूलक तालिम दिईएको ।<br>• आवासीय महिला सीप विकास तालिम कार्यक्रम अन्तर्गत ६० जना महिलालाई तालिम दिइयो ।<br>• १८ जना हलिया तथा मुक्त कमैयाकालागि आवसिय जनरल मेकानिकल तालिम<br>• ११२१९ जना युवाहरुलाई वैदेशिक एवं युवा स्वरोजगार सम्बन्धी विशेष सीप विकास तालिम दिएको । |
| ७. | ३७११०३ | व्यबशायजन्य सुरक्षा तथा स्वा.सं.आ | १०० | ८१ | • पोखरा र विराटनगरमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य विषयक सामाजिक साझेदारहरुका लागि ४ दिने सहजकर्ता प्रशिक्षण सम्पन्न भएको ।<br>• कार्यस्थलमा खतराको पहिचान तथा जोखिमको मूल्याङ्कन (HIRA) विषयक तालिम केन्द्रमा सम्पन्न भएको ।<br>• व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य व्यवस्थापन सम्वन्धी दक्षता अभिवृद्धिमूलक १४ दिने तालिम केन्द्रमा सम्पन्न भएको ।<br>• हेटैडामा आपतकालीन तथा प्राथमिक उपचार विषयक ३ दिने तालिम सम्पन्न भएको।<br>• व्यायलर तथा प्रेसर भेसल संचालन तथा व्यवस्थापन सम्बन्धी ७ दिने तालिम केन्द्रमा सम्पन्न भएको<br>• खतरा तथा जोखिमपूर्ण कार्यको पहिचान विश्लेषण तथा न्यूनिकरण गर्ने सम्वन्धी अध्ययन अनुसन्धान सम्वन्धी कार्य सम्पन्न ।<br>• औद्योगिक दुर्घटना सम्वन्धी अध्ययन अनुसन्धान कार्यक सम्पन्न ।<br>• नेपालगञ्न र हेटैडामा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी क्षेत्रगत कार्यक्रम सम्पन्न भएको ।<br>• कार्यस्थलमा हानिकारक तत्वको नमूना संकलन र विश्लेषणको कार्य सम्पन्न भएको । |
| ८. | ३७११०७ | सामाजिक सुरक्षा कोषको सचिवालय | ५८ | ५९ | • समाजिक सुरक्षा सम्वन्धी जनचेतना अभिवृद्धिको लागि त्रिपक्षिय अन्तरक्रिया तथा गोष्ठी ८ पटक सम्पन्न।<br>• समाजिक सुरक्षा सम्बन्धी जनचेतना तथा प्रचार प्रसार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | १२ पटक भएको ।<br>• समाजिक सुरक्षासँग सम्बन्धी केन्द्रमा उच्च स्तरिय अन्तरक्रिया तथा गोष्ठी सम्पन्न।<br>• सामाजिक सुरक्षा विधेयक व्यवस्थापिका संसदमा दर्ता भएको । |
| ९. | ३७११०१ | बालश्रम निबारण आयोजना | ७६ | ७२ | • विराटनगर र चितवनमा जरी, इट्टा, ग्यारेज, होटल लगाएतका बालश्रम प्रयोग हुने क्षेत्रको संघन अनुगमन ५ पटक भएको ।<br>• औद्योगिक प्रतिष्ठान र चियावगानका कमर्मचारीहरु र मजदुरहरुको न्यूनतम पारिश्रमिक निर्धारण भएको ।<br>• बालश्रम पुर्नस्थापना कोष र बालश्रम निवाण कोष अनुदान निकासा भएको ।<br>• बालश्रम सम्वन्धी श्रव्य दृश्य कार्यक्रम सम्पन्न भएको । |
| १० | ३७११०५ | रोजगार प्रवर्द्धन कार्यक्रम ९उद्द० | ५० | ३१ | • Driving तालिम ४ जनालाई र English Language तालिम १९ जना कर्मचारीलाई प्रदान गरिएको ।<br>• झापा, मोरङ्ग , दाङ्ग का व्यावसायिक तथा सीप विकास तालिम केन्द र रोजगार सुरचना केन्द्रको अनुगम गरीएको ।<br>• धनकुटा, धरान, हेटौडा, बुटवल, पोखरा, नेपालगञ्ज र धनगढीमा स्थापित औद्योगिक क्षेत्रहरुमा अनुगन गरिएको ।<br>• सुरक्षित वैदेशिक रोजगार विषयमा २२ जनालाई तालिम प्रदान गरिएको ।<br>• जिविस ICC का २२ जनालाई तालिक प्रदान<br>• PCU र PMU को संयुक्त सहकार्यमा १८ जिल्लाका ४१ जना काउन्सेलरहरुलाई काठमाडौमा परामर्श सीप विकास सम्वन्धी तालिम प्रदान<br>• ३ जना श्रम सहचारी र ४ जना श्रम काउन्सेलरलाई ५ दिने आवसीय तालिम प्रदान<br>• २०००। प्रती सचेतनामूलक सामग्री प्रकाशन ।<br>• ६ वटा जिल्लामा अनुगमन<br>• राष्ट्रिय परियोजना समितिको वैठक- २ पटक<br>• वै.रोमा मध्यस्थता कानुन प्रक्रिया सम्वन्धी अध्ययन ।<br>• ३०० जना लाई रिटर्नी स्वयमसेवक परिचालन तालिम<br>• ४० जना लाई सामुदायिक समुह अभिमुखीकरण दिइयो<br>• १ पटक सामजिक परिचालक तथा अन्य स्थानीय कर्मचारीलाई अभमुखीकरण<br>• ९१ जना फर्किएर आएका महिला कामदारलाई काठमाडौमा आवास तथा अन्य सहयोग<br>• ३४० जनालाई व्यवसायिक शिपमूलक तालिम |
| ११ | ३७१०१८ | वैदेशिक रोजगार न्यायाधिकरण९उद्द० | १०० | १०० | • आ.व २०७२।७३ मा २३० वटा मुद्दा दर्ता भएकोमा ६० वटा मुद्दा फछ्यौंट भएको र १७० वटा मुद्दा फछ्यौंट हुन बाँकी ।<br>• दुई वर्ष अघि देखी जिम्मेवारी सरी आएका २०६ वटा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मुद्दा मध्ये १२५ वटा फछ्र्यौट भई ८१ वटा मुद्दा बाकी रहेको।<br>• यस आवमा बिगो रु. २८,३८,०७,३८२ फछ्र्यौट र जरीवाना रु.४,०६,७५,००० असुल भएको ।<br>• जिम्मेवारी सरी आएको २० वटा र आ.व.०७२।७३ १० वटा गरी जम्मा ३० वटा मुद्दा मुल्तवीमा रहेको ।<br>• आ.व.०७१।७२ को रु.२३२७८९१२ र आ.व.०७२।७३ को रु.२१५२५००० गरी जम्मा रु.४४८०३९१२ धरौटी प्राप्त भएकोमा आ.व.०७२।७३ को आषाढ मसान्त सम्म रु.१८२००० फिर्ता गरी रु.४२९८३९९२ धरौटी बाँकी रहेको ।<br>• आ.व.०७२।७३ को आषाढ मसान्त सम्म न्यायिक दस्तुरबाट रु.९७१७० र अन्यबाट रु.४००० गरी जम्मा राजश्व रु.१०११७० प्राप्त भएको ।<br>• आ.व.०७२।७३ को आषाढ मसान्त सम्म पुर्पक्षको लागि विदेशी १ समेत गरी जम्मा ११ जना र धरौटी दिन नसकि १९ जना गरि जम्मा ३० जना थुनामा रहेको ।<br>• वैदेशिक रोजगारको कसुरमा आ.व.०७२।७३ को आषाढ मसान्त सम्म २९ जना मध्ये २२ जना पुरुष र ७ महिला थुनामा रहेका छन्। |
| जम्मा | | | ८१ | ७६ | |

## NDAC को ३५ औं बैठकबाट भएका निर्देशनहरुको कार्यान्वयन

वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुका सीप सदुपयोग गराउन नसमिएकाले यस सम्बन्धमा श्रम तथा रोजगार मन्त्रालयले देहायबमोजिम व्यवस्था गर्नेः

क) श्रम तथा रोजगार मन्त्रालय र गृह मन्त्रालयले यस सम्बन्धमा समन्वय गरि त्रिभुवन विमानस्थलको आगमन कक्षमा अभिलेख राख्ने व्यवस्था तुरुन्तै प्रारम्भ गर्ने ।

**प्रगतिः-**

- व्यक्तिगत रुपमा विदेश गई फर्किएर आएका कामदारलाई त्रि.वि मै Arrival Desk स्थापना गरि अभिलेख राख्न गृह मन्त्रालय, अध्यागमन विभागसँग समन्वय गरिएको ।
- पुनः श्रम स्वीकृति दिने व्यवस्था गर्न गृह मन्त्रालय, अध्यागमन विभागसँग समन्वय गरि UFEMIS परिक्षणको रुफमा सञ्चालनमा ल्याइएको ।

ख) यस्ता व्यक्तिहरुलाई उनीहरुको इच्छा अनुसार आँफै व्यवसाय गर्न वा अन्य तरिकाबाट उनीहरुको क्षमता तथा सीपको सदुपयोग गर्न बजार पहुँचको व्यवस्था मिलाईदिने ।

प्रगतिः-रोजगार प्रवर्द्धन कार्यक्रम मार्फत वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको क्षमता तथा सीपको सदुपयोग गर्न उनीहरुलाई स्वयं सेवकको रुपमा परिचालन गरिएको ।

## NDAC को ३६ औं बैठकबाट भएका निर्देशनहरुको कार्यान्वयन

क) श्रम तथा रोजगार सूचना केन्द्रहरु प्रभावकारी हुन नसकेकाले श्रम तथा रोजगार मन्त्रालयले २ महिनाभित्र स्पष्ट कार्ययोजना सहित प्रभावकारी रुपमा रोजगारदाता र वेरोजगार व्यक्तिहरुबीच सूचना आदान प्रदान गर्न ती कार्यालयहरुलाई सुदृढ गरी परिचालन गर्ने ।

प्रगतिः- श्रम तथा रोजगार सूचना केन्द्रहरु प्रभावकारी बनाउन चालु आमा पूर्वाधार विकास लगायत .व. कमर्चारीको क्षमता अभिवृद्धि कार्यक्रम, उद्योग प्रतिष्ठनको रिक्त पदहरुको विवरण संकलन, वेरोजगार दर्ता गराउने र उद्योग प्रतिष्ठानहरुमा रहेको रिक्त पदहरु दर्ता गराउने सम्वन्धी स्थानिय स्तरमा प्रचार प्रसार गराउन् कार्यक्रमहरु समावेश गरिएको।

ख) विभिन्न निकायबाट सञ्चालित तालिममा दोहोरोपना रहेको र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम नीतिले तालिम कोष खडागरी सबै तालिमको श्रोत परिचालन र सञ्चालन गर्ने व्यवस्था गरेको सन्दर्भमा राष्ट्रिय योजना आयोगका शिक्षा हेर्ने माननीय सदस्यको संयोजकत्वमा शिक्षा, सचिवालयको शिक्षा हेर्ने सहसचिव सदस्य सचिव रहेको कार्यदल गठन गरी आगामी आ.व. मै सुधार गर्न सकिने विषयहरु २ हप्ताभित्र र अन्य विस्तृत नीतिगत तथा संस्थागत व्यवस्था सम्वन्धी सुझाव २ महिनाभित्र लिई कार्यान्वयन गर्ने ।

**प्रगतिः-** तालिममा रहेको दोहोरोपना हटाउने सम्वन्धमा प्राविधिक शिक्षा तथा व्यावसयिक तालिम केन्द्र र श्रम तथा रोजगार मन्त्रालय वीच समन्वयन भैरहेको ।

## मन्त्रालयस्तरिय विकास समस्था समानधान समितिको वैठकमा पछिल्लो वैठकभन्दा अघिको वैठकका निर्णयको कार्यान्वयन स्थितिः

१. प्रथम र दोश्रो चौमासिकमा विभिन्न कारणले सम्पन्न हुन नसकेका कार्यक्रमहरु तोश्रो चौमासिकमा निरन्तरता दिएर संपन्न गरिएको ।

## मिति २०७३।०५।०७ मा सम्पन्न मन्त्रालयस्तरिय विकास समस्था समानधान समितिको वैठकबाट पारित भएका निर्णयहरूः

१. श्रम तथा रोजगार मन्त्रालय र मातहतका निकायहरुको आ.व. २०७२।७३ को तेश्रो चौमासिक तथा वार्षिक कार्यक्रम कार्यान्वयनको प्रगति समीक्षा गरियो।

२. वेरुजुको फछ्र्यौटको अवस्था सन्तोष जनक देखिएकोले सम्वद्ध सवै पक्षलाई धन्यवाद दिदै नियमानुसार प्राप्त हुने पुरस्कार रकम उपलब्ध गराउने जानकारी गराइयो ।

३. रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत मुख्य क्रियाकलापको रुपमा रहेको वैदेशिक रोजगार विभागमा UFEIMS Software जडानको लागि Hardware को काम सम्पन्न भएतापनि सफ्टवेयरको Validation गरी म्याद थप गरी भुक्तानी दिन नसकिएकोले प्रगति कम भएको ।

४. कार्यक्रम र आयोजनाहरुको कार्यान्वयनको सन्दर्भमा देखापरेका समस्याहरु मध्ये मुख्य मुख्य समस्याहरू राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रस्तुत गर्ने निर्णय गरियो।

५. व्यावसायिक तथा सीप विकास तालीम कन्द्रमा रहेका विकास तर्फका अस्थायी कर्मचारीहरलाई पोशाक भत्ता उपलब्ध गराउन नीतिगत निर्णयकालागि पेश गर्ने ।

| | | |
|---|---|---|
| तयार गर्ने नाम,पद र दस्तखत<br>मितिः- | अनुगमन महाशाखा/शाखा प्रमुखको नाम,पद र दस्तखत<br>मितिः- | प्रमाणित गर्नेको नाम,पद र दस्तखत<br>मितिः- |

## आ.व.२०७२/७३ मा मन्त्रालयवाट भएका महत्वपुर्ण कार्यहरू र तिनको प्रगति अवस्थाः

- सामाजिक सुरक्षा कोष अन्तर्गत करिब २४६४ संगठित संस्थाहरु सामाजिक सुरक्षा करको दायरा भित्र आएका छन् । जसमध्ये ८२ प्रतिशत सरकारी क्षेत्र र १८ प्रतिशत गैरसरकारी क्षेत्र रहेको छ ।
- मातृत्व संरक्षण, दुर्घटना विमा, औषधोपचार विमा र विरामी विमा योजना जस्ता सामाजिक सुरक्षाका स्किमहरुको कार्यविधि तयार भएको छ ।
- बैदेशिक रोजगारीमा जाने कामदारहरुको लगत व्यवस्थित गर्न Foreign Employment Information Management System (FEMIS) तयार गरी कार्यान्वयनका लागि नेपाल राष्ट्र बैंक लगायत अन्य बाणिज्य बैंकसँग System link गर्ने कार्य भैरहेको छ ।
- इजाजतपत्रवाला र कामदार आफैं बैदेशिक रोजगार विभागमा उपस्थित भई गर्नुपर्ने करार गर्ने व्यवस्था ओमन जाने नेपाली कामदारको हकमा लागु भएको छ ।
- आर्थिक बर्ष२०७२।७३ को प्रथम आठ महिना सम्म बैंदेशिक रोजगारको सिलसिलामा निधन भएका ५४९ मृतकका परिवारलाई आर्थिक सहायता र ९७ जना विरामी एवं अंगभंग भएकालाई उपचार खर्च उपलब्ध गराएको छ ।

## ९. आ.व. २०७२।७३ को बजेटको नीति तथा कार्यक्रमहरुको कार्यान्वयन योजना

### श्रम तथा रोजगार मन्त्रालय

| बजेट बक्तव्यको बुदा नं. | नीति तथा कार्यक्रम | आ.व.०७२।७३ सम्मको प्रगति | कैफियत |
|---|---|---|---|
| ३५ | क्षतिग्रस्त संरचनाहरुकोपुनर्निर्माणका लागि सीप विकास  तालीम केन्द्रहरबाट आधारभूत विषयमा जिल्लातहमा नै ५० हजार युवाहरुलाई सिकर्मी,डकर्मी लगायत धारा तथा बिजुली सम्बन्धी तालीम प्रदन गर्ने । यस्तो सीप तथा ज्ञानको प्रमाणिकरण गर्ने । गैरसरकारी संस्थाहरुले सञ्चाल गर्ने यस्तो कार्यक्रमहरु पनि सीप विकास तालीम केन्द्रहरुबाटै मूल्याङ्कन गर्ने व्यवस्था मिलाउने । | • क्षतिग्रस्त संरचनाहरुकोपुनर्निर्माणका लागि आवश्यक प्रर्ने सीप लगायतका नियमित तालिमहरु सञ्चालन गरिएको । ९५३० जनालाई तालिम प्रदान गरिएको । | |
| १६५ | छरिएर रहेका सामाजिक सुरक्षाका सम्पूर्ण कार्यक्रमहरुलाई क्रमशः एकीकृत गरी एकै निकायबाट सञ्चालन गर्न सामाजिक सुरक्षाकोषको संस्थागत पुनःसंरचना गरी क्षमतामुक्त बनाउने । | • सामाजिक सुरक्षा विधयक २०७१ व्यवस्थापिका संसदमा दर्ता गरिएको । | |
| १७१ | शिक्षा,श्रम र उद्योग क्षेत्रमा आवश्यक पर्ने ७५ हजार जनशक्तिलाई सीप विकास गर्न छोटो अवधिको व्यावसायिक तालीम प्रदान गर्ने । | • १७४९३ जनालाई तालिम प्रदान गरिएको । | |
| २११ | नेपालको श्रम बजारमा आवश्यक पर्ने विदेशी श्रमशक्तिको विषयमा तीन महिना भित्र अध्ययन गर्ने । यस अध्ययनको निष्कर्षको आधारमा उपयुक्त नीति तय गरी प्रभावकारी नियमन गर्ने । विदेशी नागरिकलाई नेपालमा काम गर्न श्रम स्वीकृति लिनुपर्ने व्यवस्थालाई अनिवार्य गरी यसको अभिलेख अद्यावधिक बनाउने । | • नेपालमा काम गर्ने विदेशी नागरिकहरुको श्रम स्वीकृति सम्बन्धी अभिलेख काम्प्यूटराइज गरि राख्ने गरिएको । | |
| २१२ | बालश्रम विरुद्धको अन्तर्राष्ट्रिय प्रतिवद्धता कार्यान्वयन गर्दै यसको अनुगमन र उद्धार गरिएका बालश्रमिकहरुलाई सरकारी तथा | | |

| बजेट बक्तव्यको बुदा नं. | नीति तथा कार्यक्रम | आ.व.०७२।७३ सम्मको प्रगति | कैफियत |
|---|---|---|---|
| | सामुदायिक स्थानीय आवासीय विद्यालयहरुबाट शिक्षा दिलाउन आवश्यक व्यवस्था गर्ने । | | |
| २१३ | व्यावसायिक तथा सीप विकास तालीम केन्द्रलाई श्रमप्रधान कामकालागि आधारभूत तालीम केन्द्रको रुपमा विकास गर्ने । यसलाई परियोजना स्वरुपबाट श्रम तथा रोजगार मन्त्रालयको स्थायी सङ्गठन संरचनामा लग्ने । मुक्त कमैया, हलिया, कमलरी लगायतका पिछडिएका विभिन्न क्षेत्र र वर्गका युवाहरुलाई लक्षित गरी स्वरोजगारकालागि अभिप्रेरित गर्न विभिन्न विषयका सीपमूलक तालीमहरु सञ्चालन गर्ने । | • हलियाहरुलाई लक्षित गरी स्वोरोजगारका लागि सीप मूलक तालिम १८ जनाको लागि कार्यक्रम सञ्चालन गरिएको । | |

## १०. श्रम तथा रोजगार मन्त्रालय र अन्तर्गत निकायहरुको वेरुजु फछ्र्यौटको प्रगति विवरण

| निकाय | कूल वेरुजु | हाल सम्मको फछ्र्यौट | फछ्र्यौट प्रतिशत | बाँकी वेरुजु |
|---|---|---|---|---|
| श्रम तथा रोजगार मन्त्रालय | ६५३८ | ४२२३ | ६४.६ | २३१५ |
| वैदेशिक रोजगार विभाग र मातहत | ५१६५७ | ३७००० | ७१.६ | १४६५७ |
| श्रम विभाग र मातहत | ६५४२ | १३९७ | २१.४ | ५१४५ |
| वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड | ६५००१ | ४४०५० | ६७.८१ | २०९५१ |
| व्यावसायिक तथा सीप विकास तालिम केन्द्र | ३०१०७ | २४५७६ | ८१.६ | ५५३१ |
| सामाजिक सुरक्षा कोष | १२१५ | १०३९ | ८५.५ | १७६ |
| कूल जम्मा | १६१०६० | ११२२८५ | ६९.७२ | १६००८ |

## ११. तत्कालिन कार्य योजना (Immediate Action Plan)-२०७२

**उद्देश्यः श्रम सम्बन्ध सुधार, वैदेशिक रोजगारको व्यवस्थापन र आन्तरिक रोजगारी प्रवर्द्धन ।**

| क्र.स. | सुधारको क्षेत्र | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | वार्षिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. अन्तरिम व्यवस्थापन | | | | | | |
| १.१ | नेपालको संविधानमा भएको श्रम तथा रोजगार सम्वन्धित प्रावधानहरुलाई कार्यान्वयन गर्न आवश्यक नीतिगत, कानूनी प्रक्रियागत तथा संगठनात्मक व्यवस्था मिलाउने । | मन्त्रालय/विभाग | सम्बन्धित शाखा/महाशाखा | १ वर्षभित्र | नेपालको संविधानमा भएको श्रम तथा रोजगार सम्वन्धित प्रावधानहरुलाई कार्यान्वयन गर्न वैदेशिक रोजगार ऐन, २०६४ को संशोधनको लागि मयौदा तयार गरिएको । | |
| १.२ | संघिय ढाँचा अनुरुपको ३ तहको कार्य सूची र सहवर्ती अधिकार बमोजिम पुनःसंरचना गर्ने, तदनुरुपको जनशक्ति तथा क्षमता विकास योजना तयार गरी कार्यान्वयन गर्ने । | मन्त्रालय/विभाग | सम्बन्धित शाखा/महाशाखा | १ वर्षभित्र | संघिय ढाँचा अनुरुपको संस्थागत संरचना सिफारिस गर्न सह सचिवको संयोजकत्वमा गठित समितिले प्रतिवेदन तयार गरी सम्वन्धित निकायमा पेश गरेको । | |
| १.३ | बैदेशिक रोजगार नीति,२०६८ लाई समयानुकूल परिमार्जन तथा संशोधन गर्ने । | श्रम तथा रोजगार मन्त्रालय | बिषयगत मन्त्रालय | १ बर्ष | राष्ट्रिय रोजगार नीति, २०७१ राजी गरिएको । | |
| १.४ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी नीति तर्जुमा गर्ने । | मन्त्रालय/विभाग | सम्बन्धित शाखा/महाशाखा | ६महिनाभित्र | कार्य स्थालको प्रकास र ध्वनी (Noise र Light) सम्बन्धी मापदण्ड स्वीकृत भएको । | |

| क.स. | सुधारको क्षेत्र | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | वार्षिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|
| २. सार्वजनिक सेवा प्रवाह | | | | | | |
| २.१ | स्वीकृत दरबन्दी अनुसार रिक्त श्रम सहचारी पद ८ को पदपूर्ति गर्ने (द. कोरिया-१ साउदी अरब-२ कतार-२ युएई-१ बहरायन-१ मलेसीया-१) । | श्रम तथा रोजगार मन्त्रालय | परराष्ट्र मन्त्रालय | १ महिना | पदपूर्ति गरिएको । | |
| २.२ | न्यून लागतमा कामदार पठाउन प्रमुख गन्तव्य मुलुकसंग नयाँ श्रम संझौता गर्ने/नविकरण गर्ने र Free Visa र Free ticket को व्यवस्था लागूभई कामदार पठाउने इजाजत पत्रावाला संस्थाको अनुगमन प्रभावकारी बनाउने । | श्रम तथा रोजगार मन्त्रालय,परराष्ट्र मन्त्रालय, वैदेशिक रोजगार विभाग/ बैदेशिक रोजगार प्रवर्द्धन वोर्ड | इजाजत पत्रवाला संस्था, वैदेशिक रोजगार व्यवसायीक संघ/ महासंघ | ३ महिना | यूएई, कतार, वहरायन, दक्षिण कोरिया, ईजराइल र जापान संग श्रम संझौता भएको र मलेशिया, साउदी अरव, जोर्डन र लेपनानसँग श्रम संझौता गर्ने कार्य प्रकृयामा रहेको । Free Visa र Free ticket को व्यवस्थालाई प्रभावकरी बनाउन अनुगमन कार्य जारी रहेको । | |
| २.३ | व्यक्तिगत रुपमा विदेश गई फर्केर आएका कामदारहरुलाई त्रि.विमानस्थलमै Arrival Desk स्थापना गरी अभिलेख राख्ने र पुनःश्रम स्वीकृति दिने व्यवस्था मिलाउने । | श्रम तथा रोजगार मन्त्रालय | वैदेशिक रोजगार विभाग, परराष्ट्र मन्त्रालय,गृह मन्त्रालय | ६ महिना | आगामी आ.व. ०७३।७४ को बजेट तथा कार्यक्रममा Arrival Desk स्थापना गर्ने क्रियाकलाप समावेश गरिएको । | |
| २.४ | स्तरोन्नतियुक्त एकीकृत वैदेशिक रोजगार सूचना प्रणाली (UFEMIS) लागु गरी वैदेशिक रोजगार सम्बन्धी | श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार | सामी परियोजा | ६ महिना | FEIMS (Foreign Employment Information Management System) परिक्षणको रुपमा प्रयोगमा ल्याइएको । | |

| क.स. | सुधारको क्षेत्र | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | वार्षिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|
| | कार्यप्रणाली (वैदेशिक रोजगारीका लागि जाने र आउने दुवैको) र अभिलेख प्रणालीलाई सरलीकृत र पारदर्शी वनाइने । | विभाग | | | | |
| २.५ | इजरायलमा काम गर्न सरकारी तवरबाट पहिलो चरणमा ३०० जना नेपाली कामदारलाई सरकार-सरकार बिचको संम्झौताबाट पठाईने । | वैदेशिक रोजगार विभाग | परराष्ट्र मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय | ६ महिना | इजरायलमा काम गर्न सरकारी तवरबाट पहिलो चरणमा ५८ जना नेपाली कादारहरुको पठाइएको । | |
| २.६ | नेपालमा काम गर्ने विदेशी कामदारहरुको अनुगमन,अनिवार्य श्रम स्वीकृति प्रदान र अभिलेख व्यवस्थापन गर्ने । | श्रम तथा रोजगार मन्त्रालय र श्रम विभाग | श्रम विभाग, श्रम कार्यालयहरु, बाल कल्याण समिति | १ वर्ष | ५८४ जनालाई श्रम स्वीकृति प्रदान गरिएको र ४३६ जनाको श्रम स्वीकृति नविकरण गरिएको र नेपालमा काम गर्ने विदेशी नागरिकहरुको श्रम स्वीकृति सम्बन्धी अभिलेख काम्प्यूटराइज गरी राख्ने गरिएको । | |
| २.७ | वैदेशिक रोजगार न्यायाधिकरणमा दर्ता हुने तथा दर्ता भएका र फैसला भएको मुद्दाहरुको कम्प्यूटर पद्धतिमा अभिलेखिकरण गर्न software बनाउने । | वैदेशिक रोजगार न्यायाधिकरण | श्रम तथा रोजगार मन्त्रालय | ६ महिना | | |
| २.८ | बैदेशिक रोजगारमा जाने संभावित १० | श्रम तथा रोजगार | बिभिन्न तालिम | | तालिम सञ्चालन भैरहेको । | |

| क.स. | सुधारको क्षेत्र | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | वार्षिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|
| | हजार कामदारका लागि तालिम प्रदान गर्ने । | मन्त्रालय,बैदेशिक रोजगार प्रबर्धन बोर्ड । | केन्द्रहरु | | | |
| २.९ | कार्यसम्पादन करारको व्यवस्थालाई कार्यान्वयन गर्ने गराउने । | सम्बन्धित महाशाखा | सम्बन्धित शाखा | १ वर्ष भित्र | | |
| २.१० | प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन २०७० अनुरुप कार्ययोजना बनाई कार्यान्वयन गर्ने । | सम्बन्धित महाशाखा | सम्बन्धित शाखा | निरन्तर | | |
| २.११ | वेरुजु फछ्र्यौट अभियानलाई प्राथमिकताका साथ संचालन गर्ने । | सम्बन्धित महाशाखा | सम्बन्धित शाखा | निरन्तर | कुल वेरुजु अंक रु ११२२८५ हजारको ६९.७२ % फछ्र्यौट भएको | |
| २.१२ | सरुवा मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्न लगाउने । | सम्बन्धित महाशाखा | सम्बन्धित शाखा | निरन्तर | सरुवा मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइएको । | |
| २.१३ | लेखपढ गर्न नसक्ने कामदारहरुको व्यक्तिगत श्रम स्वीकृतिका लागि निशुल्क फारम भर्ने व्यवस्था गर्ने । | वैदेशिक रोजगार विभाग, काठमाडौ कार्यालय | वैदेशिक रोजगार विभाग | ३ महिनाभित्र | | |
| **३. पुनः निर्माण** | | | | | | |
| ३.१ | मन्त्रालयको भवन निर्माण गर्ने । | श्रम तथा रोजगार मन्त्रालय | सिंहदरबार पुनः निर्माण आयोजना | १ वर्ष भित्र | सिंहदरवार पुनः निर्माण आयोजनाले भवन निर्माणका लागि कार्य आरम्भ गरेको । | |
| ३.२ | पुनःनिर्माणको कार्यमा सघाउ पुर्‍याउनका लागि अर्धदक्ष कामदार | व्या.तथा सीप वि.ता केन्द्र | श्रम तथा रोजगार | ६ महिना | उल्लेखित विषयमा १७४९३ जना प्रशिक्षार्थीलाई तालिम प्रदान | |

| क्र.स. | सुधारको क्षेत्र | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | वार्षिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|
| | सीकर्मी, डकर्मी, प्लम्वर, इलोक्ट्रिसियन, टायल एण्ड मार्वल फिक्सीङ लगाएतका तालिम संचालन गर्ने । | | मन्त्रालय | | गरिएको । | |
| | | सामान्य प्रशासन मन्त्रालयमा रहेको PREPARE आयोजनाबाट भइरहेको कार्यात्मक विश्लेषण (Functional Analysis) लाई आधार मानेर क्षेत्रगत निकायले विद्यमान एकात्मक स्वरुपको | श्रम तथा रोजगार मन्त्रालय सम्वन्धी प्रतिवेदन तयार गरी सामान्य प्रशासन मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा | कार्य सम्पन्न | | | |

| क्र. स. | निर्णय मिति | सम्वन्धित विषयहरु | प्रगति भएका निर्णयहरु | प्रगतिको अवस्था | प्रगति हुन नसकेका निर्णहरु | प्रगति हुन नसकन्नुका कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | संघीयकरण एवं प्रशासनिक पुनर्संरचनामा ध्यान दिने। | पठाएको । | | | | |
| ८ | २०७२/१२/१५ | नेपाल सरकारका मन्त्रालय तथा निकायहरुसँग विभिन्न विषयमा माग गरिएका राय/परापर्श सम्बन्धित मन्त्रालय/निकायबाट समयमै उपलब्ध गराउन नसक्दा महत्वपूर्ण निर्णयहरुमा विलम्ब हुने हुदा यसरी माग गरिएको राय/परामर्श दिनु पर्ने निकायले अर्को सात दिन सम्म पनि उपलब्ध नगराएमा सहमती रहेको मानी कार्य अघि वढाउने । | विभिन्न विषयमा यस मन्त्रालय र अन्तर्गतका निकायहरुसँग माग गरिएका राय/परामर्शहरु ७ दिन भित्रै उपलब्ध गराउने गरिएको । | कार्य सम्पन्न | | | |
| | | वर्तमान सरकारको ६ महिनाको कार्य प्रगति अवस्थाको विवरण सबै मन्त्रालय/निकायले आगामी २०७२ चैत्र १८ गतेभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आइपुग्ने गरि अनिवार्य रुपमा पठाउने । | वर्तमान सरकारको ६ महिनाको कार्य प्रगति अवस्थाको विवरण मिति २०७२।१२।१७ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइसकिएको। | कार्य सम्पन्न | | | |
| | | आगामी आ.व. को बजेट तथा कार्यक्रम | अर्थ मन्त्रालयबाट प्राप्त बजेट | कार्य | | | |

| क्र.स. | निर्णय मिति | सम्वन्धित विषयहरु | प्रगति भएका निर्णयहरु | प्रगतिको अवस्था | प्रगति हुन नसकेका निर्णहरु | प्रगति हुन नसकनुका कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | तर्जुमा गर्दा अधुरा आयोजना तथा कार्यक्रम सम्पन्न गर्ने तर्फ ध्यान दिई सोही बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्ने/गराउने । | सिलिङ्ग र मार्गदर्शन अनुसार अधुरा आयोजना तथा कार्यक्रम सम्पन्न गर्ने तर्फ ध्यान दिदै आगामी आ.व. २०७३।७४ को बजेट तथा कार्यक्रम अर्थ मन्त्रालयमा पेश गरिएको । | सम्पन्न | | | |
| | | पूँजिगत खर्च प्रगति अत्यन्त न्यून अवस्थामा रहेको देखिदा सबै मन्त्रालय/निकायहरुले आ-आफ्नो मातहतका कार्यक्रमहरु प्रभावकारीताका साथ कार्यान्वयन गरि खर्च अभिवृद्धि गराउने तर्फ विशेष पहल गर्ने । सो को मासिक प्रगति प्रधामन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत पठाउने । | पूँजीगत खर्च वृद्धिका लागि यस मन्त्रालय र अन्तर्गतका निकायहरुले कार्यक्रम कार्यान्वयन कार्ययोजना तालिका तयार गरी सो अनुसार कार्यक्रम सञ्चालन गर्ने गरेको । | कार्य सम्पन्न | | | |
| | | सम्मानित सर्वोच्च अदालतबाट भएका फैसला कार्यान्वयन अवस्था सन्तोषजनक नरहेको देखिएकोले सबै निकायले यसतर्फ विषेश सक्रियता देखाई कार्यान्वयन | फैसला कार्यान्वयनको कार्य निरन्तर हुने गरेको । | कार्य सम्पन्न | | | |

| क्र.स. | निर्णय मिति | सम्वन्धित विषयहरु | प्रगति भएका निर्णयहरु | प्रगतिको अवस्था | प्रगति हुन नसकेका निर्णहरु | प्रगति हुन नसकनुका कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | गर्ने/गराउने व्यवस्था मिलाउने । | | | | | |
| | | सबै मन्त्रालय/निकायहरुले आफु र मातहत निकायमा रहेको बेरुजु फछ्यौंट गर्नेतर्फ तुरुन्त क्रियाशिलता अवलम्बन गर्ने । | यस मन्त्रालय र अन्तर्गतका निकायहरुमा रहेको वेरुजु फछ्यौंटको प्रतिशतमा निरन्तर वृद्धि भएको । (आ.व ०७२।७३ को सुरुमा कुल रु. १६,१०,६०,००० रहेकोमा ६२% वेरुजु फछ्यौंट भएको । | कार्य सम्पन्न | | | |
| ९ | २०७३/०१/६ | मन्त्रालय तथा निकायहरुको कार्यसम्पादन सूचकमा समयमा प्रतिवेदन गर्ने (Timely Reporting) विषयलाई समेत सूचकमा समावेश गर्ने व्यवस्था मिलाउने । | मन्त्रालय तथा निकायहरुको कार्यसम्पादन सूचकमा समयमा प्रतिवेदन गर्ने व्यवस्था निरन्तर भैरहेको र उक्त व्यवस्थालाई आगामी आ.व. देखी सूचकमा नै समावेश गर्ने व्यवस्था गरिएको । | कार्य सम्पन्न | | | |
| | | संघीयता कार्यान्वयन तथा प्रशासन पुनर्संरचना सम्बन्धमा सम्माननीय | संघीयता कार्यान्वयन तथा प्रशासन पुनर्संरचना समन्वय | कार्य सम्पन्न | | | |

| क्र.स. | निर्णय मिति | सम्वन्धित विषयहरु | प्रगति भएका निर्णयहरु | प्रगतिको अवस्था | प्रगति हुन नसकेका निर्णहरु | प्रगति हुन नसकनुका कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रधानमन्त्रीज्यूको अध्यक्षतामा रहेको संघीयता कार्यान्वयन तथा प्रशासन पुनर्संरचना निर्देशक समिति तथा मुख्य सचिवज्यूको अध्यक्षतामा रहेको संघीयता कार्यान्वयन तथा प्रशासन पुनर्संरचना समन्वय समितिबाट गर्नु पर्ने नीतिगत निर्णय तथा निर्देशन भएमा सो सम्बन्धी विषय पठाउने व्यवस्था मिलाउने । | समितिबाट भएका नीतिगत निर्णय पठाउने कार्य सम्पन्न भएको । | | | | |
| | | संघीयता कार्यान्वयन तथा प्रशासन पुनर्संचना सम्बन्धी मौजुदा अवस्थाको जानकारी (Stock taking) को लागि माग गरिएको विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने । | संघीयता कार्यान्वयन तथा प्रशासन पुनर्संचनाको सम्बन्धी मैजुदा अवस्थाको जानकारी पठइसकिएको छ । | कार्य सम्पन्न | | | |
| | | परामर्शदाताको रुपमा क्षेत्रगत/विषयगत विज्ञ नियुक्ति गर्दा अनुभव र क्षमता हेरी सचिव/सहसचिवको मातहतमा रहने गरी व्यवस्था गर्ने । | परामर्शदाताको रुपमा क्षेत्रगत/विषयगत विज्ञ नियुक्ति सोही अनुसार गर्ने गरिएको छ । | कार्य सम्पन्न | | | |
| | | सम्माननीय राष्ट्रपतिज्यूको व्यवस्थापिका संसद समक्ष प्रस्तुत गर्नुहुने नेपाल सरकारको नीति तथा कार्यक्रमको लागि | आगामि आ.व. २०७३।७४ को लागि व्यवस्थापिका संसद समक्ष प्रस्तुत गरिने | कार्य सम्पन्न | | | |

| क्र. स. | निर्णय मिति | सम्वन्धित विषयहरु | प्रगति भएका निर्णयहरु | प्रगतिको अवस्था | प्रगति हुन नसकेका निर्णहरु | प्रगति हुन नसकनुका कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | माग गरिएको विवरण ३ (तीन) दिन भित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा तोकिएको ढाँचामा पठाउने । | यस मन्त्रालय अन्तर्गतको नेपाल सरकारको नीति तथा कार्यक्रम पठाइ सकिएको छ । | | | | |
| | | पुँजीगत खर्चको अवस्था सन्तोषजनक नदेखिएको सन्दर्भमा खर्चको प्रगति बढाउन सम्बन्धित सचिवहरुले विशेष पहल गर्ने । साथै, आ.व. को अन्त सम्म जिल्लास्थित कार्यालय तथा आयोजना प्रमुखहरुको सरुवा नगर्ने । | यस मन्त्रालयको पुँजीगत खर्च दोश्रो चौमासिक अवधि सम्म २७ प्रतिशत पुगेको र मन्त्रालयको सम्पन्न हुन बाँकी कार्यक्रमहरु आगामी तेश्रो चौमासिक अवधिमा सम्पन्न गर्न मतहतका निकायहरुलाई निर्देशन गरी पुँजीगत खर्च बढाउन पहल गरिएको । | कार्य सम्पन्न | | | |
| १० | २०७३/२/१२ | जिल्लास्थित कार्यालयहरुले वार्षिक विकास सम्वन्धि कार्यक्रमको चौमासिक र वार्षिक प्रगति सिमक्षा गर्दा अनिवार्य रुपमा हेलो सरकारका निर्देशनहरुको प्रगतिको समेत समीक्षा गर्ने व्यवस्था मिलाउने । यसका लागि आ-आफ्ना | श्रम तथा रोजगार मन्त्रालय र मातहत निकायहरुको चौमासिक/बार्षिक समिक्षा र हेलो सरकारका निर्देशनहरुको प्रगति समेतको समिक्षा गर्ने गिएको । | कार्य सम्पन्न | | | |

| क्र.स. | निर्णय मिति | सम्वन्धित विषयहरु | प्रगति भएका निर्णयहरु | प्रगतिको अवस्था | प्रगति हुन नसकेका निर्णहरु | प्रगति हुन नसकनुका कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | क्षेत्रीय निर्देशनालय तथा मातहतका कार्यालय/निकायहरुलाई निर्देशन दिने । | | | | | |
| | | मन्त्रिपरिषद्मा पठाउने प्रस्तावको गुणात्मक तथा एकरुपता होस् भन्ने उद्देश्यले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट भएको परिचयपत्र बमोजिमको Checklist को आधारमा प्रस्ताव पेश गर्ने पर्नेमा अझै यसको पूर्ण परिपालना गर्नुपर्ने भएकाले अब उप्रान्त प्रस्ताव पठाउँदा यसलाई गम्भिर रुपमा ध्यान दिने । | मन्त्रिपरिषद्मा पठाउने प्रस्तावहरु श्रम तथा रोजगार मन्त्रालयबाट पेश गर्दा तोकीएको checklist बमोजिम प्रस्ताव पेश गर्ने गरिएको । | कार्य सम्पन्न | | | |
| | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गरेको हाजिरी छड्के सन्दर्भमा कतिपय मन्त्रालय तथ केन्दीय निकायहरुको विद्युतिय हाजिरी मेसिन विग्रेको, हाजिरी अध्यावधिक नगिएको तथा हाजिरी भएर पनि कर्मचारीको भौतिक उपस्थिति नरहेको जस्ता समस्याहरु देखिएकोले यस विषयमा सुधार ल्याउने । | श्रम तथा रोजगार मन्त्रालयको विद्युतिय हाजिरी मेसिन चालु रहेको, हाजिरि रेकर्ड अध्यावधिक रहेको र कर्मचारी नियमित रुपमा उपस्थित रही कार्यरत रहेको । | कार्य सम्पन्न | | | |

| क्र. स. | निर्णय मिति | सम्वन्धित विषयहरु | प्रगति भएका निर्णयहरु | प्रगतिको अवस्था | प्रगति हुन नसकेका निर्णहरु | प्रगति हुन नसकनुका कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | मन्त्रिपरिषद्मा पेश भई निर्णय हुने र कानूनमा उल्लेख भएको प्रावधान बमोजिम हुने निर्णयका अतिरिक्त विषयगत मन्त्रालय अन्तर्गतका सार्वजनिक निकायमा हुने नियुक्तिको निर्णयलाई दिगो एवं एकरुपता कायम गर्न विषयगत मन्त्रालयले मापदण्ड बनाई नियमानुसार स्वीकृति गरी गराई कार्यान्वयन गर्ने । | श्रम तथा रोजगार मन्त्रालय अन्तर्गतको वैदेशिक रोजगार प्रवर्द्धन वोर्डमा सदस्यहरुको नियुक्ति गर्दा नियमानुसार तोकिएको मापदण्ड बमोजिम नियुक्ति गर्ने गरिएको । | कार्य सम्पन्न | | | |

## १५. आ.व. २०७३।७४ को वार्षिक कार्यक्रमको प्रतिफल सूचक

| व.उ.शि.नं. | कार्यक्रम/आयोजना | प्रमुख प्रतिफल | आ.व.०७३/७४ मा सञ्चालन हुने क्रियाकलाप |
|---|---|---|---|
| ३७११०१ | बालश्रम निवारण तथा सुधार आयोजना | ➢ चेतनायुक्त वातावरण सृजना भइ बालश्रम न्युनिकरण तथा बालबालिकाको अवस्थामा सुधार हुने । | ➢ केन्द्रिय श्रम सल्लाकार समिति/बालश्रम निवारण समिति लगायतका समितिहरुको वैठक व्यवस्थापन<br>➢ निकृष्ट प्रकारको बालश्रम निवारण सम्बन्धी कार्याशाला गोष्ठि<br>➢ बालश्रम गुरूयोजना कार्यान्वियन समन्वय र अनुगमन<br>➢ न्यूनतम पारिश्रमिक निर्धारणका लागि वैज्ञानिक मापदण्ड निर्माण<br>➢ प्रस्तावित श्रम ऐन कार्यान्वयन सम्बन्धी कार्य<br>➢ बालश्रम निवारण कोषमा अनुदान र निवारण कोष सञ्चालन सम्बन्धी निर्देशिका/ कार्यविधी/नियमावली निर्माण ।<br>➢ गैर सरकारी सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु, धार्मिक संघ संस्थाहरुलाई दिइने अनुदान ।<br>➢ बालश्रम पुनस्थापन कोषमा अनुदान<br>➢ अनुगमन मुल्यांकन । |
| ३७११०३ | व्यावसायजन्य सुरक्षा तथा स्वास्थ्य आयोजना | ➢ प्रतिष्ठानहरूमा सुरक्षित र स्वास्थ्यकर वातावरण कायम गर्न सघाउ पुगेको हुने । | ➢ संस्थागत सुदृढीकरण<br>➢ कामदार तथा कर्मचारीहरुका लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी दक्षता अभिवृद्धिमूलक १४ दिने प्रशिक्षण ।<br>➢ सरकारी कर्मचारीहरुलाई व्यवसायजन्य सुरक्षा तथा स्वास्थय सम्बन्धि ३ दिने तालिम ।<br>➢ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य विषयक सामाजिक साझेदारहरुका |

| व.उ.शि.नं. | कार्यक्रम/आयोजना | प्रमुख प्रतिफल | आ.व.०७३/७४ मा सञ्चालन हुने क्रियाकलाप |
|---|---|---|---|
| | | | लागि ४ दिने प्रशिक्षण ।<br>➢ कार्यस्थलमा खतराको पहिचान तथा जोखिमको मूल्यांकन(HIRA) विषयक तालिम ।<br>➢ व्यायलर तथा प्रेशर भेसल संचालन तथा व्यवस्थापन सम्वन्धी ७ दिने तालिम ।<br>➢ आपतकालीन तथा प्राथमिक उपचार विषयक ३ दिने तालिम ।<br>➢ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी क्षेत्रगत Assessment कार्यक्रम (Intervention)<br>➢ कार्यस्थलमा हानिकारक तत्वको नमूना संकलन र विश्लेषण<br>➢ राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सप्ताह कार्यक्रम<br>➢ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य फोकल प्वाईन्ट संग अन्तक्रिया<br>➢ कपडा उद्योगमा भएको खतरा तथा जोखिमपूर्ण कार्यको पहिचान, विश्लेषण तथा न्यूनिकरण सम्वन्धि अध्ययन अनुसन्धान<br>➢ अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन |
| ३७११०४ | व्यावसायिक तथा सीप विकास तालीम | ➢ २०१२८ जना सीपयुक्त श्रमशक्ति तयार हुने । | ➢ आधारभुत ६ महिने सीपमुलक तालीम<br>➢ सीप विकास तालीम (मेसन, टयल फिक्सिङ्ग, कार्पेन्टर, इलोक्ट्रिकल)<br>➢ आवासीय महिला सीप विकास तालीम<br>➢ वैदेशिक रोजगार तथा युवास्वरोजगारमुलक तालीम<br>➢ पाठ्यक्रम विकास र परिमार्जन |
| ३७११०५ | रोजगार प्रबर्द्धन कार्यक्रम | ➢ आन्तरिक रोजगारी प्रबर्द्धनमा सघाउ | ➢ पुंजीगत अनुसन्धान तथा परामर्श, IT System Upgrade |

| व.उ.शि.नं. | कार्यक्रम/आयोजना | प्रमुख प्रतिफल | आ.व.०७३/७४ मा सञ्चालन हुने क्रियाकलाप |
|---|---|---|---|
| | | पुग्ने ।<br>➢ वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित वनाउने वातावरण सृजना हुने । | ➢ विभिन्न सचेतनामुलक कार्यक्रम, तालीम र प्रशिक्षण<br>➢ सूचना तथा परामर्श सेवाकेन्द्र स्थापना<br>➢ चेतनामुलक अन्तरक्रिया कार्यक्रम<br>➢ व्यावसायिक सीपमुलक तालीम<br>➢ रेडियो कार्यक्रम<br>➢ सरकारी निकायवाट सञ्चालित सीपमुलक तालीमको अभिलेखिकरण<br>➢ सीप तथा प्रविधि सहितको रोजगारी सृजना<br>➢ सीपमुलक तालीम प्रदायक सरकारी निकायको छाता संगठनका लागि अध्ययन<br>➢ सीपमुलक तालीमको प्रभावकारीता अध्ययन<br>➢ सरकारी र निजीक्षेत्रका प्रतिष्ठान तथा प्राथमिकता प्राप्त आर्थिक क्षेत्रमा आवश्यक जनशक्तिको अनुमान र विकासका लागि अध्ययन<br>➢ रोजगार नीतिको कार्यान्वयन कार्ययोजना तयारी<br>➢ तालीम प्राप्त दलित महिला विपन्नलाई वस्तुगत अनुदान |
| ३७११०७ | सामाजिक सुरक्षा कोष | ➢ योगदानमा आधारित सामाजिक सुरक्षाका योजनाहरू कार्यान्वयनमा आउने । | ➢ सामाजिक सुरक्षा सम्बन्धि जनचेतना अभिवृद्दीको लागि त्रिपक्षीय अन्तरक्रिया तथा गोष्ठी<br>➢ सुचना तथा सन्देशमूलक सामाग्री मुद्रण तथा प्रकाशन (ब्रोसर, बुकलेट, नेपाली र अग्रेजी दुवै)<br>➢ सामाजिक सुरक्षाको अवधारणासँग सम्बन्धित पक्षलाई जानकारी उपलब्ध गराउनका लागि पत्रपत्रिका, सञ्चार माध्यम मार्फत |

| व.उ.शि.नं. | कार्यक्रम/आयोजना | प्रमुख प्रतिफल | आ.व.०७३/७४ मा सञ्चालन हुने क्रियाकलाप |
|---|---|---|---|
| | | | व्यापक प्रचारप्रसार<br>➢ सामाजिक सुरक्षासँग सम्बन्धित केन्द्रमा उच्चस्तरीय अन्तरक्रिया तथा गोष्ठी<br>➢ वार्षीक प्रतिवेदन तयारी तथा छपाई<br>➢ संघिय संरचनामा सामाजिक सुरक्षा कोषको संस्थागत तथा नितिगत व्यवस्थापनको लागि प्रदेश स्तरमा बहस कार्यक्रम संचालन गर्ने<br>➢ समाजिक सुरक्षा दिवस<br>➢ सामाजिक सुरक्षा सम्बन्धि रणनिति तयार तथा परिमार्जन<br>➢ सामाजिक सुरक्षासँग सम्बन्धित विभिन्न सरकारी, गैर सरकारी संघसस्था, बैक, बीमा कम्पनीसँग सहकार्य गर्ने<br>➢ योगदानकर्ताको परिचयपत्र वितरण सम्बन्धि अध्ययन/ कार्यान्वयन<br>➢ सामाजिक सुरक्षासँग सम्बन्धित नियमावली तयारी तथा परिमार्जन गर्न<br>➢ सामाजिक सुरक्षा योजनाहरूको सम्वन्धमा स्थानीय स्तरका सरोकारवालाहरूलाइ जानकारी उपलव्ध गराउन स्थानीय निकायका प्रतिनिधीहरूका लागी आवश्यक तालिम एवं अन्तर्क्रिया एवम् गोष्ठि |
| ३७१०११ | श्रम तथा रोजगार मन्त्रालय | ➢ श्रम प्रशासन प्रभावकारी रूपमा सञ्चालन हुने ।<br>➢ राष्ट्रिय रोजगार नीति स्वीकृत भइ कार्यान्वयन कार्ययोजना वन्ने । | ➢ १ दिने बैदेशिक रोजगार सम्बन्धी चेतनामुलक/ अभिमुखिकरण/ अन्तरक्रिया<br>➢ वैदेशिक रोजगार सम्बन्धी सचेतनामूलक गोष्ठी गर्ने<br>➢ बजेट तर्जुमा सम्वन्धी अनुशिक्षण वैठक<br>➢ चौमासिक /वार्षिक (आवधिक) प्रगति |

| व.उ.शि.नं. | कार्यक्रम/आयोजना | प्रमुख प्रतिफल | आ.व.०७३/७४ मा सञ्चालन हुने क्रियाकलाप |
|---|---|---|---|
| | | ➢ प्रमुख गन्तव्य मुलुकसंग श्रम संझौता हुने ।<br>➢ असल श्रम सम्बन्ध र उच्चतम रोजगारी दिने प्रतिष्ठानलाइ सम्मान गरिएको हुने । | समीक्षा गोष्ठी<br>➢ बेरुजू फस्यौंट सम्वन्धी कार्यशाला गोष्ठी<br>➢ चौमासिक श्रम तथा रोजगार बुलेटिन प्रकाशन<br>➢ अन्तर्राष्ट्रिय श्रम संगठनमा पठाउने प्रतिवेदनको अध्ययन तथा तयारी कार्य<br>➢ (Ratify भएका तथा नभएका दुबैंको लागी)<br>➢ अन्तराष्ट्रिय श्रम संगठनबाट पारित भएका नेपालले अनुमोदन गर्न बाँकी<br>➢ अभिसन्धी तथा सूझावहरुको अध्ययन कार्य<br>➢ बैदेशिक रोजगारमा पठाउने संस्था इजाजतप्राप्तवाला संस्था (मेनपावर) तथा शाखा कार्यालयको अनुगमन<br>➢ बैदेशिक रोजगारीमा जाने कामदारहरुलाई अभिमुखीकरण तालिम दिने संस्थाहरुको अनुगमन<br>➢ द्विपक्षिय श्रम संझौता तयारी एवं प्राविधिक समितिको भ्रमण<br>➢ श्रम कुटनीति प्रवर्द्धन (MoU सम्बन्धी कार्य) मलेसिया, साउदि अरव, कुवेत, जापान, इजरायल, बहराइन, ओमान<br>➢ संघिय संरचना बमोजिम ऐन नीयमावली तर्जुमा<br>➢ वैदेशिक रोजगारमा जाने कामदरहरुको विवरण सहितको Smart Card |
| ३७१०१२ | श्रम विभाग | ➢ बालश्रमिक उद्धार भएको हुने ।<br>➢ श्रम विवाद समाधानको प्रयास तथा समाधान भइ | ➢ बालश्रम सम्वन्धि जनचेतना कार्यक्रम<br>➢ श्रम वुलेटिन प्रकाशन<br>➢ मे दिवश र बालश्रम विरुद्धको विश्व दिवश मनाउने<br>➢ श्रम सम्वन्धी सूचनाहरु, ट्रेड युनियन |

| व.उ.शि.नं. | कार्यक्रम/आयोजना | प्रमुख प्रतिफल | आ.व.०७३/७४ मा सञ्चालन हुने क्रियाकलाप |
|---|---|---|---|
| | | असल श्रम सम्बन्ध कायम भएको हुने ।<br>➢ श्रम वजारका संभावनाको खोजी भएको हुने । | दर्ता नविकरण तथा अन्य सूचनाहरु प्रकाशन<br>➢ व्यवसायजन्य रोग निर्धारण सम्वन्धि अध्ययन<br>➢ श्रम स्विकृति सम्वन्धि अध्ययन<br>➢ उद्य्योगको कार्यस्थलको जोखीमको पहिचान, विश्लेषण र न्यूनिकरण गर्ने उपाय सम्वन्धी अध्ययन ।<br>➢ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्वन्धी आयोजनाको प्रभाव मूल्याङ्कन ।<br>➢ बैदेशिक रोजगारबाट फर्केका श्रमीकको अवस्था अध्ययन<br>➢ संस्थागत सुदूढीकरण<br>➢ केन्द्रीय श्रम सल्लाहाकारको वैठक संचालन तथा अन्य वैठक संचालन<br>➢ बालश्रम निरिक्षण तथा अनुगमन कार्यक्रम<br>➢ वेभहोस्ट अद्यावधिक, डाटा इन्ट्री, ईन्टरनेट सेवा र डाटा कनेक्टीभिटी<br>➢ श्रम विवाद समाधान<br>➢ श्रम कार्यालय र रोजगार सूचनाकेन्द्रहरुको समिक्षा गोष्ठी<br>➢ सामुहिक सौदाबाजी सम्वन्धि त्रीपक्षीय गोष्ठी<br>➢ कारखाना निरिक्षण<br>➢ गैर नेपाली नागरिकहरुको अनुगमन<br>➢ नेपालभरि उद्यौगको संख्या,प्रकार,किसीम र स्थान र त्यस्ता उद्यौगहरुमा कति कामदार छन् विवरण अध्यावधिक गर्ने<br>➢ अनौपचारिक क्षेत्रमा रहेका कामदारहरुको पन्जिकरण गर्ने |

| व.उ.शि.नं. | कार्यक्रम/आयोजना | प्रमुख प्रतिफल | आ.व.०७३/७४ मा सञ्चालन हुने क्रियाकलाप |
|---|---|---|---|
| | | | ➢ रोजगार विनिमय सेवा प्रनाली सम्वन्धि अन्तरक्रिया कार्यक्रम |
| ३७१०१३ | श्रम कार्यालयहरू | ➢ ५ वटा श्रम कार्यालयहरूको आफ्नै पूर्वाधार विकास हुने ।<br>➢ स्थानीय स्तरमा श्रम सम्बन्ध सुधारका लागि त्रिपक्षीय संयन्त्र विकास र व्यवस्थापन सामुहिक सौदावाजीबाट विवाद व्यवस्थापन भएको हुने । | ➢ सूचना प्रकाशन तथा प्रचार प्रसार<br>➢ स्थानियस्तरमा श्रम सम्वन्ध सुधारका लागि त्रिपक्षीय संयन्त्रको<br>➢ व्यवस्थापण तथा संचालन<br>➢ स्थानीयस्तरमा सामूदाहिक सौदावाजी सम्वन्धी गोष्ठी<br>➢ व्यवसायहन्य सुरक्षा तथा स्वास्थ्य सम्वन्धी स्थानीयस्त्मा जनचेतना<br>➢ अभिबुद्धी सम्वन्धी गोष्ठी<br>➢ भवन सम्भार डिभिजन कार्यालय मार्फत सीप विकास तालीम केन्द्र र श्रम कार्यालयहरुको ४ वटा (बुटवल, नेपालगञ्ज, पोखरा र हेटैडा ) संयुक्त भवन निर्माण |
| ३७१०१६ | रोजगार सूचना केन्द्रहरू | ➢ बेरोजगारहरूको सूचना संकलन भएको हुने ।<br>➢ प्रतिष्ठानहरूमा रिक्त पदको विवरण संकलन र प्रकाशन हुने ।<br>➢ सूचना केन्द्रहरूको वेबपेज अद्यावधिक भइ व्यवस्थापन भएको हुने । | ➢ सूचना प्रकाशन तथा प्रचार प्रसार<br>➢ उद्योग प्रतिष्ठानको रिक्त पदहरुको विवरण संकलन<br>➢ रोजगार सूचना केन्द्रमा वेरोजगारी दर्ता गराउने र उद्योग प्रतिष्ठानहरु रहेको रिक्त पद दर्ता गराउने सम्वन्धी स्थानीयस्तरमा प्रचार प्रसार गर्ने<br>➢ रोजगार सूचना केन्द्रमा संकलित वेरोजगारहरुको लगत सम्वन्धी प्रतिवेदन<br>➢ तयारी एवं छपाई<br>➢ वेभ पेज व्यवस्थापण तथा सूचना प्रविधि सम्वन्धी कार्य<br>➢ कार्यक्रम अनुगमन, मूल्यांकन र अभिलेखन खर्च |
| ३७१०१७ | वैदेशिक रोजगार विभाग | ➢ वैदेशिक रोजगार सुरक्षित मर्यादित र | ➢ सूचना प्रकाशन तथा प्रचार प्रसार<br>➢ प्रेस भेटघाट |

| व.उ.शि.नं. | कार्यक्रम/आयोजना | प्रमुख प्रतिफल | आ.व.०७३/७४ मा सञ्चालन हुने क्रियाकलाप |
|---|---|---|---|
| | | व्यवस्थित हुने तर्फ अगाडि वढ्ने ।<br>➢ विभिन्न प्रकारका ठगीमा नियन्त्रण भएको हुने ।<br>➢ वैदेशिक रोजगार सूचना केन्द्रवाट सूचना तथा परामर्श प्राप्त भइ लक्षित समूह सुरक्षित हुने । | ➢ वार्षीक प्रतिवेदन तयारी तथा छपाई<br>➢ अनुसन्धान तथा प्रवर्द्धन कार्यक्रम<br>➢ ठगी नियन्त्रणा गर्ने |
| ३७१०१८ | वैदेशिक रोजगार न्यायाधिकरण | ➢ वैदेशिक रोजगारीमा भएको ठगीवाट राहत प्राप्त भएको हुने ।<br>➢ वैदेशिक रोजगारीका सन्दर्भमा भएको ठगीका उजुरी उपर कारवाही किनारा भएको हुने । | ➢ अनुगमन मुल्याङ्कन<br>➢ मेशिनरी औजार खरिद |

# खण्ड “ख”
# मन्त्रालयको कार्यविधि/निर्देशिका

# वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सुचीकरण, नविकरण तथा अनुगमनसम्वन्धी कार्यविधि, २०७२

वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाको सूचीकरण, नविकरण रनियमित अनुगमन तथा निरीक्षणसम्वन्धी कार्यलाई प्रभावकारी, पारदर्शि, नियमित र व्यवस्थित गरी स्वास्थ्य परीक्षणको गुणस्तरमा सुनिस्चितता प्रदान गरी उनीहरुको हक हितको संरक्षण तथा प्रवर्द्धन गर्न वाञ्छनीय भएकाले,

वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२क. ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो कार्यविधि वनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नविकरण तथा अनुगमन सम्वन्धी कार्यविधि, २०७२" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमास

(क) “ऐन” भन्नाले वैदेशिक रोजगार ऐन, २०६४सम्भन्नु पर्छ ।

(ख) “नियमावली” भन्नाले वैदेशिक रोजगार नियमावली, २०६४सम्भन्नु पर्छ ।

(ग) “स्वास्थ्य संस्था” भन्नाले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न मन्त्रालयवाट सूचीकृत र नविकरण भईरहेको स्वास्थ्य संस्था सम्भन्नुपर्छ ।

(घ) “मन्त्रालय” भन्नाले श्रम तथा रोजगार मन्त्रालयसम्भन्नु पर्छ ।

(ङ) “विशेषज्ञ समिति” भन्नाले नियमावलीको नियम ४६ वमोजिम गठित समिति सम्भन्नु पर्छ ।

(च) “सचिवालय” भन्नाले नियमावलीको नियम ४६ को उपनियम (६) वमोजिमकोविशेषज्ञ समितिको सचिवालयसम्भन्नु पर्छ ।

(छ) “संस्था” भन्नाले स्वास्थ्य मन्त्रालय वा अन्तर्गतवाट सञ्चालन स्वीकृति प्राप्त स्वास्थ्य संस्था सम्भन्नु पर्छ ।

(ज) “सार्वजनिकिकरण” भन्नाले राष्ट्रिय स्तरको पत्रपत्रिकामा सूचना प्रकाशित गरिनु सम्भन्नु पर्दछ । सो शव्दले मन्त्रालय वा विभागको वेभसाईटमा सूचना प्रकाशित गरिनु समेतलाई जनाउनेछ ।

## परिच्छेद २
## सूचिकरण र नविकरण सम्वन्धी व्यवस्था

३. **सूचिकरणका लागि निवेदन माग गर्न सक्ने** : (१) वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न चाहने नेपाल सरकारवाट स्वीकृति प्राप्त संस्थाले मन्त्रालयमा सूचिकृत भई स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचिकरण नगरी वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गरेको पाइएमा त्यस्तो स्वास्थ्य संस्था, त्यसका संचालक, कर्मचारी र अन्य सम्वन्धित व्यक्ति वा पदाधिकारीलाई प्रचलित कानून बमोजिम कानूनी कारवाहीका लागि सम्वन्धित निकायमा लेखी पाठाईनेछ ।

(३) उपदफा (१) बमोजिम सूचिकृत हुनको लागियो कार्यविधि लागु भएको मितिले प्रत्येक २ (दुई) वर्षमा तीस दिनको समय दिई सार्वजनिक सूचना मार्फत निवेदन माग गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन दिन चाहने संस्थाले निवेदन साथ देहायका कागजात र विवरण खुलाईसचिवालयमा पेश गर्नु पर्ने छ स

(क) स्वास्थ्य मन्त्रालय वा अन्तर्गतवाट प्राप्त संचालन स्वीकृती प्रमाणपत्रको प्रतिलिपी,
(ख) सञ्चालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
(ग) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी,
(घ) अघिल्लो आर्थिक वर्षकोस्थायी लेखा प्रमाणपत्रको प्रतिलिपी,
(ङ) संस्थाको प्रवन्धपत्र तथा नियमावलीको प्रतिलिपी,
(च) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन प्रतिलिपी,
(छ) अघिल्लो आर्थिक वर्षकोकर चुक्ताप्रमाणपत्रको प्रतिलिपी,
(ज) संस्थाको नाम, ठेगाना, इमेल, फोन नं. तथा सञ्चालकको नाम,थर सहितको मोवाईल नं. खुलेको पत्र,
(झ) जनशक्तिको विवरण (प्याथोलोजिष्ट, नर्स, रेडियोलोजिष्ट, जनरल मेडिकल डाक्टर समेत अन्य कर्मचारी),
(ञ) घर भाडामा लिई संस्था सञ्चालन गरिएको भए कम्तिमा दुई वर्षका लागि घर भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपी,
(ट) अनुसूची १ मा उल्लेखित मापदण्ड पूरा गरिएको छ भन्ने संस्थाले स्वयं घोषण गरेको पत्र, र
(ठ) सूचनामा उल्लेख भएका निवेदन दस्तुर सहितको अन्य विवरण ।

(५)उपदफा (४) बमोजिम निवेदन प्राप्त भएको १५ दिन भित्र अनुसूची १ बमोजिमको मापदण्ड पूरा गरे नगरेको सम्वन्धमा आवश्यक जाँच वुझ गरी प्रतिवेदन पेश गर्नका लागि विशेषज्ञ समिति समक्ष पठाईनेछ ।

(६) विशेषज्ञ समितिले मनासिव माफिकको समय भित्र आवश्यक जाँच वुझ गरी मापदण्ड पूरा गरेका संस्थालाई सूचिकृत गर्नका लागि मन्त्रालय समक्ष सिफारिश गर्नेछ ।

(७) उपदफा (६) बमाजिम सिफारिश प्राप्त भएको १५ दिन भित्र मन्त्रालयले यस कार्यविधि बमोजिम रित पुगेका संस्थालाई मन्त्रालयले तोके बमोजिमको रकम जम्मा गराई सूचीकरण गरी अनुसूची २ बमोजिमको प्रमाणपत्र प्रदान गर्नेछ ।

(८) सचिवालयले उपदफा (७) बमोजिम सूचिकरण भएका संस्थाको नामावली सहितको विवरण सार्वजनिकिकरण गर्नेछ ।

(९) सचिवालयले यस कार्यविधि बमोजिम सूचिकृत हुन नसकेका संस्थाको सूचिकृत हुन नसकेको कारण सहितको विवरण सार्वजकिकरण गर्नेछ ।

(१०) स्वास्थ्य संस्था जुनसुकै मितिमा सूचिकृत भएको भए तापनि सो आर्थिक वर्षको पौष मसान्तसम्मका लागि मात्र सुचिकृत भएको मानिनेछ ।

४. **<u>नविकरण सम्वन्धी व्यवस्था</u>** : (१) स्वास्थ्य संस्थाले प्रत्येक आर्थिक वर्षको पौष १ गतेदेखि पौष मसान्त सम्म नविकरणको लागि सचिवालयमा निवेदन दिन सक्नेछन् । विशेष कारण परी सो समय भित्र निवेदन दिन नसकेमा सो को कारण खुलाई स्वास्थ्य संस्थाले थप १५ दिन भित्र नविकरणको लागि निवेदन दिन सक्नेछ । त्यस्तो थप समय भित्र निवेदन दिने संस्थाले शुरु रकमको दोव्वर रकम जम्मा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा देहाय बमोजिमको कागजात र विवरण पेश गर्नुपर्नेछ

(क) सूचिकरण प्रमाणपत्रको प्रतिलिपी ।
(ख) अघिल्लो आर्थिक वर्षको नविकरण भएको भए सो प्रमाणपत्रको प्रतिलिपी ।
(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

(घ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी ।

(ङ) स्वास्थ्य मन्त्रालय वा अन्तर्गतवाट प्राप्त संस्था सञ्चालन स्वीकृतिको प्रमाणपत्र र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी,

(च) नाम वा ठेगाना परिवर्तन गरेको भए सम्वन्धित निकायवाट सो को स्वीकृति प्राप्त गरेको पत्रको प्रतिलिपी, र

(छ) मन्त्रालयले ताके बमोजिमका अन्य विवरण ।

(३) उपदफा (२) बमोजिम निवेदन दिंदा मन्त्रालयले ताकेको रकम वरावरको वैंक भौचर समेत संलग्न हुनु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम परेका निवेदन उपर मन्त्रालयले आवश्यक छानविन गरी निवेदन दिएको एक महिना भित्र नविकरण गरी अनुसूची ३ बमोजिमका प्रमाणपत्र दिनेछ ।

(५) उपदफा (४) बमोजिम नविकरण भएका र छानविनवाट नविकरण हुन नसकेका स्वास्थ्य संस्थाको नामावली सहितको विवरण सार्वजनिकिकरण गरिनेछ। उक्त विवरणमा नविकरण हुन नसकेका स्वास्थ्य संस्था नविकरण हुन नसक्नुको कारण समेत संलग्न हुनेछ ।

(६) उपदफा (५) बमोजिम नविकरण नभएका स्वास्थ्य संस्थाहरुको सूचिकरणलाई विशेषज्ञ समितिको सिफारिशमा मन्त्रालयले खारेज गर्न सक्नेछ ।

(७) सूचिकरण खारेज गर्नुभन्दा अगावै सात दिनको समय दिई सफाईको मौका प्रदान गरिनेछ। उक्त सफाई सन्तोषजनक भएमा सूचिकरण खारेज नगरी नविकरणको लागि सात दिनको समय दिई यस कार्यविधि बमोजिम नविकरण गरी सम्वन्धित निकाय तथा स्वास्थ्य संस्थालाई जानकारी दिईनेछ ।

५. **नविकरण सम्वन्धि विशेष व्यवस्था** : (१)यो कार्यविधि लागु हुँदाका वखत मन्त्रालयमा सूचीकृत भई नविकरण हुन नसकेका तर सूचिकरण खारेज नभएका स्वास्थ्य संस्थाले यो कार्यविधि लागु भएको १५ दिन भित्र दफा ४ को उपदफा (२) बमोजिमको कागजात र मन्त्रालयले तोकेको रकम वा सो वरावरको वैक भौचर समेतसंलग्न राखी मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने स्वास्थ्य संस्थाको यस कार्यविधि बमोजिम नविकरण गर्न सकिनेछ ।

## परिच्छेद – ३
## अनुगमन तथा निरीक्षण सम्वन्धी व्यवस्था

६. **अनुगमन तथा निरीक्षण** : (१) ऐन, नियमावली र यस कार्यविधि बमोजिम सूचिकृत एवं नविकरण भएका स्वास्थ्य संस्थाको मन्त्रालय वा विशेषज्ञ समितिले जुनसुकै समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(२) अनुगमन तथा निरीक्षण गर्दा यस कार्यविधिमा उल्लेखित कागजात र विवरण, विधि र प्रकृया तथा अनुसूची १ को मापदण्ड अनुरुप भए नभएको, वैदेशिक रोजगारमा गएका कामदारको स्वास्थ्य परीक्षण गरेको विवरणको अभिलेख, लेखा सम्वन्धी अभिलेख दुरुस्त भए नभएको तथा संलग्न जनशक्ति उपस्थित रहे नरहेको समेत अन्य सम्वन्धितविषयमा अनुगमन तथा निरिक्षण गरिनेछ ।

(३) अनुगमन तथा निरीक्षण गर्न खटि आउने टोलीलाई सम्वन्धित स्वास्थ्य संस्थाले आवश्यक कागजात तथा विवरण उपलव्ध गराउनुका अतिरिक्त अन्य आवश्यक सहयोग गर्नुपर्नेछ ।

(४) अनुगमन तथा निरीक्षण गर्न वाधा व्यवधान गरेमा त्यस्तो कार्यमा संलग्न स्वास्थ्य संस्थालाई अनुगमन तथा निरीक्षण टोलिको प्रतिवेदनका आधार र विशेषज्ञ समितिको सिफारिशमा मन्त्रालयले सूचिकरणवाट हटाउन सक्नेछ ।

(५) अनुगमन तथा निरीक्षण गर्दा उपदफा (२) मा उल्लेखित अवस्था नभए नरहेको पाईएमा उपदफा (४) को प्रकृया अपनाई त्यस्तो स्वास्थ्य संस्थालाई मन्त्रालयले सूचिकरणबाट हटाउन सक्नेछ ।

(६) सूचिकरण खारेज गर्नु अघि सूचिकरणवाट हटाउनु नपर्ने कुनै कारण भए सो को कारण सहित स्पष्टिकरण दिन सम्वन्धित स्वास्थ्य संस्थालाई ७ दिनको समय दिई स्पष्टिकरण पेश गर्ने मौका दिईनेछ ।

(७) उपदफा (६) बमोजिम पेश भएको स्पष्टिकरण सन्तोषजनक नभएमा सो स्वास्थ्य संस्थाको सूचिकरण विशेषज्ञ समितिको सिफारिशमा मन्त्रालयले हटाउनेछ ।

(८) अनुगमन तथा निरिक्षण गर्दा उपदफा (२) मा उल्लेखित अवस्थामा तात्विक फरक नपर्ने कमी कमजोरी पाइएमा त्यस्तो स्वास्थ्य संस्थालाई वैदेशिक रोजगारमा जाने नेपाली कामदारको स्वास्थ्य परीक्षण गर्न रोक लगाई कमी कमजोरी सुधार गर्न विशेषज्ञ समितिको सिफारिशमा मन्त्रालयले मनासीव समय दिन सक्नेछ र कमजोरी सुधार गरेमा कामकारवाही गर्न फुकुवा गर्न सक्नेछ ।

## परिच्छेद – ४
## ठाउँसारी, स्वामित्व र नाम परिवर्तन सम्वन्धी व्यवस्था

७. **ठाउँसारीको जानकारी गराई अनुगमन गराउने पर्ने** : (१)स्वास्थ्य संस्थाले एक ठाउँवाट अर्को ठाउँमा ठाउँसारी गर्नु परेमा सम्वन्धित निकायवाट स्वीकृति लिई ठाउँसारी गरेको ७ (सात) दिन भित्र सचिवालयलाई जानकारी गराई ठाउँसारीको स्वीकृतिपत्रसहित अनुगमनका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि विशेषज्ञ समितिले ठाउँसारी गरेको स्वास्थ्य संस्थाको अनुसूचि १ बमोजिमको मापदण्ड बमोजिम भए नभएको सम्वन्धमा अनुगमन तथा निरिक्षण गर्नुपर्नेछ ।

८ . **स्वामित्व परिवर्तनको जानकारी गराउनु पर्ने** : स्वास्थ्य संस्थाको सञ्चालक र शेयरधनी परिवर्तन गरेमा सात दिन भित्र सो परिवर्तनको विवरण सहितको जानकारी सचिवालयमा दिनु पर्नेछ ।

९. **नाम परिवर्तनको जानकारी गराउने पर्ने** : स्वास्थ्य संस्थाले आफ्नो नाम परिवर्तन गराएमा नाम परिवर्तन गरेको प्रमाणपत्र सहितसचिवालयमा जानकारी गराउनु पर्नेछ ।

१०. **सूचिकरण खारेज गर्न सक्ने** : दफा ७, ८ र ९ बमोजिम नगरेको पाइएमा मन्त्रालयले त्यस्तो स्वास्थ्य संस्थाको सूचिकरण विशेषज्ञ समितिको सिफारिशमा खारेज गर्न सक्नेछ ।

## परिच्छेद ५
## विशेषज्ञ समिति सम्वन्धी व्यवस्था

११. **उजुरी उपरको छानविन** : (१) विशेषज्ञ समितिको वैठक सामान्यतया हप्ताको एक पटक वस्ने छ ।

(२) नियमावलीको नियम ४६ख. बमोजिम वैदेशिक रोजगारमा जाँदा र फिर्ता हुँदा लागेको खर्च भराई पाउनको लागि परेको निवेदन माथी छानविन गर्न सचिवालयले विशेषज्ञ समितिको वैठकमा पेश गर्नेछ ।

(३) विशेषज्ञ समितिले आफैं वा विशेषज्ञको उपसमितिवाट आवश्यक छानविन गरी ऐनको दफा ७२ को उपदफा (२) बमोजिम वैदेशिक रोजगारमा गएको व्यक्तिलाई जानी जानी वा लापरवाहीपूर्वक वा वदनियतसाथ गलत स्वास्थ्य परीक्षण प्रतिवेदन दिएको हो होईन भन्ने सम्वन्धमा निवेदन परेको मितिले १० दिनभित्र निर्णय गर्नेछ ।

(४) उपदफा (३) बमोजिम विशेषज्ञ समितिले वैदेशिक रोजगारमा गएको व्यक्तिलाई विदेश जाँदा र फिर्ता हुँदा लागेको खर्च भराई दिने निर्णय गरेमा सो निर्णय भएको मितिले १५ दिनभित्र सो खर्च सम्वन्धित स्वास्थ्य परीक्षण प्रतिवेदन जारी गर्ने संस्थावाट भराई दिन लेखि पठाउनेछ ।

(५) उपदफा (४) बमोजिम लेखि आएकोमा सम्वन्धित स्वास्थ्य संस्थाले सात दिनभित्र उक्त रकम भराई नदिएमा विशेषज्ञ समितिको सिफारिशमा सो संस्थाको सूचिकरण हटाई आवश्यक कानूनी कारवाहीका लागि सम्वन्धित निकायमा लेखि पठाईनेछ ।

## परिच्छेद ६
## विविध

१२. **सूचिकरणवाट हटाउने र कानूनी कारवाहीको लागि लेखि पठाउने** : देहायको अवस्थामा स्वास्थ्य संस्थालाई सूचिकरणवाट हटाई त्यसका सञ्चालक, कर्मचारी र अन्य सम्वन्धित व्यक्ति वा पदाधिकारीलाई प्रचलित कानून वमोजिम कानुनी कारवाहीका लागि सम्वन्धित निकायमा लेखी पठाईनेछ ।

(क) वैदेशिक रोजगारमा जाने नेपाली कामदार स्वास्थ्य संस्थामा उपस्थित नभई स्वास्थ्य परीक्षणको प्रतिवेदन वनाएको पाइएमा,

(ख) वैदेशिक रोजगारमा जाने कामदारको तोकिए बमोजिमका सवै विषयमा स्वास्थ्य परीक्षण नगरेका पाइएमा,

(ग) प्रत्येक दिनको स्वास्थ्य परीक्षण प्रतिवेदनको विवरण वैदेशिक रोजगार विभाग र मन्त्रालयको अनलाई सिस्टममा नपठाएको पाइएमा,

(घ) वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण प्रतिवेदन र अन्य अभिलेख एक वर्षसम्म सुरक्षित नराखेको पाइएमा,

(ङ) स्वास्थ्य परीक्षण गरेको चौमासिक प्रतिवेदन सचिवालयमा पेश नगरेको पाइएमा,

**स्पष्टिकरण** : खण्ड (ग), (घ) र (ङ) एक महिना पश्चात  लागु हुनेछ ।

१३. **स्पष्टिकरणको मौका दिईनुपर्ने** : यस कार्यविधिको ठाउँठाउँमा उल्लेख भए अनुसार स्वास्थ्य संस्थालाई सूचिकरणवाट हटाउँदा वा खारेज गर्दा सो गर्नु अघि हटाउनु वा खारेज गर्नु नपर्ने कुनै कारण भए सो को स्पष्टिकरण दिन सम्वन्धित स्वास्थ्य संस्थालाई सात दिनको समय दिईनेछ ।

१४. **वैठक र अनुगमन निरीक्षण भत्ता** : विशेषज्ञ समितिको वैठक भत्ता र स्वास्थ्य संस्था अनुगमन निरिक्षण गर्न जाने अनुगमन टोलीको भत्ता नियमानुसार हुनेछ ।

१५. **मापदण्डको संशोधन** : विशेषज्ञ समितिले अनुसूची १ बमोजिमको मापदण्ड आवश्यक्तानुसार संशोधन गर्न सक्नेछ ।

१६. **वाधा अडकाउ फुकाउने** :  यो कार्यविधि कार्यान्वयनमा द्विविधा वा अस्पष्ट हुन गएमा वाधा अडकाउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ ।

१७. **निर्देशन दिन सक्ने** : स्वास्थ्यसंस्थाहरुको अनुगमन तथा निरीक्षण वा यस कार्यविधिका अन्य जुनसुकै विषयमा मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित सवैको कर्तव्य हुनेछ ।

१८. **वचाउ** :(१) यस कार्यविधिमा भएको व्यवस्था ऐन तथा नियमावलीमा वाझिन गएमा ऐन तथा नियमावली बमोजिम हुनेछ । यस कार्यविधिमा भएको व्यवस्थाका सम्वन्धमा यसै बमोजिम हुनेछ ।

(२) मन्त्रालयबाट यस अघि भएका स्वास्थ्य संस्था सूचीकरण, नविरकण र अनुगमन निरीक्षण सम्वन्धी कामकारवाही यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ ।

**नोट : कार्यविधि स्विकृत भएको मिति  २०७२।११।१२**

# खण्ड “ग”

# लेख तथा रचनाहरु

# नेपालमा बालश्रमको अवस्था



श्यामराज अधिकारी*

## १. परिचय

बालश्रम सामाजिक अपराध हो।बालश्रम मानव अधिकारको हनन् हो । बालश्रमलाई समाजमा विद्यमान कुसंस्कारको रुपमा लिइन्छ । समाजमा जबसम्म बालश्रमको संस्कार वा अभ्यास रहन्छ तबसम्म त्यो समाज सभ्य, विकसित वा आधुनिक कहलिन सक्दैन । बालश्रमले बालबालिकाको बालपनसम्बन्धी मौलिक अधिकार हनन् मात्र गर्दैन उनीहरुको भविष्यलाई समेत अन्धकारतिर धकेल्छ । बालश्रम भनेको बालकहरुको श्रम शोषण हो, बालबालिकाको शिक्षा र प्रगतिको बाधक हो । यसैले बालबालिकाको उज्ज्वल भविष्यको लागि बालश्रम निवारण यथार्थमा परिणत गर्नु प्रत्येक समाज, राष्ट्र, सरकार र समुदायको उल्लेखनीय दायित्व हो । नेपालमा घरेलु श्रम देखि बालबालिकाले गर्ने नसक्ने खानी मजदुर सम्मका जोखिमपूर्ण क्षेत्रमा बालश्रम प्रयोग भएको पाइएको छ ।

नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयले बालश्रमलाई पूर्णतः निवारण गरी बालश्रम मुक्त सभ्य र आधुनिक समाज सिर्जना गर्न विभिन्न कार्यक्रम संचालन गर्दै आइरहेको छ । वि.सं. २०५६ अर्थात् सन् २००१ मा यस मन्त्रालयले दश बर्षे गुरु योजना तर्जुमा गरी बालश्रम निवरण गर्ने प्रयास गरेको थियो । केही उपलब्धी हासिल भए पनि यस अवधिका प्रयासले बालश्रमको अवस्थामा खास सुधार ल्याउन भने सकेन । मन्त्रालयले वि.सं. २०६६ अर्थात् सन् २०१० देखि अर्को गुरू योजना मार्फत् अझ सशक्त ढँगले बालश्रम विरुद्ध लड्ने प्रयास गरेको हो । तर विभिन्न कारणले सोगुरू योजना बन्न सकेन । अहिले फेरी मन्त्रालयले "निकृष्ट प्रकारको बालश्रम सहित सबै प्रकारका बालश्रम निवारणसम्बन्धी गुरू योजना -श्रावण २०७३-२०८३ आषाढ)" तर्जुमा गरेको छ । यस गुरू योजनाले आगामी दश बर्षभत्रमा समाजबाट सबै प्रकारका बालश्रम निवारण गर्ने लक्ष्य लिएको छ । यसगुरू योजनाले मन्त्रालयले लिएको लक्ष्य पूरा गरी नेपालको संविधान २०७२ ले बालबालिकाकालागि प्रदत्त गरेको सबै प्रकारकाबाल अधिकार संरक्षण गर्न सघाउने ध्येय लिएको छ ।

यो गुरू योजना बालबालिकाको हितमा तर्जुमा गरिएको छ । यस गुरू योजनाको कार्यान्वयनलाई प्रभावकारी बनाई श्रम तथा रोजगार मन्त्रालयले सबै बालबालिकालाई सुन्दर भविष्यको निर्माण गर्दै बालश्रम रहित समाज सिर्जना गर्नेछ ।

## २. बालश्रमको अवस्था, कारण र परिणाम

### (क) बालश्रमको विश्वव्यापीअवस्था

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सन् २०१३ को Marking Progress Against Child Labour प्रतिबेदन अनुसार विश्वमा बालश्रमको संख्या १६.८० करोड रहेको जनाएको छ । यसमध्ये स्वास्थ्य, सुरक्षा र नैतिक

* उप सचिव, श्रम तथा रोजगार मन्त्रालय

विकासमा प्रत्यक्ष रुपमा जोखिममा पार्ने जोखिमयुक्त काममा ८.५० करोड बालबालिका संलग्न छन् । एशिया तथा प्यासेफिक क्षेत्रमा बालश्रमको संख्या ७.७७ करोड छ भने जोखिमयुक्त काममा ३.३८ करोड रहेको छ । विश्वको बालश्रमको स्थितिलाई नियाल्ने हो भने बालक १२.५ प्रतिशत छन् भने बालिकाको प्रतिशत ८.९ रहेको छ । यसमध्ये जोखिमपूर्ण काममा बालक ६.७ र बालिका ४ प्रतिशत रहेका छन् । यसरी विश्वभर करोडौं बालबालिका अझ पनि बालश्रमबाट शोषित भइरहेको अवस्था छ । बालश्रम निवारण गर्ने प्रयासहरुले जे जति काम गरे पनि र समाजमा बालश्रम विरुद्धजागरण बढ्दै गएको देखिए पनि विश्वबाट बालश्रम निर्मूल हुन अझ दशकौं लाग्ने लक्षण देखिन्छ ।

नेदरल्याण्ड सरकारले अन्तरराष्ट्रिय श्रम सङ्गठनको सहयोगमा मे २०१० मा आयोजना गरेको बालश्रमसम्बन्धी विश्वव्यापी सम्मेलनले बालश्रम राष्ट्रिय विकासको वाधकको रुपमा रहेकोले यो समस्यालाई तीव्र रुपमा समाधन गर्नु पर्ने निश्कर्ष निकालेको थियो । यसै निचोडलाई आधार मानेर यस सङ्गठन लगायत विश्वबैंक र युनिसेफ जस्ता अग्रणी विश्व संस्थाहरुले निवारण बालश्रम निवारण गर्न विशेष ध्यान दिन आह्वान गरेका छन् । यस आह्वानलाई विश्वका कतिपय राष्ट्रले आत्मसात गरेका छन् । नेपालले पनि बालश्रम निवारण नभई राष्ट्रिय विकासको समग्र लक्ष्य प्राप्त गर्न सक्दैन र बाल अधिकार संरक्षण गर्न सक्दैन भन्ने धारणालाई आत्मसाथ गरी नेपाल सरकारका कृयाकलापहरुलाई अगाडी वढाएको छ ।

**(ख) नेपालमा बालश्रम**

केन्द्रय तथ्याङ्क विभागले प्रकाशित गरेको बालश्रमसम्बन्धी तथ्याङ्क र अन्तर्राष्ट्रिय श्रम सङ्गठनले तयार पारेको प्रतिवेदनलाई आधार मान्दा एकातिर बालश्रमको समस्या जटिल रहेको र अर्कोतिर केही प्रकारका बालश्रम खासगरी ५ देखि १४ बर्षउमेरका बालश्रमको अनुपात घट्दै गएको परिस्थिती देखाउँछ । नेपालमा ५ देखि १७ बर्ष उमेरका बालबालिकाको जनसंख्या ४०.४ प्रतिशत रहेको जनाउँछ जसमध्ये ५.१ प्रतिशत अर्थात् १६ लाख बालबालिका बालश्रममा रहेको अनुमान गरिएको छ । यीमध्ये २० प्रतिशत अर्थात् ६ लाख २१ हजार बालबालिका जोखिमपूर्ण बालश्रममा वाध्यतावश लागेका छन् । लैङ्गिक दृष्टिकोणबाट हेर्दा यो संख्यामा जोखिमपूर्ण काममा संलग्न बालक ४० प्रतिशत अर्थात् २ लाख ४८ हजार र बालिकाको संख्या ६० प्रतिशत अर्थात् ३ लाख ७३ हजार रहेको छ । बालकको दाँजोमा बालिका बढी समय काममा संलग्न भएको देखिन्छ ।

कार्पेट उद्योग, सशस्त्र समूह, बंधुवा, बिंडी बनाउने, ढुङ्गा खानी जस्ता क्षेत्रमा बालश्रम घटेको पाइन्छ भने केही क्षेत्रमा बालश्रम बढेको देखिन्छ । सडक व्यापार, मोटर साइकल र साइकल मर्मत, सामान ओसार पसार, घरायसी काम, राजमार्ग हकर, भरिया, सीमामा अबैध सामान ओसार पसार, कपडामा जरी भर्ने जस्ता क्षेत्रमा बालश्रम बढेको र बालश्रमको माग पनि बढिरहेको पाइन्छ । गरिबी, राजनीतिक अस्थिरता, बेरोजगारी, अर्ध-बेरोजगारी, शहरी क्षेत्रमा जनसंख्याको चाप बढ्दै गएकोले बालश्रमको मागमा बृद्धि भएको देखिन्छ भने बालअधिकार संरक्षणमा सरकारी तथा गैरसरकारी संस्थाको कम प्रभावकारीता र सामाजिक संस्कार जस्ता कारणले अपेक्षा र प्रयासको अनुपातमा बालश्रम घट्न सकेको छैन । शहरी क्षेत्रमा बसाइ सर्राई बढ्दै गएकोले बालश्रमको माग बढेको छ । आर्थिक कारणले बालश्रमको आपूर्ति पनि बढेको छ ।

कुनै कुनै क्षेत्रमा बालश्रम घटेको जस्तो देखिए पनि प्रायजसो क्षेत्रमा बालश्रम बढ्ने गरेकोले बालश्रमको समग्र स्थितीमा खास सुधार आएको देखिन्न ।

### (ग) बालश्रमकामुख्यकारण र परिणाम

बालश्रम विद्यमान रहनुमा धेरै कारण छन् भने परिणाम भनेको बालबालिकाको मानव अधिकार हनन्, बालपन शोषण, सामाजिक आर्थिक परिस्थितीमा नकरात्मकता देखिएको छ । देशका भावी कर्णाधारहरुको उचित शिक्षा दिक्षा हुन सकेको छैन । समाजमा बालबालिका दुई वर्गमा हुर्किरहेका छन् - सामान्य जीवन विताइरहको बालबालिका र बालश्रममा परेका वालकालिका । बालश्रममा हुर्किएका बालबालिकाको शारीरिक, बौद्धिक र मानसिक अवस्थामा प्रतिकूल प्रभाव पारिरहेको छ । यो वर्ग विभेदलाई हटाउनु जरुरी छ ।
गरिबी, अशिक्षा सामाजिक सुरक्षा र चेतनाको कमीलाई बालश्रमका मुख्य कारणको रुपमा रहेको छ । यसका अतिरिक्त विगतका प्रयासले बालश्रमलाई अपेक्षा गरिए अनुसार सम्बोधन गर्न नसक्नुका मुख्य कारणहरु निम्न छन्

- नीति र कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्नु,
- परिमाणात्मक र गुणात्मक प्राबिधिक तथा व्यवसायिक शिक्षाको अभाव,
- निरोधात्मक र उपचारात्मक दुवै तहमा बालसंरक्षणका पर्याप्त उपायहरुको अवलम्बन गर्न नसक्नु,
- अनुगमन, सूचना व्यवस्थापन, मानव संसाधनको विकास जस्ता संस्थागत क्षमताको सुदृढीकरण गर्न नसक्नु,
- बालश्रमका कारण र प्रभावलाई सम्बोधन हुनेगरी विकासका आयामहरुसँग सामञ्जस्य गर्न कार्यक्रम, कार्ययोजना र कार्यबिधिको निर्माण, सुधार र कार्यान्वयनका साथै वहस, पैरवी, शिक्षा र सचेतनाका कार्यक्रम पर्याप्त हुन नसक्नु,
- बालश्रमसँग सम्बन्धित सहस्राब्दी विकास लक्ष्य, दिगो विकासका लक्ष्य तथा सार्क विकासका लक्ष्यसँग तादम्यता गरी कार्यक्रम कार्यान्वयन गर्न नसक्नु ।

## ३. बालश्रम न्यूनिकरणका प्रयासहरु

### (क) अन्तर्राष्ट्रिय प्रतिबद्धता

बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धी, महिला विरुद्धका सबै किसिमका भेदभाव उन्मूलन गर्ने सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धी, दक्षिण एशियामा बालकल्याण प्रवर्द्धन गर्नका लागि क्षेत्रीय प्रबन्ध गर्ने सम्बन्धी दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) महासन्धी र बेश्याबृत्तिको लागि महिला तथा बालबालिकाको जीउमास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संर्घष गर्ने सम्बन्धमा व्यवस्था भएको सार्क महासन्धीको नेपाल पक्षराष्ट्र हो ।

साथै, अन्तर्राष्ट्रिय श्रम सङ्गठनका रोजगारीका लागि न्यूनतम उमेरसम्बन्धी अभिसन्धि सङ्ख्या १३८, निकृष्ट प्रकृतिको बालश्रम विरुद्धको अभिसन्धि सङ्ख्या १८२, आदिवासी जनजातिसम्बन्धी अभिसन्धि सङ्ख्या १६९, बाध्यकारी श्रमसम्बन्धी अभिसन्धिहरु (बाध्यकारी श्रम सम्बन्धी अभिसन्धि सङ्ख्या २९ (१९३०), र बाध्यकारी श्रमसम्बन्धी अभिसन्धि सङ्ख्या १०५ (१९५७) सहित ११ वटा महासन्धीको नेपाल पक्ष राष्ट्रको रुपमा रहेको छ ।

सन् १९९० मा बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धीमा हस्ताक्षर भएपछि अन्य कुराका अतिरिक्त आर्थिक शोषण अर्थात बालश्रम विरुद्ध संरक्षण पाउने बालअधिकारको प्रबर्द्धनमा थप ढोका खुलेको छ । त्यसैगरी सन् १९९६ मा नेपाल सरकार तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठनबीच सम्पन्न समझदारीपत्रलाई पनि बालश्रम विरुद्धको उपलब्धीको रुपमा लिन सकिन्छ । उक्त समझदारीपत्रले अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बालश्रम उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रम (आइपेक) अन्तर्गत नेपालमा बालश्रम विरुद्धका क्रियाकलाप सञ्चालन गर्ने आधार निर्माण गरी विभिन्न कार्यक्रम सञ्चालन गरिए ।

- बालश्रमसम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनमा स्थानीय निकाय, रोजगारदाता र श्रमिक सङ्गठन, गैह-सरकारी संस्था र समुदायमा आधारित संस्थाहरुको समन्वय र सहकार्यलाई अभिवृद्धि गर्ने प्रयासहरु भए ।
- निकृष्ट प्रकृतिको बालश्रम उन्मूलनसम्बन्धी समयवद्ध कार्यक्रम (२००२-२००६) र बालश्रम उन्मूलन सम्बन्धी राष्ट्रिय गुरूयोजना (२००४-२०१४) तर्जुमा गरियो । यी दुवैले २००९ सम्ममा ७ वटा निकृष्ट प्रकृतिका बालश्रम सन् २०१४ सम्ममा अन्य किसिमका बालश्रम उन्मूलन गर्ने र कार्यक्रमहरुलाई स्वास्थ्य र शिक्षा तथा आय आर्जन र रोजगारी सिर्जनासँग आवद्ध गरी नीतिगत र कानूनी संरचना, अनुसन्धान, संस्थागत क्षमता, पैरवी सञ्जाल र सामाजिक परिचालन र कार्यमूलक पद्धतिहरुलाई सुदृढीकरण गर्ने उद्देश्य राखिएको थिए ।
- नेपाल सरकारले महिला तथा बालबालिकाको बेचबिखनसम्बन्धी राष्ट्रिय कार्ययोजना २००१ र बँधुवा श्रमसम्बन्धी राष्ट्रिय कार्ययोजना २०१० लागू गरेको थियो ।
- नेपाल सरकारले बालबालिकासम्बन्धी ऐन २०४८, बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन २०५६ र नियमावली २०६२, कमैया श्रम -निषेध गर्ने सम्बन्धी) ऐन २०५८, मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ जारी गरेको छ ।

**(ख) दिगो विकास लक्ष्य**

संयुक्त राष्ट्र संघले आगामी सन् २०३० सम्ममा पूरा हुने गरी विकास लक्ष्यहरु निर्धारण गरेको छ "समावेशी तथा दिगो आर्थिक विकास, रोजगारी र सबैका लागि मर्यादित काम प्रवर्द्धन" मा बालश्रम निवारण गर्ने लक्ष्य समावेश गरिएको छ । यसै गरी "वाध्यकारी श्रम उन्मूलन, आधुनिक दासत्व अन्त्य, निकृष्ट प्रकारको बालश्रम निषेध र निवारणका अतिरिक्त बाल सैनिक भर्ना र प्रयोग तथा सन् २०२५ सम्ममा सबै प्रकारका बालश्रम अन्त्य गर्न तत्काल प्रभावकारी उपायहरु अपनाउने" लक्ष्य निर्धारण गरिएको छ ।

दक्षिण एशियाली सहयोग सङ्गठन (सार्क) ले पनि "बालबालिका विरुद्धहिंसाको अन्त्य सुनिश्चित गर्ने ध्येयले बालिका तथा पछाडिपारिएका जोखिमपूर्ण जनसंख्यामा विशेष ध्यान केन्द्रित गर्दै निकृष्ट प्रकारको बालश्रम सहित सबै प्रकारका बालश्रम निवारण गर्न क्षेत्रीय रणनीति कार्यान्वयन गर्ने ।" उद्देश्यका साथ सार्क अन्तरगत रहेको बालबालिका बिरुद्धको हिंसा अन्त्यका लागि दक्षिण एशियाली प्रतिष्ठानले "दक्षिण एशियामा सबै प्रकारका बालश्रम प्रतिरोध र निवारणसम्बन्धी कार्ययोजना (२०१६-२०२१)" तयार पारेको छ ।

### (ग) १४औं योजनामा बालश्रमसम्बन्धी कार्यक्रम

राष्ट्रिय योजना आयोगले तयार पारेको तेह्रौं योजना (२०७०/७१-२०७२/७३) सबै प्रकारका किसिमको बालश्रम उन्मूलन गर्ने नीति लिएको थियो । कार्यनीतिमा निकृष्ट बालश्रम निवारणका लागि कार्यक्रमहरु सञ्चालन गरी बालश्रमिकहरुको उद्धार र पुनःस्थापना गरिनेछ र बालश्रमसम्बन्धी नीति, कानुन र कार्यक्रम सुधार गरिनेछ भन्ने उल्लेख थियो । यस अनुरुप बालश्रम निवारणका लागि नयाँ गुरू योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइने कार्यक्रम तय गरिएको थियो ।

यसै गरी १४औं योजना (२०७३/७४-२०७५/७६) मा उल्लेख भएकोश्रम तथा रोजगारी अध्यायको रणनीतिको बूँदा नं. ३ मा "श्रमिकको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापना गर्ने" उल्लेख भएको र कार्यनीतिमा  बालश्रमसम्बन्धी नीति, कानुन र कार्यक्रममा सुधार गरिनेछ र निकृष्ट बालश्रम निवारण र बालश्रम न्यूनीकरणका लागि कार्यक्रमहरु सञ्चालन गरी बालश्रमिकहरुको उद्धार र पुनर्स्थापना गरिने उल्लेख छ ।

### (घ) संवैधानिक व्यवस्था

नेपालको संविधान २०७२ ले बालअधिकार सुनिश्चित गर्नुका साथै बालश्रम निवारणका लागि भाग ३ को बालबालिकाको हक सम्बन्धी धारा ३९ को उपधारा ४, ५ र ६ मा बालश्रम निवरण गर्ने हकहरु उल्लेख छन् । यी धाराहरुले कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने; बालविवाह, गैरकानुनी ओसारपसार, अपहरण र बन्धक बनाउन नपाइने; सेना, प्रहरी, सशस्त्र प्रहरीमा भर्ना गर्न नपाइने कुराको सुनिश्चित प्रदान गर्दछ । साथै, सांस्कृतिक वा धार्मिक वा अन्य कुनै प्रचलनका नाममा कुनै प्रकारको दुर्व्यवहार, शारीरिक वा मानसिक वा यौनजन्य वा कुनै प्रकारको शोषण वा अनुचित प्रयोग गर्न नपाइने कुराको व्यवस्था गरिएको छ ।

भाग ४ को राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ (झ) को राज्यका नीतिहरु अन्तर्गत श्रम र रोजगारसम्बन्धी नीतिको बूँदा नं. ३ मा बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने नीति उल्लेख छ ।

### (ङ) बालश्रमसम्बन्धी कानुन र नीति

१. नेपालको संविधान २०७२
२. बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ र नियमावली
३. श्रम ऐन, २०४८
४. बालबालिकासम्बन्धी ऐन २०४८ र नियमावली
५. राष्ट्रिय श्रम नीति, २०६२

बालश्रम निवरणका लागि भएका प्रयासहरुबाट हासिल भएका उपलब्धीलाई हेर्दा बालश्रम सम्वन्धी तथ्याङ्कीय आधार तयार भएको, बालश्रमसम्बन्धी सवालहरुलाई नीति र कानूनमा मूलप्रवाहीकरण गरिएको, सरोकारवालाहरुको संस्थागत क्षमता अभिवृद्धि सम्वन्धी कृयाकलाप सञ्चालन गरिएको छ ।

बालश्रम -निषेध तथा नियमित गर्ने) ऐन, २०५६ अन्तर्गत गठित बालश्रम निवारण समिति, श्रम तथा रोजगार मन्त्रालय अन्तर्गतको बालश्रम निवारण तथा अन्तर्राष्ट्रिय श्रम सम्बन्ध शाखा, श्रम तथा रोजगार मन्त्रीको अध्यक्षतामा गठित त्रिपक्षीय राष्ट्रिय निर्देशन समिति, राष्ट्रिय मानव अधिकार आयोगमा बाल अधिकार डेस्क, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गतको केन्द्रीय बाल कल्याण समिति, महिला तथा बालबालिका विभाग, राष्ट्रिय योजना आयोग अन्तर्गत लैङ्गिक, बालबालिका तथा समाज कल्याण शाखा, नेपाल प्रहरी अन्तर्गत बालबालिका तथा महिला सेल, ५ वटा प्रमुख शहरमा बाल हेल्पलाइन, जिल्ला श्रम समन्वय समिति, जिल्ला बालसंरक्षण अधिकृत, बाल इजलास, रोजगारदाता र श्रमिक सङ्गठनहरुको आचार संहिता निर्माण, बालश्रम उन्मूलनमा कार्यरत निकायहरुको कार्य सञ्चालन निर्देशिका र मुलुकभर १० हजार बालक्लवहरु गठन भएका छन् ।

नगरपालिका तथा जिल्ला विकास समितिमा बालश्रम निवारण डेस्क स्थापना गरिएको छ भने बाल संरक्षण र बालश्रम निवारणका लागि आकस्मिक कोष स्थापना भएका छन् । बालश्रम निवारणमा कार्यरत सरोकारवालाहरुलाई लक्षित गरी उनीहरुको क्षमता अभिवृद्धि र परिचालनसम्बन्धी प्रयास पनि भएका छन् । बालमैत्री स्थानीय शासन सञ्चालन भएको स्थानीय निकाय घोषणा गर्ने कार्यक्रम सञ्चालन भएका छन् ।

## सन्दर्भ सामग्री


- निकृष्ट प्रकारको बालश्रमसहित सबै प्रकारको बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरू योजना (२०७३-२०८३) श्रम तथा रोजगार मन्त्रालय ।
- नेपालको संविधान २०७२, कानून किताब व्यवस्था समिति ।
- बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ र नियमावली, कानून किताब व्यवस्था समिति ।
- श्रम ऐन, २०४८, कानून किताब व्यवस्था समिति ।
- बालबालिकासम्बन्धी ऐन २०४८ र नियमावली, कानून किताब व्यवस्था समिति ।


ooo

# न्यूनतम ज्यालाको कार्यान्वयन अवस्था



डा. लोकनाथ भुसाल*

## १. परिचय

उत्पादनका प्रमुख दुई साधनहरू (श्रम र पुंजी) मध्ये श्रम गतिशील र जीवन्त साधन हो । यसको सही परिचालनविना उत्पादन र उत्पादकत्व वृद्धि संभव हुँदैन । वास्तवमा पुंजीलाई परिचालन गर्ने श्रमले नै हो । श्रमको प्रतिफल ज्याला हो । ज्याला अर्थात तलव निर्धारणका विभिन्न सैद्धान्तिक अवधारणाहरू छन् तथापि न्यूनतम ज्याला श्रम परिचालनको एउटा शसक्त अस्त्र हो भनेर सबै विद्वानहृले स्विकार गरेका छन् । न्यूनतम ज्याला निर्धारणले प्रत्यक्ष रुपमा मजदुरहरुको हक हितको संरक्षण गर्ने भएता पनि यसले देशमा बिग्रदों श्रम सम्बन्धमा सुधार ल्याई औद्योगिक उत्पादन र उत्पादकत्व अभिवृद्धिबाट मुलुकको समग्र विकासमा समेत महत्वपूर्ण भूमिका खेल्दछ । यसले श्रमिकलाई व्यवसायिक, कामलाई मर्यादित बनाउनुको साथै श्रमिकहरूलाई गरिब हुनबाट बचाउँछ । कतिपय अध्ययनहरूले न्यूनतम ज्याला र बेरोजगारीको बीचमा प्रत्यक्ष सम्बन्ध रहेको पनि देखाएका छन् । देशमा विद्यमान आर्थिक-सामाजिक असमानता कम गर्न पनि श्रमको आय बढ्नु आवश्यक छ ।

प्रचलित श्रम ऐन २०४९ अनुसार नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालयले श्रमिकहरुको हक, हितलाई सुनिश्चित गर्न चिया बगान लगायतका सबै औद्योगिक/व्यापारिक र सेवामूलक प्रतिष्ठानहरुमा काम गर्ने मजदुरहरुको न्यूनतम ज्याला निर्धारित गर्ने गर्दछ । अर्थशास्त्रमा यसलाई ज्यालाको न्यूनतम स्तर (प्राईस फ्लोर) को नीतिमार्फत सरकारले बजारमाथि हस्तक्षेप गरेको भनेर पनि जानिन्छ । बेरोजगारीको अवस्था उच्च रहेको नेपालजस्तो देशमा न्यूनतम ज्यालासम्बन्धी सरकारी हस्तक्षेपको ठूलो भूमिका रहन्छ । यो कार्य श्रम तथा रोजगार मन्त्रालयको कार्य क्षेत्र भित्र पर्ने महत्वपूर्ण विषय हो तथापि प्रभावकारी र गहन सहकार्यको आवश्यकता पर्ने यो बिषयमा सरकारी, गैर-सरकारी र निजी क्षेत्रका अन्य निकायहरूको भूमिकालाई कम आक्न सकिदैन ।

## २. न्यूनतम ज्यालाको कार्यान्वयन अवस्था

सरकार न्यूनतम ज्याला निर्धारण गर्ने र त्यसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने आधिकारिक निकाय हो । पछिल्लो पटक नेपाल सरकारले २०७२ साल माघ १८ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित गरी चिया बगान र अन्य सबै औद्योगिक/व्यापारिक प्रतिष्ठानहरुमा काम गर्ने मजदूर/कर्मचारीहरुको न्यूनतम ज्याला निर्धारण गरेको छ । कतिपय यस्ता निकायहरुमा तोकिए बमोजिमको न्यूनतम ज्याला कार्यान्वयनमा नआएकोले श्रमिकहरुले कम ज्याला प्राप्त गरिरहेको भन्ने गुनासो विभिन्न संचारका माध्यमबाट प्रधानमन्त्री

* योजना अधिकृत, राष्ट्रिय योजना आयोगको सचिवालय

कार्यालयमा रहेको हेलो सरकार कक्ष लगायतका निकायहरूमा प्राप्त हुन आएकोले श्रम तथा रोजगार मन्त्रालयले देशका चार प्रमुख क्षेत्रहरु (विराटनगर-ईलाम, पोखरा, बुटवल-दाङ र नेपालगञ्ज-धनगढी) मा न्यूनतम ज्यालाको कार्यान्वयनको अवस्था अनुगमन गरी प्रतिवेदन पेश गर्न चार वटा टोलीहरुको गठन गरी ती क्षेत्रहरुमा खटाएको थियो ।

यो पंङतिकारले पोखरा र बुटवल-दाङ क्षेत्रमा खटिएको अनुगमन टोलीमा रही कार्य गर्ने अवसर प्राप्त गरेको थियो । अनुगमन टोलीलाई ती क्षेत्रस्थित विभिन्न औद्योगिक प्रतिष्ठानहरुमा अनुगमन गरी मजदुरहरुको न्यूनतम पारिश्रमिक, कार्यस्थलको सुरक्षा, सामूहिक सौदाबाजी लगायत विभिन्न विषयहरुमा छलफल गर्ने कार्यदिश प्रदान गरिएको थियो । कार्यदिशमा एउटा क्षेत्रमा कम्तीमा १५ वटा औद्योगिक प्रतिष्ठानको अनुगमन गरी न्यूनतम ज्याला सम्बन्धी व्यवस्थाको कार्यान्वयन अवस्थाको लगत तयार गर्ने उल्लेख भएकोले अनुगमन टोलीले रयान्डम्ली सलेक्टेड औद्योगिक प्रतिष्ठानहरुमा गई श्रम तथा रोजगार मन्त्रालयबाट निर्धारित उद्योग प्रतिष्ठान निरीक्षणको जाँचसूची भर्नुका साथै ती प्रतिष्ठानका मालिक, व्यवस्थापक र श्रमिकहरुसँग पनि न्यूनतम ज्याला प्रदान गर्ने/प्राप्त गर्ने गरे नगरेको सम्बन्धमा अन्तक्रिया समेत गरेको थियो । यस क्रममा शिक्षा, स्वास्थ्य र वित्तीय क्षेत्रका निकायहरूको पनि अनुगमन गरिएको थियो ।

अनुगमन टोलीले अनुगमनका क्रममा मासिक तथा दैनिक पारिश्रमिक प्रदान गर्न तयार गरिएका मासिक पेस्लिपका विवरणहरु पनि अध्ययन गरेको थियो । यसरी अनुगमन गर्दा अनुगमन टोलीले केही उद्योग प्रतिष्ठानहरुमा पूर्व सूचना दिएर र केही उद्योग प्रतिष्ठानहरुमा पूर्व सूचना विनानै आकस्मिक अनुगमन गरेको थियो । यस प्रकारको सक्रिय सरकारी उपस्थितिलाई प्रायः सबै उद्योग/प्रतिष्ठानहरूले स्वागत गरेका थिए ।

अनुगमनबाट महत्वपूर्ण तथ्यहरु प्राप्त भएका छन् । अनुगमन टोलीले अनुगमनका क्रममा प्राप्त गरेका तथ्यहरुको विस्तृत विवरण श्रम मन्त्रालयमा पेश गरिएको प्रतिवेदन साथ संलग्न निरीक्षण जाँच सूचीहरुबाट प्राप्त गर्न सकिने छ । यहाँ ती तथ्यहरुमध्येका केही महत्वपूर्ण तथ्यहरु मात्र उल्लेख गरिएको छ ।

अनुगमन गरेका उद्योग /प्रतिष्ठानहरुमध्ये अधिकांश उद्योग प्रतिष्ठानहरुले नेपाल सरकारले गत माघमा राजपत्रमा सूचना प्रकाशित गरी तोकेको न्यूनतम ज्याला भन्दा माथि नै मजदुर/ कर्मचारीहरुलाई ज्याला दिने गरेको पाइयो । अधिकांश प्रतिष्ठानहरुले नियमानुसार प्रदान गर्नु पर्ने न्यूनतम मासिक ज्याला रु.६,२०५।- र महंगी भत्ता वापत प्रदान गर्नु पर्ने मासिक रु.३,४९५।- गरी कुल हुन आउने मासिक न्यूनतम रु.९,७००।- भन्दा बढी नै रकम मासिक रुपमा मजदुरहरुलाई भुक्तानी गर्ने गरेको पाइयो । त्यसैगरी अधिकांश प्रतिष्ठानहरुले दैनिक ज्यालाको रुपमा भुक्तानी गर्नु पर्ने रु.३९५।- पनि मजदुरहरुलाई प्रदान गर्ने गरेको पाइयो । अनुगमन गरिएका क्षेत्रमा आधारभूत आवश्यकता पूरा गर्न लाग्ने वास्तविक लागत न्यूनतम ज्यालाभन्दा बढीनै हुने गरेको सन्दर्भमा केही प्रतिष्ठानहरुमा खाजा, खाना, आवास, यातायात खर्च लगायतका सुविधाहरू पनि प्रदान गर्ने गरेको पाईयो । यस्ता उद्योग प्रतिष्ठानहरूमा कामदारहरूको व्यवसायिक स्वास्थ्य तथा सुरक्षालाई पनि ध्यान दिने गरेको पाईयो ।

तर निरीक्षण जाँचसूचीमा उल्लेख भए बमोजिम केही उद्योग प्रतिष्ठानहरुले न्यूनतम ज्याला भन्दा कम पारिश्रमिक भुक्तानी गर्ने गरेको पाइयो । यसरी कम ज्याला प्रदान गर्ने निकायहरूले अनुगमन टोलीले मागेका विवरणहरू प्रस्तुत गर्न पनि हिच्किचाएका थिए । साथै कतिपय यस्ता उद्योग/प्रतिष्ठानहरु औद्योगिक क्षेत्रभित्रै

रहेको पनि पाईयो । यसरी नेपाल सरकारले तोकेको न्यूनतम ज्याला भन्दा कम ज्याला प्रदान गर्ने उद्योग प्रतिष्ठानहरु भर्खर स्थापना भएका, अस्थायी कर्मचारी हुने गरेका, कर्मचारीको टर्न ओभर उच्च हुने गरेका, व्यवसायिक अवस्था कमजोर रहेका र टेड युनियन नहुने गरेका हुने गरेको पाइयो । यस्ता केही प्रतिष्ठानहरुले मजदुरहरुलाई खाजा, खाना, आवास, यातायात खर्च लगायतका सुविधाहरू प्रदान गर्ने गरेको भएतापनि कार्यघण्टा दोब्बरजस्तै हुने गरेको पाईयो । यस्ता निकायहरूले मजदुरहरू अदक्ष भएको र परिक्षण अवधिमा रहेको अवस्थामा मात्र न्यूनतम ज्याला भन्दा कम ज्याला दिने गरेको पनि बताएका थिए । यस्ता केही निकायहरूका कामदारहरूले जोखिमपूर्ण कार्यावातावरणमा काम गरिरहेको पाईयो ।

श्रमजीवी मजदुरहरुसंग अन्तक्रिया गर्दा बेरोजगारीका कारण न्यूनतम ज्याला भन्दा पनि कम ज्यालामा काम गर्नु परेको भन्ने भनाई जानकारी भयो । उनीहरूले श्रम बजारमा कामका अवसरहरू बिरलै प्राप्त हुने गरेको समेत उल्लेख गरेका थिए । कतिपय स्थानमा सामूहिक सौदाबाजीपछि तय भएको न्यूनतम ज्याला र अन्य सुबिधाहरू प्राप्त नहुने गरेको समेत पाईयो । नेपाल जीवनस्तर मापन सर्वेक्षणले औंल्याएको आधारभूत आवश्यकताको लागत र प्रचलित दुई अंकको मुद्रास्फितिको अवस्था अनुसार पनि सरकारले तोकेको न्यूनतम ज्याला प्रदान गरिनु पर्ने जोडदार तर्क मजदूरहरूले राखेका थिए ।

उद्योग/प्रतिष्ठानका मालिक र व्यवस्थापकहरुले संस्थाको आय श्रोतले भ्याएसम्म न्यूनतम ज्याला र सो भन्दा बढी नै ज्याला प्रदान गर्न प्रयत्नशील रहेको उल्लेख गरेका छन् । केही उद्योग / प्रतिष्ठानहरूमा स्थानीय श्रम कार्यालयको मध्यस्थतामा सामूहिक सौदाबाजी भईरहेको समेत अनुगमनका क्रममा पाईएको थियो । अधिकांश उद्योग/प्रतिष्ठानहरुले उद्योगधन्दा संचालन गर्न उर्जाको नियमित आपूर्ति, श्रमिकहरूका पूरा गर्न नसकिने प्रकृतिका मागहरू, देशमा विद्यमान राजनीतिक तथा आर्थिक अस्थिरता, विदेशी सस्ता सामानहरूसंगको प्रतिश्प्रर्धा लगायतका कारणहरुले चुनौतीपूर्ण रहेको भनाई अनुगमन टोली समक्ष राखेका छन् । विगत २६ वर्षमा २४ वटा सरकारका आस्थाले प्ररित आर्थिक-राजनीतिक नीतिहरू र समस्या सल्टाउनेभन्दापनि अड्काउने र भड्काउने श्रमिक संगठनहरूलाई भोगेर थिलथिलो भएको निजी क्षेत्रले यस्ता समस्याहरू औंल्याउनुलाई अस्वाभाविक भन्न सकिदैन । यिनै कारणले कतिपय उद्योगहरू बन्द भएका, कतिपय बन्द हुने क्रममा रहेका र नयां उद्योग स्थापना गर्ने वातावरण गुम्दै गएको अवस्था पनि थाहा भयो । आयात र निर्यातको अनुपात नौ गुणा रही ब्यापार घाटा चुलिदैं जानुलाई यही औद्योगिक विनाससंग जोडेर हेर्न सकिन्छ ।

## ३. निष्कर्ष तथा सुझावहरू

उत्पादन प्रक्रियामा श्रमको प्रतिफल सुनिश्चित गर्न न्यूनतम ज्याला प्रदान गर्नु अनिवार्य शर्त हो । अनुगमन टोलीले कार्यदिशमा उल्लेख भए बमोजिमको अनुगमन कार्य अत्यन्तै व्यवस्थित र प्रभावकारी रुपले सम्पन्न गरकोले न्यूनतम ज्यालाको कार्यान्यवन अवस्थामा सुधार आउने अपेक्षा गरिएकोछ । माथि उल्लेख गरिए झैं अनुगमनबाट महत्वपूर्ण तथ्यहरु प्राप्त भएका छन् । अनुगमनका क्रममा केही उद्योग प्रतिष्ठानहरुमा न्यूनतम ज्याला नेपाल सरकारले तोकेकोभन्दा कम भुक्तानी हुने गरेको देखिएकोले यसमा सुधार ल्याउन थप प्रचार-प्रसार गर्नुका साथै उद्योग/प्रतिष्ठानका मालिक, व्यवस्थापक र श्रमिकहरुलाई न्यूनतम ज्याला सम्बन्धी सरकारी निर्णयको बारेमा थप सचेत गराउन जरुरी छ । सरकारले पनि आयात प्रतिस्थापन र निर्यात प्रवर्धनको नीति अवलम्बन गरी मुलुकमा औद्धोगिक विकासको वातावरण तयार गर्नु जरूरी छ । बढ्दो

व्यापार घाटा, बैदेशिक रोजगारमाथिको परनिर्भरता लगायतका आर्थिक प्रतिकूलतालाई चिर्नको लागि पनि देशको औद्धोगिक विकासको विकल्प देखिदैन् । यसबाटनै स्वदेशी उत्पादन र निर्यातको दायरा बढनेछ, रोजगारी श्रृजना हुनेछन् र न्यूनतम ज्याला पनि बढनेछ । ।

न्यूनतम ज्यालाको सैद्वान्तिक पक्षलाई पनि मनन गर्नु वाञ्छनीय देखिन्छ । श्रमको शोषण गर्दा पूँजीपतिहरूलाई हुने नोक्सानका सम्बन्धमा पाश्चात्य साम्यवादी दार्शनिक कार्ल मार्क्सले सुझाएको अतिरिक्त ज्यालाको सिद्धान्त र पूर्वीय दर्शनको फलित ज्योतिषशास्त्रले मजदुर वर्गको शोषण गर्दा शनिदेव रिसाउने भनी गरेको उद्धोषलाई समेत दृष्टिगत गर्दा श्रमिकहरुलाई न्यूनतम ज्याला एंवम् अन्य सुविधाहरू प्रदान गर्दा अन्ततः उद्धोगपति र व्यवस्थापकहरुको पनि कल्याण हुने देखिन्छ । न्यूनतम ज्याला प्राप्त गरेमा जिविकोपार्जन सहज भई कामदारहरूको उत्पादकत्व बढने हुन्छ । त्यसैगरी उद्धोगपति र व्यवस्थापन समक्ष राजनीतिक आस्थाले प्ररित नाजायज माग राखेर मुलुकको उद्योगिक विकासलाई अवरूद्ध पार्नु पनि अपराध हो भन्ने तथ्यलाई मजदुर वर्गले समेत गम्भिरतापूर्वक मनन गर्नु जरूरी देखिन्छ ।

चुरो कुरो देशभित्रै गरी खाने अवसर श्रृजना गर्ने की देशको औद्योगिक विकासको वातावरण बिथोलेर कामको खोजीमा विदेश भौतारिने भन्ने नै हो । अर्थात् देशभित्र प्रर्याप्त रोजगारीका अवसरहरूको सिर्जना गर्नु महत्वपूर्ण आयाम हो । त्यसैगरी सरकारले आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनको नीति अपनाएर स्वदेशी उद्योगधन्दालाई जोगाँउदै उत्पादनमूलक क्षेत्रमा थप लगानी परिचालन गर्नुपर्ने देखिन्छ । यसका लागि श्रम तथा रोजगार मन्त्रालय, उद्योग मन्त्रालय, अर्थ मन्त्रालय, निजी क्षेत्र र स्थानीय श्रम कार्यालय लगायतका सम्बन्धित सबै निकायहरुलाई प्रभावकारी र समन्वयात्मक र सहकार्यात्मक रुपमा परिचालन गर्नु पर्ने देखिन्छ ।

०००

# वैदेशिक रोजगारी र नेपालको पुनर्निर्माण



जीवन कुमार राई *

नेपालको इतिहासमा वैदेशिक रोजगारीको शुरुआती विन्दु खोज्दै जाने हो वि.स १८७२ को नेपाल र तत्कालिन इष्ट इण्डिया कं. बीच सम्पन्न सुगौली सन्धी सम्म पुग्न सकिन्छ । उक्त संधी पश्चात नेपाली नागरिकहरु तत्कालिन इष्ट इण्डिया कं.मा भर्ना भई गोर्खा सैनिकको रुपमा सेवा प्रदान गरेको र भारतको स्वतन्त्रता सँगै केहि गोर्खा सैनिकको रेजीमेन्ट भारतमा छाडी केहि रेजीमेन्ट सैनिकलाई तत्कालिन ब्रिटिश शासकले मलेशियामा स्थानान्तरण गरेको पाईन्छ । कालान्तरमा मलेशिया पनि ब्रिटिश उपनिवेशबाट स्वतन्त्र भएपछि तहाँको सैनिक रेजिमेन्ट हङकङमा सारियो भने हङकङ पनि चीनको अधिनमा आएपछि तहाँ कार्यरत गोर्खा सैनिकलाई ब्रिटिस सरकारले आफ्नै मूख्य भूमिमा सारेको देखिन्छ । हालको अवस्थामा नेपालीहरु विदेशस्थित सेनाको रुपमा मुख्यत भारतीय सेना र ब्रिटिश सेना अन्तर्गत संयुक्त अधिराज्य र ब्रुनाईमा कार्यरत रहेका छन भने सिंगापुर पुलिस फोर्स अन्तर्गत सिंगापुरमा पनि आफ्नो सेवा दिइरहेका पाईन्छ ।

पहिलो अनुच्छेदमा चर्चा गरीएको प्रसङ्ग मुलत द्धिपक्षीय र बहुपाक्षीय संधी-संझौता अनुरुप उल्लेखित मुलकहरुमा भर्ति गरिने सैन्य सेवासँग सम्बन्धित विषयहरु हुन । तर वैदेशिक रोजगारीको सवाल यतिमा सिमित छैन । भारतमा सैन्य सेवाका अतिरिक्त अनौपचारिक क्षेत्रमा व्यक्तिगत तवरमा काम गर्न जाने नेपालीहरुको संख्या पनि अत्यधिक रहेको छ । संगठित र संस्थागत रुपमा भारतीय सीमा सुरक्षा वलमा संलग्न रही नेपाली नागरिकहरुले भारतीय सीमाको सुरक्षा गरिरहेका छन भने व्यक्तिगत रुपमा भारतीय साहु महाजनको घरमा रहेर बहादुर र कान्छा भई सुरक्षा सेवा प्रदान गरिरहेका छन ।

नेपालीको वैदेशिक रोजगारलाई व्यवस्थित गर्न वि.स.२०४२ सालमा वैदेशिक रोजगार ऐन तर्जुमा गरिएको थियो यस ऐन पूर्ण कार्यान्वयन हुदा नहुदै बि.स.२०४६ को जन आन्दोलन र त्यसको परिणाम स्वरुप प्राप्त प्रजातान्त्रिक शासन व्यवस्था अन्तर्गत नेपालमा खुला अर्थतन्त्रको अभ्यास हुन थाल्यो / नेपालीहरु आफ्नो पेशा वा रोजगारीको लागि जहाँसुकै जान स्वतन्त्र भए । उनीहरुले आफ्ना रोजगारीमा परम्परागत गन्तव्यलाई परिवर्तन र विस्तार गर्दै नयाँ-नयाँ आकर्षक रोजगार मुलुकहरु खोजी गर्न थाले । देशमा विद्यमान संपूर्ण जनशक्तिलाई रोजगार दिन तत्कालै संभव नदेखिएको अवस्थालाई दृष्ट्रिगत गरेर सरकारले पनि वैदेशिक रोजगारीलाई खुला गर्ने नीति लियो ।

नेपाल सरकारले औपचारिक रुपमा वैदेशिक रोजगारीलाई खुला गरेपछि यसको बजार विस्तार र विकास गर्न संसारमा विभिन्न मुलुकहरुको खोजी गर्दै हाल सम्म विभिन्न ११० मुलुकहरुमा जान र पठाउन सक्ने गरी स्वीकृति प्रदान गरेको छ । नेपालबाट वैदेशिक रोजगारीमा जाने कामदारको सुरक्षा र सुविधाको लागि रोजगारदाता मुलुक र कामदार पठाउने मुलुकका सरकार वीच द्धिपक्षीय श्रम संझौता हुन जरुरी हुन्छ तर

* उप सचिव, श्रम तथा रोजगार मन्त्रालय

हाल सम्म यस्तो संझौता दक्षिण कोरिया, जापान, संयुक्त अरब ईमिरेट्स र बहराईन गरी चार मुलुक संग मात्र सम्पन्न भएको छ भने अन्य प्रमुख गन्तव्य मुलुकहरु सँग संझौताको लागि प्रकृया प्रारम्भ गरिएको छ ।

वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्दै सो व्यावसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगार व्यावसायीको हक हितको संरक्षण गर्नको लागि पुरानो वैदेशिक रोजगार ऐन, २०४२ खारेज गरि वैदेशिक रोजगार ऐन, २०६४ र नियमावली, २०६४ समेत तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ । यस ऐन तथा नियमावलीमा उल्लेखित व्यवस्थाहरुलाई अद्यावधिक र समसामायिक तुल्याउन वैदेशिक रोजगार नीति, २०६८ लाई सरकारले तर्जुमा गरी उक्त नीति कार्यान्वयन गर्न रणनीतिक योजनाहरु बनाईरहेको अवस्था छ । वैदेशिक रोजगारबाट फर्केका आप्रवासी कामदारहरुको भविष्य सुरक्षित तुल्याउन उनीहरुले सीकेका सीप, जानेका ज्ञान र अनुभवलाई उपयोग गर्न विभिन्न परियोजना अन्तर्गत कार्यक्रमहरु संचालन गरिएका छन । जसबाट उनीहरुले आर्जन गरेका ज्ञान, सीप र अनुभव नयाँ पिढीका युवाहरुलाई हस्तान्तरण गर्न सकियोस । यसो गर्दा सिकाउनेको पेशा वा रोजगारी आफ्नै देशमा स्थापित हुने र सिक्नेलाई नयाँ चेतना वा जानकारी प्राप्त भई वैदेशिक रोजगारीको क्रममा ठगी वा दुखमा पर्ने अवस्थाबाट मुक्त हुने अवस्था सिर्जना हुन जान्छ ।

हालै नेपालमा घटित वैशाख १२ र २९ गतेको भूकम्प पछि लाखौं नीजि तथा सार्वजनिक घर संरचनाहरु ध्वस्त भएको छ । यी ध्वस्त संरचनाहरुको पुन निर्माण सानो तिनो प्रयास र पूँजीबाट संभव छैन । यसको लागि नेपाल सरकारले अन्तराष्ट्रिय दाता सम्मेलनको आयोजना गरेर अन्तराष्ट्रिय सहयोग प्राप्त गर्ने प्रयास गरयो फलस्वरुप चार खर्व चार अर्व बराबरको सहयोगको आश्वासन पनि प्राप्त गरेको छ । राष्ट्रिय पूँजी एवं अन्तराष्ट्रिय सहयोगबाट प्राप्त रकमबाट ध्वस्त एवं क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण गर्नु परेको छ । सरकारले यसै अभियानको लागि पाच वर्ष सम्म लाग्ने अनुमान गरेको छ । हालै व्यवस्थापिका संसदमा प्रसतुत आ.व.२०७२/०७३ को बजेटमा पनि पुन निर्माण कार्यको लागि बजेट छुट्याईएको छ । तर यहाँ विर्सेनै नहुने पक्ष के छ भने नेपालको पुन निर्माणमा संलग्न हुने जनशक्ति कति मात्रामा र कस्तो प्रकारको छ रु यस बारे एकीन तथ्यांक सरकारको तर्फबाट तयार भएको पाईदैन, भलै चालु आर्थिक वर्ष २०७२/७३ मा करिव ५० हजार सीपयुक्त जनशक्ति तयार गर्ने कार्यक्रम ल्याईएको छ । भुकम्पको कारण ध्वस्त भएका वा क्षतिग्रस्त करिब ५-७ लाख संरचनाहरु पुनर्निर्माण गर्न पाँच वर्षको समयावधी राखेर योजना तयार गर्दा आवश्यक पर्ने जनशक्तिको प्रकार, योग्यता, सीप तथा उपलब्धता बारे एकीन तथ्य र तथ्यांकहरु बाहिर आउनु जरुरी देखिन्छ ।

नेपाल अहिले जनसांख्यिक लाभ लिने अवस्थामा रहेको छ किनकी हाल काम गर्न सक्ने सक्रिय उमेर समूह (१५-५९) वर्षका जनसंख्याको हिस्सा करिव ५७ प्रतिशत रहेको छ । यस्तो अवस्था कुनै पनि मुलुकमा स्थिर रहि रहन सक्तैन । यसै अवस्थाको भरपुर उपयोग गरेर देशको आर्थिक विकासमा ...डको मार्न सकिन्छ । किनकी देशको आर्थिक बिकास गर्न विभिन्न प्रकारका जनशक्तिहरुको आवश्यक पर्दछ । हाल नेपालमा पुन निर्माण प्रयोजनको लागि आवश्यकता पर्ने जनशक्ति मध्ये इन्जिनियर, जियोलीष्ट, आर्किटेक्ट जस्ता दक्ष जनशक्ति देखि सिकर्मी, डकर्मी, ईलेक्ट्रिसियन, प्लम्बर जस्ता अर्ददक्ष र ज्यामी कामदार जस्ता सहयोगी जनशक्तीको आवश्यक्ता देखिएको छ । अव प्रश्न आउछ के नेपालमा पुन निर्माणको लागि आवश्यक पर्ने ढंगका जनशक्ति विधमान छ त रु के इन्जिनियर, जियोलोजिष्ट र आर्किटेक्ट जस्ता उत्पादन गर्न लामो

समय लाग्ने जनशक्ति तत्कालै पूर्ति गर्न सकिन्छ रु  ईलेक्ट्रिसियन, प्लम्बर, सिकर्मि र डकर्मीको काम जानेका नेपालीहरु अहिले काहाँ छन रु के उनीहरुलाई अहिले जिल्ला-जिल्ला र गाउ गाउमा पाउन वा पठाउन सकिन्छ ।

हामी सवैलाई थाहाँ भएकै कुरा हो, वैदेशिक रोजगारीको क्रममा देशभित्रका अधिकांश वयस्क उमेरका युवा र केहि संख्यामा युवतीहरु भारत तथा तेस्रो मुलुकमा पुगेका छन । केहि सीप भएका अर्ध दक्ष को त के कुरा अदक्ष कामदार नागरिकहरु समेत नभएर महिलाहरुले गोरु जोत्नु पर्ने र मलामी जानु पर्ने अवस्था आएको छ । पहाडमा खेतवारी बाँझिएका छन भने तरा... तिरका खेतीयोग्य उर्वर जमिनमा प्लटिङ गरि घर बनाई वस्ती बसाल्ने काम भएको छ । घर बनाउने कामको लागि सीमापारीबाट कामदार झिकाउनु परेको छ । यसरी अगाडि उल्लेख गरिएझै विगतका शुरुमा नेपालीहरुलाई विभिन्न शक्तिशाली मुलुकको साम्राज्य विस्तारको काममा पठाइयो, पछि उनीहरुलाई देश सुरक्षाको लागि पठाइयो । हाल सम्म पनि अन्य देशकै पूर्वधार विकासको संरचना निर्माण जस्ता कठिन कार्यमा पठाउन लागि परेका छौं,लाखौ लाख खर्च गराएर - देशलाई रित्तो बनाएर ।

अन्तमा, वैशाखको भूकम्पले नेपालीहरुको मन मस्तिष्कलाई हल्लाएर नेपालकै पुन निर्माण वा नव निर्माण तर्फ केन्द्रित गर्यो होला भन्ने अनुमान शुरुमा गरिएको थियो । कसै कसैले वैदेशिक रोजगारको क्रममा विदेशमा रहेका नेपालीहरुलाई फिर्ता वोलाई वा छुट्टिमा झिकाई पुन निर्माण कार्यमा लगाउनु पर्ने धारणा पनि राखेका थिए । विस्तारै सो कुरा सेलाउदै गयो । नेपालमा राम्रो शुरुवाती चाडै सेलाउने र नराम्रो प्रवृत्ती फैलने नियती नै रहेको छ । ठीक यही वेला नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालयले वैदेशिक रोजगारीलाई व्यवस्थित गर्दै निशुल्क भिषा र टिकटमा मात्र निश्चित देशहरुमा कामदार पठाउने निर्णय गर्यो। यस अनुसार सवै कामदार विदेश नगए स्वदेशको पुन निर्माणमा पनि संलग्न हुन पाँउथे / देशको पुन निर्माण हुँदा कसलाई घाटा लाग्ला ।

ooo

# श्रमका निम्ति बसाइँसराईमा सार्क संगठनको भूमिका



-गणेश घिमिरे 'मार्मिक'*

कुनै पनि मुलुकको आर्थिक विकासमा श्रम क्षेत्रको महत्वपूर्ण भूमिका रहेको हुन्छ । श्रमको उचित व्यवस्थापनबाट अवसरहरुको सृजना गर्दै श्रमिक वर्गको आर्थिक उन्नति र जीवनस्तरमा सकारात्मक सुधार ल्याउन राज्यले अपनाउने श्रम नीति प्रभावकारी हुनु जरुरी हुन्छ । श्रमबाट नै उत्पादन र उत्पादकत्व वृध्दि हुने हुँदा यस क्षेत्रलाई प्राथमिकतामा राखेर राज्यले आफ्ना कार्यक्रमहरुलाई अघि बढाउनु आवस्यक हुन्छ । यसका लागि अन्तर्राष्ट्रिय संगठनहरुको उपयोग गरेर पनि साझा धारणाहरु बनाउने र साझा प्रयासहरु अगाडि बढाउनुपर्ने हुन्छ ।

यिनै कुराहरुलाई मधयनजर गरेर नै नेपालमा वि.सं.२०३८ सालमा श्रम विभागको स्थापनादेखि २०६९ सालमा आएर श्रम तथा रोजगार मन्त्रालयको स्थापना गरिएको देखिन्छ । यस मन्त्रालयले नेपालको आन्तरिक श्रम व्यवस्थापन र वैदेशिक रोजगारलाई पनि व्यवस्थित, मर्यादित बनाउँदै श्रमिकका हक हीतको संरक्षणमा आफ्नो भूमिकालाई कन्द्रित गर्दै आएको पाइन्छ । आन्तरिक श्रम क्षेत्रलाई थप व्यवस्थित गर्दै र वैदेशिक रोजगारीको व्यवस्थापनबाट मुलुकको कुल गार्हस्थ उत्पादनमा महत्वपूर्ण योगदान गर्न सफल भएको विप्रेषण भित्र्याउने वातावरणको सृजना गर्न यस मन्त्रालयले आफ्नो भुमिकालाई अझ प्रभावकारी बनाउँदै आएको छ । त्यसो त यस मन्त्रालयले अपेक्षित रुपमा आफ्ना गतिविधिहरुलाई व्यवस्थित गर्न नसकिरहेको भन्ने गुनासाहरु पनि जनमानसबाट आउने नगरेका होइनन् । तथापि जे जति कार्यहरु यसले गर्दै आएको छ त्यसबाट श्रम व्यवस्थापनमा क्रमशः सुधार हुँदै आएको कुरा भने सत्य हो ।

श्रम क्षेत्रको विकास र व्यवस्थापन भन्नेवित्तिकै आन्तरिक श्रम बजारको सृजना, उचित वातावरण र व्यवस्थापनले निर्धारण गर्ने कुरा भन्ने बझ्नु जरुरी हुन्छ । निश्चय नै श्रमशक्ति रहे बसेकै स्थानमा श्रमका सबै अवसरहरु उपलब्ध हुन्छन् भन्न सकिन्न । त्यसका लागि श्रमिकहरु जिविकोपार्जनका लागि श्रमको अवसर प्राप्त गर्न आफू बसेको स्थानबाट आन्तरिक वा वाह्य रुपमा स्थानान्तरण हुनुपर्ने हुन्छ । यसै स्थानान्तरणलाई नै श्रमका लागि बसाइँसराई भनिन्छ । श्रम क्षेत्रको व्यवस्थापनका लागि त्यस्तो वसाइँसराईको अवस्था, प्रक्रिया र प्रवृत्ति अनि आवस्यकता र यथार्थताको अध्ययन आवश्यक हुन्छ ।

श्रमका लागि दक्षिण एसियाली मुलुकका तीन करोड साठी लाख जनता आफ्नो जन्मस्थानभन्दा टाढा गई बसोबास गरिरहेका छन् । यस क्षेत्रबाट प्रत्येक वर्ष बीस लाखको संख्यामा खाडी मुलुक तथा दक्षिणपूर्वी एसियामा बसाइँसराई गरिरहेको वर्तमान अवस्थालाई आधार मान्ने हो भने यो संख्यामा अझैं उल्लेखनीय बढोत्तरी हुने संभावना टड्कारो देखिन्छ । यसरी श्रमका लागि बसाइँसराई गर्नेहरुमध्ये उच्चदक्ष श्रमिकहरुको प्रमुख गन्तव्य यूरोप, अमेरिका, अष्ट्रेलिया, क्यानाडा, जापान आदि मुलुकहरु छन्भने प्राय अर्धदक्ष तथा अदक्ष कामदारहरुको गन्तव्य भने मलेसिया, कतार, यु.ए.ई., साउदी अरेविया, बहराइन, कुवेत, इजरायल, कोरिया आदि मुलुकहरु हुने गरेको देखिन्छ ।

दक्षिण एसियाली मुलुकहरुको बसाइँसराईका लक्षित मुलुक, सिपको स्तर र कामको क्षेत्रमा समानता रहेको पाइन्छ । दक्षिण एसियाली क्षेत्रमा रहेको औषत ६.२ प्रतिशतको बेरोजगारी र बढ्दो युवा जनसंख्याका कारण

---

* शाखा अधिकृत, श्रम तथा रोजगार मन्त्रालय

पनि बसाईंसराइ जीवनयापनको एउटा विकल्पका रुपमा स्थापित भइरहेको छ । यसको एक झलक निम्न तथ्याङ्कले देखाउँछ –

| मुलुक | बाहिरिनेको संख्या | भित्रिनेको संख्या | बेरोजगारी दर (विश्व बैाक) | विप्रेषण (अमेरिकी डलर) वा औषत घरेलुउत्पादनमा योगदान (विश्व बैाक) |
|---|---|---|---|---|
| अफगानिस्तान | ५१०६०० | १०५००० | ८ % | २.६ % |
| वङ्गलादेश | ७७५५००० | १३९७००० | ४.३ % | ९.२ % |
| भुटान | ४४६००० | ४०२००० | २.९ % | ०.८ % |
| भारत | १४१५७००० | ५३३८००० | ३. % | ६३.४ % |
| माल्दिभ्स | ८४००० | १००० | ११.०० % | ६०.१ % |
| नेपाल | १०४५००० | ९७१००० | २.७ % | २९ % |
| पाकिस्तान | ५६८५००० | ४०८१००० | ९.१ % | ६.९ % |
| श्रीलंका | १२५२००० | ३२५००० | ४.२ % | ९.० % |
| **कुल** | **३५५३०००** | **१२६२००००** | **६.२ % (औषत)** | |

*स्रोत : सार्टक*

यस प्रकार जीवनयापनका लागि श्रम र श्रमका लागि बसाइँसराईको आवस्यकतानुसार बाहिरिने श्रमशक्तिबाट प्राप्त हुने विप्रेषणले राष्ट्रको कुल गार्हस्थ उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको यथार्थ एकातिर छ भने अर्कोतिर देशको युवा श्रमशक्ति बाहिरिने क्रमसँगै राष्ट्रिय उत्पादकत्वमा ह्रास आउने भई देश परनिर्भरतातर्फ उन्मुख हुँदै जाने खतरा पनि त्यत्तिकै छ । यस कुरालाई सम्वेदनशील भएर सोच्नुपर्ने बेला आएको छ । नेपालजस्तो अल्पविकसित मुलुकले विप्रेषणका लागि युवा जनशक्तिको वहिर्गमनलाई रोक्नेतर्फ आवश्यक कदम चाल्नुको सट्टा वैदेशिक रोजगारीलाई नै मात्र प्रवर्द्धन गर्नेतर्फ उद्यत हुने होभने यसको दीर्घकालीन परिणाम निशचय पनि नकारात्मक नै हुन्छ । तसर्थ वैदेशिक रोजागारीलाई क्रमशः न्यून गराउँदै आन्तरिक श्रम बजारको खोजी, उद्योग कलकारखानाहरुको स्थापना, स्वरोजगारीको अवस्था सृजना गर्नेतर्फ राज्यको ध्यान जानु पर्छ ।

अन्तर्राष्ट्रिय श्रम बजारमा श्रमिकहरु पठाउने देशहरुमा दक्षिण एशियाली मुलुकहरुले महत्वपूर्ण हिस्सा ओगटेका छन् भन्न सकिन्छ । तसर्थ आफ्ना श्रमिकहरुको पारिश्रमिक, सेवा, सुविधा, सामाजिक सुरक्षा, पेशागत सुरक्षा जस्ता कुराहरुलाई नियमित र व्यवस्थित गर्न सार्क संगठनले साझा सहमतिका आधारमा रोजगारदाता राष्ट्रहरुसँग समझदारी कायम गर्न संयुक्त प्रयासको थालनी गर्नुपर्ने आवश्यकता छ । यसै आवश्यकतालाई आत्मसात गरेर नै काठमाडौमा सम्पन्न सार्कको अठाह्रौं सम्मेलनले श्रमका लागि बसाइँसराईको महत्वलाई पहिचान गरेको थियो । उक्त सम्मेलनमा सार्क क्षेत्रबाट श्रमका लागि बिदेशिने श्रमिकहरुको सुरक्षा र जिम्मेवार व्यवस्थापनका लागि संयोजन र सहकार्य गर्ने सहमति गरेको थियो । त्यसो त यस सम्मेलनपूर्व पनि सार्क मुलुकहरुले आन्तरिक रुपमा श्रमिकहरुको सुरक्षा र श्रमको लागि उपयुक्त वातावरण निर्माणका लागि न्याय व्यवस्था र प्रशासनिक संरचनाको व्यवस्था अपनाउँदै आएका थिए । यही व्यवस्थालाई थप उर्जा प्रदान गर्दै सार्क सम्मेलनले थप सहमति बनाएको हो ।

खासगरी दक्षिण एशियाली राष्ट्रहरुमा वैदेशिक रोजगारीमा आफ्ना श्रमिकहरु पठाउन होडबाजी हुने गरेको पाइन्छ । यस प्रकारको होडवाजीले श्रमिकहरुको तलव, सुविधा, सामाजिक सुरक्षा, पेशागत सुरक्षा जस्ता आधारभूत कुराहरुमा समस्या उत्पन्न गराउँछ । यसै होडबाजीको गलत फाइदा उठाउँछन् रोजगारदाता राष्ट्रहरु । श्रमिक पठाउने राष्ट्रहरुको यही कमजोरीका कारण उनीहरुले श्रमिकहरुको श्रमशोषण गर्न सक्छन्, उनीहरुलाई सस्तो ज्यामीका रुपमा उपयोग गर्छन् । उनीहरुलाई मानवीय दृष्टिले होइन केवल निर्जीव मेसिनका हैसियतमा व्यवहार गर्न उद्यत हुन्छन् । यसकारण पनि सार्क संगठनले आफ्ना कामदारहरुको

श्रमलाई मर्यादित बनाउन उनीहरुको उचित पारिश्रमिक, सेवा, सुरक्षाका सम्बन्धमा समान धारणा बनाउँदै संयुक्त रुपमा आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

सार्क संगठनले वैदेशिक रोजगारीमा जाने आफ्ना श्रमिकहरुको मानवाधिकार तथा श्रमसुरक्षा र श्रमिकहरुको हीत प्रवर्द्धन गर्न देहायका कार्यहरु गर्नु आवश्यक देखिन्छ :–

**१. न्युनतम पारिश्रमिक निर्धारण सम्बन्धी कार्य:**

कतिपय रोजगारदाता मुलुकमा श्रमिकको न्युनतम पारिश्रमिक नतोकिएको अवस्था विद्यमान छ । त्यस्तो अवस्थामा माग र आपूर्तिका आधारमा पारिश्रमिक निर्धारण हुने र कहिलेकाहीँ संझौतामा फेरबदल हुने समेत अवस्था हुने हुँदा श्रमिकको सेवाको सुरक्षा नहुने भई उनीहरु अन्यायमा पर्ने संभावना प्रवल हुन्छ । यसर्थ संगठनले यस सम्बन्धमा स्पष्ट नीति ल्याउन र सम्बन्धित मुलुकको सरकारसँग समन्वय गर्नु आवश्यक छ ।

**२. सामाजिक सुरक्षाको ग्यारेण्टी सम्बन्धी कार्य:**

श्रमिकहरुको गन्तव्य मुलुकमा उनीहरुको सामाजिक सुरक्षाको ग्यारेण्टी हुने अवस्थाको सृजना गर्न सार्क संगठनले आवश्यक पहल गर्नु पर्दछ । आ-आफ्नो राष्ट्रमा श्रमिकहरुको सामाजिक सुरक्षाको प्रवन्ध गर्ने दायित्व सरकारको हो । नेपालका सन्दर्भमा भन्नुपर्दा श्रमिकहरुका लागि सामाजिक सुरक्षा कोषको स्थापना भएको भएपनि आवश्यक कानुनको अभावमा यो व्यवस्था लागू हुन भने नसकिरहेको अवस्था छ । सामाजिक सुरक्षा कोष ऐनको विधेयक व्यवस्थापिका संसदमा विचाराधीन रहेको छ ।

**३. सुरक्षाका लागि सचेतनाको प्रवन्ध:**

श्रमिकहरु रोजगारीका लागि बिदेशिनुपूर्व उनीहरुलाई गन्तव्य मुलुकको भौगोलिक अवस्थिति, हावापानी, रहनसहन, भाषा, धर्म, संस्कृति अनि आफूले गर्नुपर्ने कामको प्रकृति र सिपका बारेमा पर्याप्त ज्ञान प्रदान गर्नु आवश्यक हुन्छ । त्यसका अतिरिक्त उनीहरुलाई श्रम अधिकार,आफ्नो देशको अवस्था एवम् श्रमका निम्ति आवतजावत प्रकृयाका बारेमा सचेतना प्रदान गर्न तालीम तथा सचेतना कार्यक्रमहरु संचालन गर्ने प्रवन्ध मिलाइनु पर्दछ ।

**४. पेशागत सुरक्षा र स्वास्थ्य :**

समान न्युनतम व्यवस्था अनुरुप लक्षित मुलुकहरुमा पेशागत सुरक्षा र स्वास्थ्य सम्बन्धी मापदण्ड बनाइनु आवश्यक हुन्छ । रोजगारदाताले नै श्रमिकलाई परीक्षणकालमा पेशागत सुरक्षा र स्वास्थ्य सम्बन्धी तालीम दिनुपर्ने कुरालाई सुनिश्चित गरिनु पर्दछ । विदेशमा कार्यवातावरणमाथि निगरानी राख्नु पर्दछ ।

**५. श्रमिकहरुको सङ्कटकालीन सुरक्षा :**

श्रकिहरुको वीमामा सङ्कटकालीन उध्दार तथा पुनर्स्थापनालाई पनि सामेल गरिनु पर्दछ । सङ्कटकालीन अवस्थामा श्रमिकहरुलाई उध्दार गरी स्वदेश फर्काउने सम्बन्धमा सार्क मुलुकहरुबीच वहुपक्षीय सहमति बन्नु आवश्यक छ ।

**६. आपूर्ति व्यवस्थामा निगरानी :**

श्रमिक भर्तीको व्यवस्था सरकार वा रोजगारदाताले नै आफ्नै खर्चमा वा निःशुल्क रुपमा गर्ने व्यवस्था हुनु उपयुक्त हुन्छ । श्रमिकको अधिकारको रक्षाका लागि कम्पनी, रोजगारदाता र भर्ती गर्ने एजेण्टका लागि पहिचान र सजायको व्यवस्था हुनु आवश्यक छ । नेपालले गत वर्षदेखि खाडी मुलुक र मलेशियामा पठाइने कामदारलाई फ्री भीषा फ्री टिकट प्रथालाई अनिवार्य गरेको छ । तथापि यसको कार्यान्वयनका सम्बन्धमा विभिन्न गुनासा र उजुरीहरु आइरहेको अवस्था छ ।

**७. न्यायिक र कानुनी सहायता :**

वैदेशिक कामदारका निम्ति न्यायिक र कानुनी सहायताका लागि सार्क राष्ट्रहरु बीचको पारस्परिक सहभागिता र सहमतिमा निश्चित निकायको स्थापना गर्ने वा सम्बन्धित दूतावास वा कुटनीतिक नियोग वा श्रम सहचारी मार्फत श्रमिकको नयायिक र कानुनी सहायता एवम् मानवाधिकार संरक्षणका लागि रोजगारदाता मुलुकको सरकारसँग समन्वयात्मक भूमिका खेल्न सार्क संगठनको भूमिका अपेक्षित छ ।

यस प्रकार श्रमका निम्ति बसाइँसराई गर्न वाध्य कामदारहरुको हित प्रवर्द्धनका लागि सम्बन्धित मुलुक त जिम्मेवार रुपमा प्रस्तुत हुनै पर्दछ भने यस क्षेत्रको सन्दर्भमा सार्क संगठनले निर्वाह गर्नु पर्ने भूमिका पनि उत्तिकै महत्वपूर्ण देखिन्छ । यसै आवस्यकताको पृष्ठभूमिमा सार्क संगठनले यसतर्फ चासो देखाउन थालेबाट श्रमका लागि बसाइँसराई गर्ने श्रमिकहरुका लागि आशान्वित उपलब्धी हुन सक्ने शुभसङ्केतका रुपमा यसलाई लिन सकिन्छ ।

ooooo

# सामाजिक सुरक्षा विधेयक, २०७२ र सामाजिक सुरक्षाका सवालहरु



पवित्रा घिमिरे खनाल*

नेपालको संविधान, २०७२ जारी भएको यही असोज ३ गते एक वर्ष पुरा भएको छ । मुलुकमा सामाजिक न्यायका लागि संकल्पकृत हालको संविधानको धारा ४२ मा सामाजिक न्यायको हक तथा धारा ४३ मा सामाजिक सुरक्षाको हकको व्याख्या गरिएको छ । त्यस्तै धारा ५१ ९झ० मा उल्लेखित श्रम तथा रोजगार सम्वन्धी नीति अन्तर्गतको बुँदा नं. ९२० मा मर्यादित श्रमको अवधारणा अनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षाको प्रत्याभुति गर्ने र ९ञ० मा उल्लेखित समाजिक न्याय र समावेशीकरण सम्वन्धी नीती अन्तर्गतको बुदाँ नं. ९१२० मा सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने व्यवस्था गरेको छ ।

संविधानको उल्लेखित समाजिक सुरक्षा सम्बन्धी मौलिक हक र नीतिगत व्यावस्थाको कार्यान्वयन गरी न्यायपूर्ण समाज निर्माण गर्न श्रम तथा रोजगार मन्त्रालयले सामाजिक सुरक्षा प्रदान गर्ने सम्बन्धमा बनेको विधेयक, २०७२ व्यवस्थापिका संसदमा दर्ता गरी सैद्धान्तिक छलफलको क्रममा रहेको छ । उक्त सामाजिक सुरक्षा विधेयकले योगदानमा आधारित नागरिकको सामाजिक सुरक्षाको अधिकारलाई सुनिश्चित गर्दै एकिकृत रुपमा सामाजिक सुरक्षाका कार्यक्रमहरुबाट नागरिकको हित अभिवृद्धि गर्ने लक्ष्य लिएको छ । विधेयक पारित भएपछि औपचारिक र अनौपचारिक क्षेत्रका श्रमिकलाई योगदानका आधारमा सामाजिक सुरक्षा प्रदान गरिनेछ ।सामाजिक सुरक्षा कोषको स्थापना गरी सामाजिक सुरक्षालाई व्यवस्थित, सुदृढ र प्रभावकारी वनाउने अपेक्षा गरिएको छ ।

प्रस्तावित सामाजिक सुरक्षाका विधेयकमा आश्रित परिवार, योगदानयोग्य आय, योगदान, रोजगारदाता, स्वरोजगारमा रहेका व्यक्ति, श्रमिक र श्रमशक्ति जस्ता मुख्य शाब्दावलीहरुको परिभाषा गरिएको छ ।
विधेयकमा आधारभुत सामाजिक संरक्षणका कार्यक्रमहरु निम्न रहेका छनः

- आधारभूत स्वास्थ्य सेवा,
- पूर्व प्राथमिक, प्राथमिक र माध्यामिक तहको शिक्षा
- आवास तथा खाद्य सुरक्षा,
- संस्कृति संरक्षण सम्बन्धी,
- स्वच्छ पिउने पानी, वातावरण संरक्षण र वन तथा बनजन्य उत्पादनको उपयोग,
- आधारभूत उर्जा उपयोग,
- आय आर्जनका कार्यक्रम, बीउ विजन संरक्षण तथा कृषि बीमा सम्बन्धी कार्यक्रम,
- राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य कार्यक्रम ।

---

* शाखा अधिकृत, श्रम तथा रोजगार मन्त्रालय

**विधेयकमा नागरिकले प्राप्त गर्ने सामाजिक सहयोग सम्वन्धी मुख्य व्यवस्था निम्न रहेका छनः**

- तोकिएको अस्पताल बा स्वास्थ्य चौकी वा स्वास्थ्यकर्मीको प्रत्यक्ष सहयोगमा बढीमा दुई सन्तान जन्माउने महिलाले सुत्केरी पोषण खर्च
- पतिको मृत्यु भएको वा ४० वर्ष उमेर पुरा हुँदासम्म विवाह नगरी बसेकी वा सम्बन्ध विच्छेद गरेकी एकल महिलाले एकल महिला सहयोग
- ७० वर्ष उमेर पुरा भएको जेष्ठ नागरिकले जेष्ठ नागरिक सहयोग (पछाडि पारिएका क्षेत्र वा आर्थिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पिछडिएका जात, जाति वा समुदायका नागरिकको हकमा ६० वर्ष)
- अपाङ्ग तथा अशक्त नागरिकले जिविकोपार्जन सहयोग
- पूर्व कमैया, कम्लरी, हलिया, हरवा चरवा, भरिया तथा नेपाल सरकारले तोकेका अन्य आर्थिक सामाजिक रुपमा पछाडि परेका नागरिकले प्रतिपरिवार अतिगरिव परिवार राहत सहयोग
- लोपोन्मुख जाति वा समुदायका प्रत्येक नागरिकले जीविकोपार्जन सहयोग ।

प्रस्तावित सामाजिक सुरक्षाका विधेयकमा कुनै कारणले विद्यालय जान नसकेका वा विद्यालयस्तरको अध्ययन पूरा गर्न नसकेका १६ वर्षदेखि ४० वर्षसम्म उमेर समूहको नागरिकलाई निःशुल्क रुपमा सीप विकास तालिम प्रदान र तालिम पुरा गरेका नागरिकलाई प्रशिक्षार्थी कामदारको रुपमा रोजगारीमा प्राथमिकता ।साथै तालिम प्राप्त गरेका नागरिकले कुनै पेशा व्यवसाय गर्ने भएमा सहुलियत पूर्ण तथा प्राविधिक सहायताद्वारा स्वरोजगारका लागि प्रोत्साहन गरेको छ।

विधेयकमा १८ वर्ष उमेर पुरा भई ६० वर्ष उमेर नपुगेका र विद्यार्थीको रुपमा औपचारिक वा प्राज्ञिक अध्ययनका लागि शिक्षण संस्थामा भर्ना वा अध्ययनरत नभएको वा कुनै पनि किसिमको राजगारीमा नरहेको नेपाली नागरिकले रोजगार गर्न चाहेको भए तापनि रोजगारी नपाएको अवस्थामा निजलाई वेरोजगार परिचयपत्रको जारी गर्ने व्यवस्था गरिएको छ।

**विधेयकमा रोजगार सुरक्षा सम्वन्धी कार्यक्रम निम्न रहेका छनः**

- सीप विकास तालिम,
- लघु व्यवसाय विकास (स्वरोजगार) कार्यक्रम,
- पुर्वाधार विकास कार्यक्रम अन्तर्गतको श्रममूलक काम,
- राष्ट्रिय अभियानका रुपमा घोषणा गरिएको कुनै रोजगार विकास कार्यक्रम,
- योगदानमा आधारित सामाजिक सुरक्षा योजना सम्वन्धी व्यवस्था (ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सामाजिक सूरक्षा योजनामा योगदान नगर्ने कुनै पनि श्रमिकले सामाजिक सुरक्षा प्राप्त गर्न नसक्ने),
- योगदान जम्मा गर्नु पर्ने व्यवस्था ।

प्रस्तावित सामाजिक सुरक्षाका विधेयकमा अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्ति सामाजिक सुरक्षा योजनामा सहभागी हुन सक्ने व्यवस्था, सामाजिक सुरक्षा योजना छनौट गर्न सक्ने व्यवस्था, योगदानको दर निर्धारण सम्वन्धी व्यवस्था र योगदान संकलन तथा सुविधा भुक्तानी सम्बन्धी व्यवस्था गरिएको छ।

**विधेयकमा सामाजिक सुरक्षाकोषले संचालन गर्ने सामाजिक सुरक्षा योजनाहरु निम्न रहेका छनः**

- बेरोजगारी सुरक्षा योजना
- मातृत्व संरक्षण योजना
- औषधि उपचार तथा स्वास्थ्य सुविधा योजना
- दुर्घटना सुरक्षा योजना
- वृद्धावस्था सुरक्षा योजना
- आश्रित परिवार सुविधा योजना
- अशक्तता सुरक्षा योजना
- कोषले तोकेको अन्य सामाजिक सुरक्षा योजना

प्रस्तावित सामाजिक सुरक्षाका विधेयकमा सामाजिक सुरक्षा कोषको स्थापना तथा संचालन सम्वन्धी व्यवस्था, राष्ट्रिय निर्देशन सम्वन्धी व्यवस्था, सामाजिक सुरक्षा पाउने व्यक्तिको पहिचान अभिलेख  र परिचयपत्र सम्न्धी व्यवस्था, कार्यकारी निर्देशक तथा कर्मचारी सम्वन्धी व्यवस्था र कसुर र दण्ड सजाय सम्वन्धी व्यवस्था रहेका छन् ।

अन्त्यमा, सामाजिक सुरक्षा प्रदान गर्ने सम्बन्धमा बनेको विधेयक, २०७२ व्यवस्थापिका संसदबाट पारित भएमा सामाजिक सुरक्षा योजना कार्यान्वयन भई आर्थिक रुपले विपन्नलाई प्राथमिकता सहित योगदानमा सहभागी हुने सबै लिङ्ग, क्षेत्र र समुदाय लाभान्वित हुनेमा अपेक्षा रहेको छ ।

ooo

# वैदेशिक रोजगारमा नेपाली युवाहरुको आकर्षण



बल्लभ बिष्ट*

## १. पृष्टमूमिः

नेपालमा आन्तरिक रोजगारका अवसरहरु अत्यन्त न्यून रहेको हुँदा वैदेशिक रोजगार नेपाली युवाहरुको आकर्षाको केन्द्र बनेको छ । स्वेदशमा रोजगारी खोज्नु भन्दा एक पटक विदेश जाउँ भन्ने प्रवृत्ति र विदेशमा गई काम गर्दा आकर्ष कमाई हुन्छ भन्ने धारणाले पनि वैदेशिक रोजगारमा जानेको संख्या बढदो रहेको छ । नेपालको श्रम बजारमा मित्र राष्ट्र भारतका श्रमिकहरुको हरेक क्षेत्रमा वाहुल्यता रहेको पाइन्छ । विदेशमा गएर २४ सै घण्टा खट्ने, जुनसुकै प्रकृतिका काम गर्ने तर आफ्नो देशमा रहेको आन्तरिक श्रम बजारमा आफ्नो श्रम देखाउन लाज मान्ने प्रवृत्तिले पनि दैदेशिक रोजगारमा जाने श्रमिकहरुको बाहुल्यता रहेको पाइन्छ ।

नेपालबाट हरेक दिन नेपाली श्रमिकहरु करिव १५०० को हाराहारीमा वैदेशिक रोजगारीमा जाने गरेको अभिलेखबाट प्रष्ट हुन्छ । यसरी जाने श्रमिकहरु मध्ये नेपाली महिलाहरुको संख्या करिव १० प्रतिशत रहेको छ । मानवजातीको उत्पत्तिकाल देखिनै आफ्नो जिविकापार्जनको लागि एक ठाउँबाट अर्को ठाउमा जाने बसाइसर्राई गर्ने प्रवृत्ति रहेको पाइन्छ । खासगरी जनसंख्याको वृद्धिदर तथा अन्तराष्ट्रिय जगतमा भएको औद्योगिकिकरणको विकास, शहरीकरणसँगै कामको खोजीमा मानिसहरु विदेश जाने क्रम तीव्रगतिमा वृद्धि भएको पाइन्छ । विश्वभर आप्रवाशनमा जाने जनसंख्याको करिव ३ प्रतिशत मानिसहरु वैदेशिक रोजगारीमा जाने गरेपनि नेपालमा यसको वृद्धिदर झण्दै दोब्बर रहेको पाइन्छ ।

आ.व. २०६७।०६८ मा वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या, ३,५४,७१६ रहेकोमा आ.व. २०७१।७२ मा ५,१२, ८८७ जना पुगेको देखिन्छ । यसरीनेपाली युवाहरु वैदेशिक रोजगारीमा जान थालेको र आ.व. ०७२।०७३ को चैत्र मसान्तसम्म श्रम स्वीकृति लिनेको संख्या ४५,८३,६४३ पुगेको अभिलेखबाट देखिन्छ । यसरी अभिलेखित बाहेक पनि भण्डै उत्तिकै हाराहारीमा वैदेशिक रोजगारीमा भारत लगायतका देशहरुमा रोजगारीका लागि गएको अनुमान गरिन्छ ।

## २.वैदेशिक रोजगारीको व्यवस्थापनः

वर्षोनी लाखौ युवाहरु रोजगारीका लागि विदेशिने क्रम वढ्दै गएको अवस्थामा नेपाल सरकारले वैदेशिक रोजगारी व्यवस्थापन चुस्त दुरुस्त पार्नु जरुरी देखिन्छ । वैदेशिक रोजगारीलाइ सुरक्षित, मर्यादित र व्यवस्थित तुल्याउन सरकारी तथा गैहसरकारी क्षेत्रमा विभिन्न निकायहरु गठन भएका छन् ।

---

* शाखा अधिकृत, श्रम तथा रोजगार मन्त्रालय

(क) **सरकारी स्तरका निकायहरुः**

- श्रम तथा रोजगार मन्त्रालय ।
- परराष्ट्र मन्त्रालय (राजदुतावास तथा श्रम सहचारी, कुटनैतिक नियोग)
- ग्रह मन्त्रालय ।
- वैदेशिक रोजगार विभाग ।
- वैदेशिक रोजगार न्यायाधिकरण
- वैदेशिक रोजागर प्रवर्द्धन वोर्ड ।
- वैदेशिक रोजगार कार्यालयहरु ।

(ख) **गैर सरकारी निकायहरुः**

- वैदेशिक रोजगार व्यवसाय संचालन गर्न स्वीकृत प्राप्त इजाजतपत्रवाला म्यान पावरहरु -७५४
- अभिमुखिकरण तालिम प्रदायक संस्था-११६
- सूचिकृत स्वास्थ्य संस्थाहरु -२८४
- इजाजत प्राप्तवाला म्यानपावरका शाखा कार्यालयहरु-४७
- इजाजतपत्र प्राप्तवालाका एजेन्टहरु-७०५
- घरेलु कामदारलाई तालिम प्रदायक संख्या-१७

(ग) **वैदेशिक रोजगार व्यवस्थापन व्यवस्थापनका लागि नेपाल सरकारले गरेको प्रयासहरुः**

- वैदेशिक रोजगारमा पठाउने संस्थाहरुको अनिवार्य इजाजातपत्रको व्यवस्था ।
- वैदेशिक रोजगारका सिलसिलामा गरिने व्यवस्थापकिय प्रकृयामा सरल र सहजता ।
- विमानस्थल श्रम डेस्क, सूचना केन्द्रको स्थापना ।
- विमाको व्यवस्था
- कल्याणकारी कोषको स्थापना
- श्रम सहचारीको व्यवस्था
- श्रम स्वीकृतीको अनिवार्य व्यवस्था
- निशुल्क कानूनी परामर्श सेवा ।
- इजाजतपत्र प्राप्त संस्थाबाट विदेश गई कामको सिलसिलामा विदेश मै मृत्युहुनेको सन्ततीलाई छात्रवृत्तिको व्यवस्था
- वैदेशिक रोजगारीको सिलसिलामा ठगिने श्रमिकहरुलाई कानूनी उपचारको साथै क्षेतीपूर्तिको समेत सम्बन्धीत प्रेशक संस्थाबाट भराउने व्यवस्था ।

(घ) **वैदेशिक रोजगारसँग सम्वन्धित कानूनहरु**

ऐन/नियमावलीः

- श्रम ऐन, २०४८, निमावली २०५०
- ट्रेड युनियन ऐन, २०४९, नियमावली, २०५०
- बालश्रम -निषेध तथा नियमिति गर्ने) एने,२०५६, नियमावली २०६२
- वोनस ऐन, २०३०, नियमावली २०३९
- वैदेशिक रोजगार ऐन, २०६४, नियमावली २०६४

उल्लेखित ऐन/ नियमलाई व्यवस्थित गर्न विभिन्न निति, कार्यविधि तथा निर्देशिकाहरु समेत समय समयमा तयार गरी कार्यान्वयनमा रहेका छन् ।

## ३. समस्याहरुः

- देशको यूवा श्रम शक्ति संलग्न हुने वैदेशिक रोजगारीको क्षेत्रलाई अपेक्षकृत रुपमा सुरक्षित, मर्यादित बनाउन सकिएको छैन ।
- वैदेशिक रोजगारीमा जानुपर्ूव गरिने अभिमुखिकरण तालिम प्रमाण पत्रमा मात्र सिमित हुनु ।
- यथोचित अनुगमन र नियमन गर्न नसक्नु, दक्ष जनशक्तिको उत्पादन गर्न नसक्नु ।
- आयश्रोत नभएको युवाहरुलाई सरल व्याजदरबाट ऋण उपलब्ध गर्राई स्वरोजगार तर्फउत्प्रेरित गराउन नसक्नु ।
- वैदेशिक रोजगारमा गई फर्केकाहरु लागि पूनः स्थापना गराउने कुनै कार्यक्रम नबन्नु ।
- वैदेशिक रोजगारीबाट प्राप्त रकमको उत्पादन मूलक कार्यमा प्रयोग गर्न नसक्नु ।
- प्रशासनिक प्रक्रिया झन्झटिलो हुनु ।
- सुरक्षित, मर्यादित र वढी आम्दानी हुने मुलुक र कामको पहिचान गर्न नसक्नु ।
- वैदेशिक रोजगारमा जाँदा गरिने सम्झौता र गइसकेपछि  गर्ने सम्झौतामा, कम्पनी, काम र पारिश्रमिकमा परेको फरकलाई व्यवस्थित गर्न नसक्नु ।

## ४. समस्या समाधानका उपायहरुः

- दक्ष कामदारका लागि आवशयक पर्ने तालिम प्रदान गर्नु ।
- संस्थागत कानूनी सुधारमा क्रमिक प्रयास र प्रक्रियागत सरलिकरण गर्नु ।
- वैदेशिक रोजगार सम्बन्धी विशेषज्ञहरुको ज्ञान र सीपको यथोचित प्रयोग गर्ने ।
- देश व्यापी रुपमा वैदैशिक रोजगार सम्बन्धी चेतना मूलक कार्यक्रम संचालन गरी जनतालाई सूसुचित गराउने।
- वैदेशिक रोजगारलाई विपन्नवर्गको उत्थानमा अधिक प्रयोग गर्ने ।
- वैदेशिक रोजगार सम्बन्धी सबै कार्य एकै ठाउबाट गर्ने एकद्धार प्रणाली लागू गर्ने ।
- वैदेशिक रोजगारमा रहेका आप्रवासी नेपालीहरुलाई सहयोगमा परिचालन गर्न उत्पे्ररणा जागृत गर्ने ।
- श्रम दिने र श्रम लिने मुलुकका बीच सरकारी पक्षबाट नै द्धिपक्षिय श्रम सम्झौता गरी वैदेशिक रोजगार सुरक्षित, भरपर्दो र मर्यादितबनाउने ।
- वैदेशिक रोजगारबाट फर्किएकाहरुलाई उत्पादन मूलक कार्यमा लाग्ने प्याकेजको योजना बनाई कार्यान्वयन गर्ने।
- महिलाहरुलाई छुटै विशेष प्याकज वनाई दैदेशिक रोजगारमा पठाउने ।

## निश्कर्षः

एकातर्फयोग्यता र दक्षता चाहिने प्रकारको सीपको अभावले गर्दा विदेशमा आवश्यक पर्ने दक्ष श्रमिक / कामदार पठाउन सकिएको छैन, जसले गर्दा राम्रो आर्थिक उपार्जन हुने देश र कम्पनीमा जान नेपालीहरु वन्चित रहेका छन । अर्कोतर्फ स्वदेशमै आवश्यक पर्ने छोटामोटा कार्यको लागि श्रमिकको अभाव भै भारतीय

कामदारहरुको विगविगी रहन गएको छ । रोजगारीका लागि विदेश जाने नेपालीहरु इजाजतपत्र प्राप्त संस्थाहरुले तोकिएको रकम भन्दा वढी रकम असुल गर्ने, असुल गरेको जति रकमको भपाई नदिन,े दलाली र इजाजत प्राप्त संस्था मिली काम गर्न जाने कामदारहरुलाई ठग्ने प्रवृत्ति वढी रहेको छ । यस्ता कार्यलाई नियन्त्रण गर्न सरकारका नियमन निकाय सक्षम भएको देखिदैन । तर्सथ सरकारले कानूनी, संस्थागत र संरचनामा समय सुहाउदो सुधार गरी सेवामुखी र सोवाग्राहीको चाहना अनुसारको सेवा प्रवाह गरी वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित तुल्याउनु आजको आवश्यता छ ।

## सन्दर्भ सामाग्रीः


- राष्ट्रिय रोजगार निति-२०७१,
- वैदेशिक रोजगार ऐन,२०६४,
- वैदेशिक रोजगार निति, २०६८
- बुलेटिन (विभिन्न) श्रम तथा रोजगार मन्त्रालय,


०००

# प्रस्तावित श्रम विधेयक, २०७२ मा भएका महत्वपूर्ण प्राबधानहरु



बिनोद शर्मा*

नेपाल सरकारले सबै श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउँदै श्रम क्षेत्रलाई मर्यादित बनाउने उद्देश्यले नयाँ श्रम विधेयकको मस्यौदा व्यस्थापिक संसदमा दर्ता भई सैद्धान्तिक छलफलको क्रममा छ । यस विधेयक समाजवादी अवधारणाको पक्षमा उभिएको र रोजगारदाताको हित विपरीत नभएको भनी विभिन्न टिक्काटिप्पणी गरेका पाइन्छ । एकजना मात्रै श्रमिक काम गर्ने प्रतिष्ठानमा समेत अब श्रम ऐन लागु हुनेछ र सामुहिक सौदावाजीको अधिकार रहने व्यवस्था छ र यो मजदुरहरुका लागि नयाँ उपलब्धी पनि हो ।

श्रमिकका सेवा, सुविधा र अधिकारलाई न्युनतम मापदण्ड मान्दै सो भन्दा कम सुविधा प्रदान गर्न नपाइने, ऐन विपरीत गरिएका वा गरिने सम्झौता, नियुक्ति वा विनियम सबै स्वतः निष्कृय हुने व्यवस्था प्रस्तावित श्रम ऐन-२०७२ मा उल्लेख गरिएको छ भने त्यस्तै सामुहिक सौदाबाजीको माध्यमबाट श्रमिकको सेवा, सुविधा र शर्तलाई बृद्धि गर्न सकिने व्यवस्था छ । अधिकारका लागि संगठनमा लाग्न पाउने ट्रेड युनियन अधिकारलाई स्थापित गर्दै अन्तराष्ट्रिय श्रम संगठन (आईएलओ) को आधारभूत मापदण्ड अनुरुप बाँधा श्रम, वाल श्रम आदिलाई निषेध गरी रोजगारदाताले श्रमिकलाई धर्म, वर्ण, लिङ्ग, जातजाती, उत्पती, भाषा वा वैचारिक आस्था वा अन्य त्यस्तै आधार मध्ये कुनै कुराको आधारमा भेदभाव गर्न नपाउने कुराको सुनिश्चिता प्रस्तावित श्रम विधेयकमा व्यवस्था गरिएको छ । विशेष प्रकृतिको उद्योग वा सेवासम्बन्धी व्यवस्था भन्दै चिया बगानमा काम गर्ने, निर्माण क्षेत्रमा काम गर्ने, यातायात क्षेत्रमा काम गर्ने, पर्यटन क्षेत्रमा काम गर्ने, घरेलु, मौसमी प्रतिष्ठानमा काम गर्ने श्रमिक तथा विदेशमा दर्ता रहेको तर नेपालमा व्यवसाय सञ्चालन गर्ने प्रतिष्ठानमा काम गर्ने श्रमिकलाई समेत यस श्रम विधेयकले समेट्ने प्रयत्न गरेको छ ।

प्रस्तावित श्रम विधेयकले रोजगारीलाई पाँच भागमा परिभाषित गरिएको छ ।जस अनुसार महिनामा ७ दिन वा सो भन्दा कम अवधिका लागि गरिने रोजगारीलाई आकस्मिक र आशिक रोजगारीमा राखिएको छ । निश्चित समय अवधि तोकी सो अवधिभित्र गरिने काम वा रोजगारीलाई समयगत रोजगारी अन्तरगत राखिएको छ । कुनै खास काम वा सेवा किटान गरी तोकेर दिइने रोजगारीलाई कार्यगत रोजगारीको श्रेणीमा राखिएको छ भने यीबाहेक अन्य जुनसुकै प्रकारको रोजगारीलाई नियमित रोजगारीको रुपमा परिभाषित गरिएको छ ।

जुनसुकै रोजगारीको सेवामा रहँदा सेवा-सुविधा तथा अधिकारमा विभेद गर्न नपाउने र काम गरेकै दिनदेखि नियुक्ति पत्र दिनुपर्ने व्यवस्था नयाँ विधेयकमा ल्याइएको छ । प्रस्तावित श्रम विधेयक २०७२ ले नियुक्ति पत्र र करारवीचको भिन्नतालाई अन्त्य गरी रोजगार सम्झौता वा नियुक्ति पत्रलाई समानरुपमा स्थापित गरेको छ भने जुनसुकै प्रकारको रोजगारीमा काम गर्ने श्रमिकले पनि काम गरेकै मितिदेखि सेवा सुविधा पाउने र सोही

---

* कम्प्युटर अपरेटर, श्रम तथा रोजगार मन्त्रालय

समयबाट लागु हुने गरी सञ्चयकोष, उपदान, दुर्घटना क्षतिपुर्ति, उपचार खर्च तथा विमा संरक्षण पाउने व्यवस्था उल्लेख गरिएको छ ।आकस्मिक काम गर्ने श्रमिकलाई उपदान, सञ्चयकोष दिन सक्ने भएमा पारिश्रमिकमै थप गरी भुक्तानी दिनुपर्ने व्यवस्था यस विधेयकमा गरिएको छ ।

प्रस्तावित विधेयकले श्रमिक आपुर्तिकर्तालाई पनि कानुनको दायरामा ल्याएको छ । इजाजत नलिएका आपुर्तिकर्ताबाट श्रमिकलाई काममा लगाउन नपाइने र त्यस्तो गरिए कार्यरत श्रमिक स्वतः काम लगाउने मुख्य रोजगारदाताको श्रमिक मानिने र श्रम इजाजतवालाले नै श्रम कानुनबमोजिमको दायित्व बहन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

श्रमिकलाई तालिम तथा प्रशिक्षार्थी सम्वन्धी व्यवस्था गरी तालिमको रुपमा काममा लगाउँदा समेत न्युनतम पारिश्रमिकको व्यवस्था गर्नुपर्ने, प्रत्येक श्रमिकले काम शुरु गरेको मिति देखि पारिश्रमिक तथा सुविधा पाउने, एक वर्षको सेवा अवधि पुरा गरेको श्रमिकले मासिक रुपमा पाउने आधारभूत पारिश्रमिकको कम्तिमा आधा दिनको पारिश्रकिम वरावरको रकम प्रत्येक वर्ष वार्षिक तलब वृद्धि (ग्रेड) पाउने, प्रत्येक श्रमिकले खाइपाइ आएको एक महिनाको आधारभूत पारिश्रमिक बरावरको रकम प्रत्येक वर्ष चाडपर्व खर्च पाउने र रोजागरदाताले जगेडामा राखेको श्रमिकलाई निजले पाउने पारिश्रमिकको आधा रकम दिनु पर्ने र त्यस्ता श्रमिकलाई सामाजिक सुरक्षाको प्रत्याभूत गरिने व्यवस्था विधेयकमा उल्लेख भएको छ ।

त्यसैगरी ३० दिनभन्दा बढी काममा अनुपस्थित भएमा, उत्पादन सूत्र वा प्रविधिसम्बन्धी गोपनीयता भंग गरेमा, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजायँ भएमा, सेवामा पेश गर्ने शैक्षिक वा अन्य प्रमाण पत्र झुठ्ठा बनाई पेश गरेमा, प्रचलित कानुनले सेवाबाट हटाउने भनी उल्लेख गरेको आचरण गरेमा, नसियत वा ग्रेड रोक्का वा एकदिनको पारिश्रमिक कट्टा गर्ने प्रावधान प्रस्तावित श्रम विधेयकमा रहेको छ। सजाँया दुईपटक पाई पुनः खराब आचरण गरेमा मजदुरलाई निष्कासन गर्न सक्ने व्यवस्था रहेको छ भने यौन्यजन्य दुव्र्यवहार गरेमा, कसैलाई कार्यस्थलमा कुटपिट गरेमा वा बन्धक बनाएमा वा हुलदंगा गरेमा, घुस लिनेदिने कार्य गरेमा, चोरी गरेमा वा कारोवारमा हिनामिना गरेमा, सम्पत्ति हिनामिना गरेमा वा क्षति पुऱ्याएमा कारवाहीको प्रावधान यस विधेयकमा रहेको छ । रोजगारदाताले सेवाबाट हटाउने गरी गरेको निर्णय अदालतबाट बदर भएमा सेवाबाट हटाएदेखि बहाली नभएसम्मको अवधिको पारिश्रमिक पाउने व्यवस्था छ । साथै उचित र पार्याप्त कारण नखुलाई र कानुनी कार्यविधि पूरा नगरी कसैलाई रोजगारीबाट नहटाउने व्यवस्था श्रम विधेयक २०७२ मा उल्लेख गरिएको छ ।

श्रम विभागबाट श्रम इजाजत नलिइ कुनै पनि विदेशी श्रमिकले श्रम स्वीकृती नलिई नेपालमा काम गर्न नपाउने, सेवा शर्तमा स्वदेशी तथा विदेशी श्रमिकाई विभेद गर्न नपाउने, विदेशी श्रमिकलाई काममा लगाउँदा रोजगारको प्रकृतिका आधारमा सम्झौता गर्नुपर्ने, यसरी रोजगारदाताले कुनै विदेशि श्रमिकसँग रोजगार संझौता गर्दा संझौताको भाषा श्रमिकले बुझ्ने वा अंग्रेजी हुनु पर्ने, श्रम इजाजत प्राप्त विदेशी श्रमिकले प्राप्त गरेको पारिश्रमिक परिवर्त्य विदेशी मुद्रामा आफ्नो मुलूकमा लैजान पाउने र अनुमति नलिएकालाई काममा लगाएमा काम लगाउने रोजगारदातालाई सजायँ गर्ने व्यवस्था यस श्रम विधेयक २०७२ मा उल्लेख गरिएको छ ।

प्रस्तावित श्रम विधेयकमा अनिवार्य अवकासको उमेर ५५ बाट ५८ वर्ष पुर्‍याइएको छ । रोजगारदाताले श्रमिकलाई प्रतिदिन ८ घण्टा र १ हप्तामा ४८ घण्टा भन्दा वढी समय हुने गरी काममा लगाउन नहुने, श्रमिकलाई लगातार ५ घण्टा काम गरेपछि आधा घण्टा विश्रामको समय दिनु पर्ने, कार्य समय भन्दा वढी समय काम लागउनु परेमा प्रतिदिन ४ घण्टा र १ हप्तामा २४ घण्टा भन्दा वढी नहुने गरी लगाउन सकिने र सो वापत नियमित रुपमा काम गर्दा पाउने आधारभुत पारिश्रमिकको डेढी पारिश्रमिक दिनु पर्ने, सुर्यास्त भएपछी वा सूर्योदय हुनुभन्दा अघि कार्य समय प्रारम्भ वा समाप्त हुने गरी महिला श्रमिकलाई काममा लगाउदा कार्यस्थलमा आउन तथा कार्यस्थलबाट फर्कीजान रोजगारदाताले यातायातको आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था श्रम विधेयक २०७२ मा रहेको छ ।

प्रस्तावित विधेयकमा काम गर्दागर्दै दुर्घटना भएमा उपचार अवधिभर र अन्य अवस्थामा ६ महिनासम्म उपचाररत अवस्थामा सेवाबाट हटाउन नपाउने तर उपचारपछि काम गर्न नसक्ने भएमा कानुन बमोजिमको सुविधा दिएर मात्र हटाउनु पर्ने व्यवस्था छ ।

प्रतिष्ठान बन्द गर्दा वा श्रमिक कटौती गर्दा सरकारको अनुमति लिए पुग्ने विद्यमान श्रम ऐनको व्यवस्था अन्त्य गर्दै युनियनको समेत अनुमति अनिवार्य लिनुपर्ने व्यवस्था प्रस्तवित विधेयकमा गरिएको छ । दुई वर्षभित्र पुनः उद्योग सञ्चालन भए कटौतीमा परेका श्रमिकलाई काममा लागाउनुपर्ने व्यवस्था स्थापित गरेर गलत नियतले गरिने कटौतीलाई विधेयकले निरुत्साहित गरेको छ । प्रस्तावित विधेयकमा श्रमिक कटौती गर्दा एक वर्ष सेवावापत एक महिनाको पारिश्रमिक क्षतिपुर्ति तथा बेरोजगारी विमा सुविधा पाउने समेत व्यवस्था गरेको छ । यस्तो सुविधा वा सेवा अन्त्य हुँदा पाउने पारिश्रमिक र सुविधा १५ दिन भित्र नदिएमा सेवामा रहे सरह पारिश्रमिक भर्नुपर्ने व्यवस्था पनि विधेयकमा उल्लेख गरेको छ ।

विदाका विषयमा पनि यस प्रस्ताविक श्रम विधेयकले नयाँ परिवर्तन गरेको छ । सार्वजनिक विदा (प्रत्येक वर्ष पारिश्रमिक सहितको मे दिवस सहित १३ दिन तथा महिला श्रमिकको हकमा अन्तराष्ट्रिय महिला श्रमिक दिवस सहित १४ दिन) पाउने, १५ दिन आधा तलबी बिरामी विदामा परिवर्तन गरी १२ दिन पूरा तलब पाउने भएको छ । चिया बगान क्षेत्रमा ४५ दिन र अन्य क्षेत्रमा ५२ दिन रहेको प्रसुति विदा अवधि बढाएर ९८ दिन बनाइएको छ । त्यस्तै ६० दिनको विदाको पारिश्रमिक पाउने व्यवस्था गरिएको छ । ७ महिनाभन्दा बढीको गर्भपतन भए पनि यस्तो विदा पाउने व्यवस्था श्रम विधेयकमा उल्लेख गरिएको छ ।

बँधुवा श्रममा लगाउने वा व्यवसायजन्य सुरक्षा र स्वास्थ्यमा लापरवाही गर्ने व्यक्ति वा अदालतको आदेश पालना नगर्ने व्यक्तिलाई कैदसम्म गर्ने व्यवस्था नयाँ ऐनमा छ । सम्झौता वा फैसला कार्यन्वयन नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न जरिवाना तथा कैदको व्यवस्था गरिएको छ ।

यस प्रस्तावित श्रम विधेयक २०७२ मा कुल २४ परिच्छेद १८३ दफा रहेको छ । श्रमिक र रोजगारदाताहरुको अधिकार तथा कर्तव्यको व्यवस्था गरी असल श्रम-सम्बन्धको विकास गर्नु, श्रम शोषणका सबै अवस्थालाई अन्त्य गरी उत्पादकत्व वृद्धि गर्नु उद्देश्य रहेको यो विधेयक व्यवस्थापिका संसदबाट पारित भै राष्ट्रपतिबाट लालमोहर लागे पछि ऐन बन्ने कुरामा मुलुकका सम्पर्ण श्रमिकहरु आशाबादी छन् ।

# वैदेशिक रोजगारः एक अध्ययन



पूर्णबहादुर खत्री*

## पृष्ठभूमिः

सामान्यतः वैदेशिक रोजगार भन्नाले कुनै एक देशका नागरिकहरुले आफ्नो जीविकोपार्जनका निमित्त अर्को देशमा काम वा रोजगारीलाई जानु बुझिन्छ । वैदेशिक रोजगार ऐन, २०६४ को दफा २(क) ले वैदेशिक रोजगारीलाई "कामदारले विदेशमा पाउने रोजगार सम्झनुपर्छ" भनी परिभाषित गरेको छ । सन् १९४८ जनवरी १ मा स्थापना भएको भन्सार महसुलसम्बन्धी सामान्य सम्झौता (General Agreement on Trade and Tariff-GATT) सन् १९८० को दशकमा विश्वमा प्रारम्भ भएको नव उदारीकरणको अवधारणालाई साकार रुप प्रदान गर्न सन् १९९५ जनवरी १ देखि विश्व व्यापार संगठन (World Trade Organization) मा रुपान्तरित भएपछि विश्वभर छरिएर रहेको श्रम, पुँजी र प्रविधिले निर्वाध रुपमा संसारभर प्रवाहित हुने मौका प्राप्त गर्‍यो । यसैको प्रतिफलस्वरुपः विश्वव्यापीकरण को मूल मर्म अनुसार विश्वभर रहेको विभिन्न प्रकारका जनशक्तिहरुले पनि बढ्दो विश्व व्यापार सँगसँगै आफ्नो रुचि, योग्यता, दक्षता र क्षमताअनुसार विभिन्न मुलुकमा रोजगारीका अवसरहरु तीव्रतरः रुपमा प्राप्त गर्न थाले ।

सन् २००४ अप्रिल २३ (वि.सं. २०६१ वैशाख ११) मा विश्व व्यापार संगठनको १४७ औं सदस्यको रुपमा नेपालले प्रवेश पायो । त्यसपछि नेपाल पनि विश्व बजारमा औपचारिक रुपमै एक अंगको रुपमा स्थापित भयो । विश्व श्रम बजारमा नेपाली श्रम शक्ति अरु बढी आकर्षित हुन थाल्यो । वि.सं. २०४० को दशकमा रोग, भोक, अशिक्षा,गरिबी र बेरोजगारीबाट आक्रान्त भएको तत्कालीन नेपाली समाज अझ बढी खतराउन्मूख नहोस भन्ने तर्फ सचेतहुदै तत्कालीन सरकारले खाडी लगायतका मूलुकहरुमा नेपाली कामदारहरु पठाउने नीति अगाडि सार्‍यो । दशकौं अगाडिदेखि हालसम्मकै दिनहरुमा पनि लाखौंको संख्यामा नेपाली कामदारहरु अनौपचारिक तवरबाट भारतका विभिन्न सहरहरुमा काम गर्दै आइरहेका छन् । पाकिस्तानको लाहौर प्रान्तमा आधा शताब्दी अगाडि नै कामदारहरु पुगेको हुनाले तिनीहरुलाई "लाहुरे" भनिएको र हालमा दिनहरुमा पनि विदेश जाने जो कोहीलाई "लाहुरे" को उपमा दिने प्रचलन नेपाली समाजमा अद्यापि कायमै छ ।

## विद्यमान अवस्थाः

नेपालमा कामको उचित पारिश्रमिक प्राप्त नहुनु, तिक्ततापूर्ण श्रम सम्बन्ध, राजनीतिक अस्थिरताका कारण सिर्जित नीतिगत अस्थिरता, बन्द हड्ताल, रोजगारीका अवसरहरुको कमी, कामलाई ठूलो र सानो भनी फरक दृष्टिकोणले हेर्ने नेपाली संस्कार, सूचना प्रविधिको अत्यधिक विकास र विस्तारले नेपाली युवाहरुमा चुलिँदो महत्वाकाङ्क्षा तथा वैदेशिक रोजगारीप्रतिको अत्यधिक आशक्तिको कारण नेपाली युवाहरु निरन्तर विदेश जाने

* नायब सुब्बा, श्रम तथा रोजगार मन्त्रालय

क्रम बढिरहेको छ । प्रभावस्वरुपः नेपालका गाउँ बस्तीहरुमा वृद्धवृद्धा र बालबालिकाहरु मात्र भएको तीतो यथार्थ हाम्रासामू छन् । समाज युवाविहीन हुदा उत्पादनशील खेत बारीहरु बाँझै बसिरहेका छन् भने मर्दा मलामी पर्दा जन्ती समेत नपाइने अवस्था विद्यमान छ ।

संस्थागत रुपमा वैदेशिक रोजगारका लागि सरकारले ११० वटा मूलुकहरु खुला गरेको छ । आ.व. २०७१/०७२ को आँकडाअनुसार वैदेशिक रोजगारीमा जाने कूल जनसंख्या ३२,०१,२६८ मध्ये पुरुष ३०,६५,४६२ जना तथा महिला १,३५,८०६ जना रहेका छन् । यसरी जाने कामदारहरुमध्ये ७५ प्रतिशत अदक्ष, २३ प्रतिशत अर्धदक्ष र २ प्रतिशत मात्रै दक्ष जनशक्ति रहेका छन् । नेपालबाट प्रत्येक दिन औषत १५०० संख्यामा र वार्षिक ५ लाखको दरले कामदारहरु वैदेशिक रोजगारीका लागि बाहिरिन्छन् । देशको कूल गार्हस्थ उत्पादन (GDP)को अनुपातमा ३२.१ प्रतिशत विप्रेषण मुलुक भित्र प्रवाह भएको छ । वैदेशिक रोजगारीमार्फत नेपालका ५६ प्रतिशत परिवारले विप्रेषण आय प्राप्त गरिराखेका छन् ।

वैदेशिक रोजगारीका लागि प्रमुख गन्तव्य मुलुकहरु मध्ये हालसम्म कतार, संयुक्त अरब इमिरेड्स, बहराइन, जापान, इजरायल र दक्षिण कोरिया गरी ६ वटा देशहरुसँग द्विपक्षीय श्रम सम्झौता सम्पन्न भइसकेको छ भने साउदी अरेबिया, मलेशिया, कुवेत, जोर्डन र लेवनान गरी ५ वटा मूलुकहरुसँग द्विपक्षीय श्रम सम्झौता गर्ने प्रक्रियामा रहेको छ । साउदी अरेबिया, कतार, कुवेत र संयुक्त अरब इमिरेड्समा सुरक्षित गृह सेवा सञ्चालन भएका छन् ।मलेशिया, साउदी अरब, दक्षिण कोरिया, जापान, कतार, कुवेत, संयुक्त अरब इमिरेड्स, ओमन, इजरायल र हङकङमा काउन्सेलर (श्रम) तथा श्रम सहचारीको व्यवस्था गरिएको छ । घरेलु कामदारको रुपमा वैदेशिक रोजगारमा जाने कामदारको सुरक्षाको लागि रोजगारदाता मुलुक र नेपाल सरकारबीच छुट्टै घरेलु कामदार सम्बन्धी सम्झौताको तयारी छ । कामदारहरुलाई विदेश जानु अघि अभिमुखीकरण तालिमको व्यवस्था एवं खाडी मूलुकहरु कतार, कुवेत, साउदी अरव, संयुक्त अरब इमिरेड्स, वहराइन र ओमन गरी ६ वटा तथा मलेशिया समेत गरी ७ वटा मूलुकमा २०७२ असार २१ देखि लागू हुने गरी फ्रि भिषा फ्रि टिकटको व्यवस्था समेत गरिएको छ ।

## वैदेशिक रोजगारलाई व्यवस्थित गर्न गरिएका प्रयासहरुः

### १. नीतिगत प्रयासः

- वर्तमा संविधानमा रोजगारीको हक (धारा २३) र श्रमको हक (धारा ३४) को व्यवस्था
- वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हक हितको संरक्षण गर्नको लागि वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६५ को तर्जुमा र कार्यान्वयन
- घरेलु कामदारको सुरक्षाको लागि वैदेशिक रोजगारमा घरेलु कामदार पठाउने सम्बन्धी निर्देशिका, २०७२ को व्यवस्था
- इजरायलसँग भएको MOU (Memorandum of Understanding) बमोजिम नेपाली कामदारलाई केयर गिभरको रुपमा पठाउने सम्बन्धी निर्देशिका, २०७२

- अनुगमनलाई प्रभावकारी बनाउन वैदेशिक रोजगारमा जाने कामदारहरुको स्वास्थ्य परीक्षण गर्ने संस्थाको सूचीकरण, नवीकरण तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७२
- २०७३ बैशाख १ देखि लागू हुने गरी वैदेशिक रोजगारमा जाने कामदारहरुको जीवन बीमाको रकम ५ लाखबाट बढाएर १० लाख पुर्‍याइएको ।

२. **संस्थागत व्यवस्थाः**

- श्रम तथा रोजगारसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, समन्वय तथा अनुगमन र मूल्याङ्कनका लागि श्रम तथा रोजगार मन्त्रालय (तत्कालीन श्रम मन्त्रालय) को स्थापना
- वैदेशिक रोजगार सम्बन्धी मामिला हेर्नका लागि वैदेशिक रोजगार विभागको स्थापना
- वैदेशिक रोजगार लाई प्रवर्द्धन र कामदारहरुको हित संरक्षण सम्बन्धी कार्य गर्न वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको स्थापना
- दक्षिण कोरिया जाने कामदारहरुको छनौट एवं व्यवस्थापनका लागि वैदेशिक रोजगार विभाग अन्तर्गत EPS कोरिया शाखाको व्यवस्था
- वैदेशिक रोजगारसम्बन्धी उजुरीको कारबाही तथा किनाराका लागि वैदेशिक रोजगार न्यायाधिकरण
- युवा जनशक्तिलाई व्यावसायिक तथा सीपमूलक तालिम प्रदान गरी वैदेशिक रोजगारी तथा स्वरोजगारीका लागि दक्ष एवं सीपयुक्त जनशक्ति तयार गर्न व्यावसायिक तथा सीप विकास तालिम केन्द्र

## वैदेशिक रोजगारका सबल र दुर्बल पक्षहरुः

१. **सबल पक्षहरुः**

- GDP को अनुपातमा ३२.१ प्रतिशत विप्रेषण मुलुकमा भित्रीएकोले अर्थतन्त्रमा योगदान पुगेको ।
- अन्तर्राष्ट्रिय बजारमा नेपालीहरुको इमान्दारिता, विश्वसनियता र लगनशीलता बढ्नु ।
- विप्रेषण आयका कारण नेपालीहरुको जीवनस्तरमा व्यापक सुधार भएको ।
- १३ औं त्रिवर्षीय योजनाको सुरुवातमा २३.८ प्रतिशत रहेको निरपेक्ष गरिबी १४ औं त्रिवर्षीय योजनाको प्रारम्भसम्म आउँदा २१.६ प्रतिशतमा झर्नुमा वैदेशिक रोजगारीको ठूलो भूमिका रहेको ।
- वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको कार्य संस्कृति, योग्यता, दक्षता एवं सीप सकारात्मक हुनु, फर्किएका कामदारहरु स्वरोजगार र उद्यमशीलता तर्फ आकर्षित हुनु ।
- सीपमूलक तालिम प्राप्त गरी वैदेशिक रोजगारीमा जाने युवाहरुको संख्या क्रमशः बढ्दै जानु ।
- विश्वका अति कम मुलुकमा कूल रेमिटान्सको औषतमा ६० प्रतिशत रकम मात्र औपचारिक माध्यमबाट भित्रिरहेको अवस्थामा नेपालमा कूल रेमिटान्सको ७० प्रतिशतभन्दा बढी रकम औपचारिक च्यानलबाट आइरेहेको ।

२. **दुर्बल पक्षहरुः**

- कूल जनसंख्याको ५७ प्रतिशत सक्रिय जनसंख्या रहे पनि ३५ लाख भन्दा बढी युवाहरु विदेशमा हुदा मूलुकले जनसांख्यिक लाभ (Demographic Benefit) प्राप्त गर्न नसक्नु ।
- कूल भित्रिएको रेमिटान्समध्ये ९५ प्रतिशत अनुत्पादक क्षेत्रमा खर्च भई ५ प्रतिशत मात्रै पुंजीगत क्षेत्रमा लगानी हुनु ।

- पूराना सामाजिक सम्बन्धका दायराहरु क्रमशः तोडिदै जानु, पारिवारिक कलह र अविश्वासका कारण सम्बन्धविच्छेद गर्ने जोडीहरुको संख्या बढ्दै जानु ।
- दक्ष, योग्य र क्षमतावान् जनशक्तिहरु विदेश पलायन हुदा पुँजी पलायन (Brain drain) को समस्या भयावह रुपमा बढ्नु ।
- सम्झौताअनुसारको काम र कामअनुसारको दाम (पारिश्रमिक) नपाउँदा कामदारहरुको शोषण हुनु, मृतक तथा घाइते कामदारहरुको उद्दार र स्वदेश फिर्ता (Repatriation) मा अत्यधिक ढिलाइ हुनु ।

## सुझावहरुः

देशिक रोजगार वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थितत बनाउनका लागि निम्नानुसारका मर्यादित तथा सुरक्षि , कार्यहरु गर्नु गराउनु उपयुक्त देखिन्छः

- कामदार विदेश जाँदा स्वदेशमा हुन सक्ने ठगी र हैरानीको न्यूनीकरण गर्न अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई शशक्त बनाउने,
- कामदारमैत्री वैदेशिक श्रम बजारका लागि जनशक्तिको विकास र थप गन्तव्य मूलुकहरुसँग द्विपक्षीय श्रम सम्झौता गर्ने,
- अर्धदक्ष र अदक्ष कामदारहरुलाई दक्ष बन्न प्रोत्साहित गर्ने,
- सीप परीक्षण प्रमाणपत्र प्राप्त गरेकालाई मात्र वैदेशिक रोजगारीमा पठाउने,
- वैदेशिक रोजगारीबाट फर्की आएकाहरुको अभिलेख प्रणालीमा सुधार गरी अद्यावधिक तथ्याङ्क राख्ने,
- विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याउन र उत्पादनशील क्षेत्रमा लगानी बढाउन सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने
- खाडीका ६ मुलुक र मलेसियाका लागि लागू गरिएको फ्रि भिषा फ्रि टिकटको व्यवस्थालाई कडाइका साथ लागू गर्ने,
- वैदेशिक रोजगारमा जानुपूर्व कामदारलाई दिइने अनिवार्य अभिमुखीकरण तालिमलाई थप व्यवस्थित गर्ने,
- वैदेशिक रोजगारीका क्रममा मृत्यु तथा घाइते हुनेहरुको स्वदेश फिर्ता, उद्दार तथा क्षतिपूर्ति प्रदान गर्ने कार्यलाई छिटोछरितो र प्रभावकारी बनाउने,
- वैदेशिक रोजगारमा गएकाहरुको बचतलाई परिचालन गर्न वैदेशिक रोजगार बचतपत्रलाई व्यवस्थित गर्ने,
- वैदेशिक रोजगारीमा जाने घरेलु कामदारको सुरक्षा र हक हित संरक्षणमा विशेष जोड दिने ।

**निष्कर्षः** वर्तमान सन्दर्भमा नेपालमा वैदेशिक रोजगारीको क्षेत्र नेपालीहरुको लागि रोजी रोटीको महत्वपूर्ण आधार बनेको छ । वार्षिक श्रम बजारमा आउने ५ लाख श्रमशक्तिमध्ये ५० हजारले मात्र मुस्किलले मुलुकमा रोजगारी पाइरहेको अवस्थामा वैदेशिक रोजगार नभै नहुने खराबी (Necessary evil) को रुपमा स्थापित हुदै गइरहेको छ । सम्पूर्ण उर्जाशील नेपालीहरुको लागि नेपालको श्रम बजार नै श्रम गन्तव्य नभएसम्म वैदेशिक रोजगारीको तत्कालका लागि भरपर्दो विकल्प देखिन्न । तसर्थ वैदेशिक रोजगारीका विकृति, विसङ्गति (evil) र कमजोरीहरु (weaknesses) लाई न्यूनीकरण गर्दै गरीब नेपाली युवाहरुको जीविकोपार्जनको राम्रो माध्यमको रुपमा रहेको वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित तुल्याउन जरुरी छ ।

## नेपाल सरकारबाट संस्थागत रुपमा बैदेशिक रोजगारका लागि खुल्ला गरिएका देशहरुको नामावली

| S.No. | Country | S.No. | Country | S.No. | Country |
|---|---|---|---|---|---|
| 1 | Afghanistan | 38 | Holysee | 75 | Norway |
| 2 | Albenia | 39 | Hongkong | 76 | Oman |
| 3 | Algeria | 40 | Hungary | 77 | Pakistan |
| 4 | Argentina | 41 | Iceland | 78 | Panama |
| 5 | Armenia | 42 | Indonesia | 79 | Peru |
| 6 | Australia | 43 | Iran | 80 | Poland |
| 7 | Austria | 44 | Iraq* हाल रोक्का | 81 | Portugal |
| 8 | Azerbaijan | 45 | Ireland | 82 | Qatar |
| 9 | Bahrain | 46 | Israel | 83 | Republic of Korea |
| 10 | Bangladesh | 47 | Italy | 84 | Republic of Slovak |
| 11 | Belarus | 48 | Japan | 85 | Rumenia |
| 12 | Belgiam | 49 | Jordan | 86 | Russia |
| 13 | Bolevia | 50 | Kazakhastan | 87 | Saipan |
| 14 | Bosnia Herz Govina | 51 | Kenya | 88 | Saudi Arabia |
| 15 | Brazil | 52 | Kosovo | 89 | Singapore |
| 16 | Brunei Darussalam | 53 | Kuwait | 90 | Slovenia |
| 17 | Bulgaria | 54 | Laos PDR | 91 | South Africa |
| 18 | Canada | 55 | Latvia | 92 | Spain |
| 19 | Chile | 56 | Lebanon | 93 | Sri Lanka |
| 20 | China | 57 | Libya* हाल रोक्का | 94 | Sweden |
| 21 | Columbia | 58 | Luxzemburg | 95 | Switzerland |
| 22 | Combodia | 59 | Macau | 96 | Sychelese |
| 23 | Costarica | 60 | Malaysia | 97 | Tanzania |
| 24 | Crotia | 61 | Maldives | 98 | Thailand |
| 25 | Cuba | 62 | Malta | 99 | The Philippines |
| 26 | Cyprus | 63 | Mecedonia | 100 | Tunetia |
| 27 | Czech Republic | 64 | Mexico | 101 | Turkey |
| 28 | Denmark | 65 | Moldova | 102 | Uganda |
| 29 | Egypt | 66 | Mongolia | 103 | Ukrain |
| 30 | Estonia | 67 | Moritius | 104 | United Arab Emirates |
| 31 | Fiji | 68 | Morocco | 105 | United States of America |
| 32 | Finland | 69 | Mozambique | 106 | Venezuala |
| 33 | France | 70 | Myanmar | 107 | Vietnam |
| 34 | Germany | 71 | Netherland | 108 | Zambia |
| 35 | Great Britain (UK) | 72 | New Zealand | 109 | congo |
| 36 | Greece | 73 | Nicaragua | 110 | Uzbekistan |
| 37 | Guana | 74 | Nigeria | | |

# श्रम सहचारीहरुको सम्पर्क नम्वरहरु

| S.N. | Name | Country | Contact No. | E-mail ID |
|---|---|---|---|---|
| 1 | Dev Raj Dhakal (US) | S. Korea | +82237899770 | devraj.dhakal1960@gmail.com |
| 2 | Buddhi Bhattarai (US) | Malaysia | +601133234924 | bnb.112@hotmail.com |
| 3 | Babulal Regmi (SO) | Malaysia | +60169907123 | undersecretary |
| 4 | Bhesh Bahadur Karki (US) | UAE | +971527623217 | bheshbdrkarki@gmail.com |
| 5 | Hira Devi Yadav (SO) | UAE | +971557519105 | yadavhira2010@yahoo.com |
| 6 | Ambika Prasad Adhikari (US) | KSA_Riyadh | +966599393459 | apadhikari49@gmail.com |
| 7 | Bhoj Raj Ghimire (SO) | KSA_Jeddah | | ghimire35@gmail.com |
| 8 | Girija Sharma (US) | Qatar | +97431102520 | sharmagirija@yahoo.com |
| 9 | Narendra Gyawali (SO) | Qatar | | ngyawali6@gmail.com |
| 10 | Jagadish Chandra Siwakoti (SO) | Bahrain | +97333152385 | shiwakotijc@yahoo.com |
| 11 | Bhanath Khatiwada | Oman | | |
| 12 | Goma Devi Dhakal (SO) | Kuwait | +96565804821 | paudelgoma.dhakal@gmail.com |
| 13 | MoLE | | | info@mole.gove.np<br>secretary@mole.gov.np<br>minister@mole.gov.np |

नोटः

| | |
|---|---|
| नोटः | SO: Section Officer |
| | US: Undersecretary |

## श्रम तथा रोजगार मन्त्रालय र मातहतका निकाय/कार्यालयहरुको विवरण

| सि. नं. | मन्त्रालय र मातहतका निकाय/कार्यालयहरुको नाम | ठेगाना | फोन नं. | फ्यास नं. | वेवसाइट | इमेल |
|---|---|---|---|---|---|---|
| १ | श्रम तथा रोजगार मन्त्रालय | सिंहदरवार | ४२११९९१<br>४२११८१५<br>४२११९८४<br>४२११९६३ | ४२११८७७ | www.mole.gov.np | info@mole.gov.np |
| २ | वैदेशिक रोजगार विभाग | बुद्धनगर | ४७८२४५४<br>४७८२६४८ | ७२८२४५४ | www.dofe.gov.np | info@dofe.gov.np |
| ३ | श्रम विभाग | मिनभवन | ४४१०७१२०<br>४१०७२८८<br>४४६१२९९ | ४१०९१९४ | www.dol.gov.np | info@dol.gov.np |
| | वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड | बानेश्वर | ४१०५०५८<br>४१०५०६८ | | www.fepb.gov.np | info@fepb.gov.np |
| ५ | व्यवसायिक तथा सीप विकास तालिम केन्द्र | भैंसेपाटी, ललितपुर | ५५९०२५४<br>५५९०८००<br>५५९०८०१ | ५५९०८९४ | www.training.gov.np | info@training.gov.np |
| ६ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी आयोजना | भैंसेपाटी, ललितपुर | ५५९०८५६<br>५५९०८६० | ५५९०८५५ | www.dol.gov.np | info@dol.gov.np |
| ७ | EPS कोरिया शाखा | ग्वार्को ललितपुर | ५५६३५० | ५५६३४९ | www.epsnepal.gov.np | info@epsnepal.gov.np |
| ८ | सामाजिक सुरक्षा कोषको सचिवालय | जि.वि.स भवन ववरमहल | ४२५५४६३<br>४२५६३१५<br>४२५६१४४ | ४२५५४६३ | www.ssf.gov.np | info@ssf.gov.np |
| ९ | वैदेशिक रोजगार न्यायाधिकरण | बबरमहल | | | | |

## श्रम तथा रोजगार मन्त्रालयको टेलिफोन र अफिसियल ईमेल

फ्याक्स नम्बर। ४२११८७७/४२११९८४/४२११९६३ ईमेलः- info@mole.gov.np

| सि. नं. | पदाधिकारीको नाम | कार्यालय | मोवाइलनम्बर | अफिसियल ईमेल आई. डि. |
|---|---|---|---|---|
| १ | म. मन्त्री **सूर्यमान गुरुङ** | ४२११७९४<br>४२११६७८ | | |
| | नि.स.श्री सनमाया रम्तेल | ४२११६७८ | ९८५११३९६३२ | |
| | ना.सु श्री रामबाबु बराल | | ९८४६०३१२८१ | |
| | का.स. श्री गंगा कपाली | | ९८४१५५१३६२ | |
| | का.स. श्री शुशलिा भूजेल | | ९८४१८०२३७१ | |
| | | | | |
| २ | सचिव श्री **लक्ष्मण प्रसाद मैनाली** | ४२११९९१ | ९८५११४७१२८ | secretary@mole.gov.np |
| | शा.अ.श्री कृष्णा कुमारी गौली | ४२११९९१ | ९८६०७५०८८७ | gaulikk@gmail.com |
| | ना.सु. | | | |

| सि. नं. | पदाधिकारीको नाम | कार्यालय | मोवाइलनम्बर | अफिसियल ईमेल आई. डि. |
|---|---|---|---|---|
| | ह.स.चा. शम्भु श्रेष्ठ | | | |
| | का.स. श्री भिमसेन के.सी. | | ९८४१५२१३६५ | |
| ३ | सह सचिव श्री | ४२११८१५ | | |
| | ना.सु. श्री | | | |
| | ह.स.चा. श्री | | | |
| | का.स. अर्जुन बहादुर बुढाथोकी | | ९८४९५३०९९२ | |
| ४ | सह सचिव श्री आभा श्रेष्ठ | ४२११९२० | ९८५१०१४९९७ | labourrelationdiv@mole.gov.np<br>aabhashree@yahoo.com |
| | ना.सु.श्री | | | |
| | ह.स.चा. श्री तेज बहादुर श्रेष्ठ | | ९८४९९०६०८७ | |
| | का.स. श्री बुद्धि बहादुर भूजेल | | ९८६०६२१९२१ | |
| ५ | सहसचिव श्री गोविन्दमणि भुर्तेल | ४२११६९६ | ९८५१२२५७५८ | |
| | ना.सु.श्री | | ९८४२११०७२२ | |
| | ह.स.चा. श्री **इन्द्र बहादुर गूरुङ** | | **९८४९७५६३५०** | |
| | का.स.श्री **मोहन थापा** | | ९८४३६३५८२० | |

**प्रशासन शाखा**

| सि.नं. | पदाधिकारीको नाम | कार्यालय | मोवाइलनम्बर | अफिसियल ईमेल आई. डि. |
|---|---|---|---|---|
| १. | उपसचिव श्री शिवराज सेढाई | ४२११९६३ | ९८४१३८२३०२ | |
| २. | शा.अ.श्री ज्ञानेन्द्र शर्मा | | ९८५११६६६१७ | |
| ३. | शा.अ.श्री बल्लभविष्ट (स्टोर शाखा) | | ९८४१४३९४७३ | |
| ४. | **शा**.अ. श्री | | | |
| ५. | **क**.अप. श्री नरेश गुरूङ | | ९८४१८९१३५६ | |
| ६. | ना.सु. श्री योगेन्द्र अधिकारी | | ९८४१३८१२१२ | |
| ७. | टा.ना.सु श्री शान्ता श्रेष्ठ राई (स्टोरा) | | ९८४९९५८९९९ | |
| ८. | ह.स.चा. श्री बलराम मानन्धर | | ९८४१२७३१२४ | |
| ९. | का.स. श्री **मनोज दाहाल** | | **९८४१२८६६६०** | |
| १०. | का.स. श्री गौरी चालिसे | | ९८४१८९१६६३ | |
| ११. | का.स. श्री दुर्गा बहादुर भूजेल | | ९८४९६८०५०६ | |
| १२. | **दर्ता चलानी** | | | |
| १३. | का.स. श्री बाबुराम राना मगर | | ९८६०६३२५१० | |
| | का.स. श्री | | | |
| १४. | का.स. श्री सुनिल गुरूङ | | ९८४३४३९८७३ | |

**बैदेशिक रोजगार तथा श्रम सहचारी समन्वयशाखा**

| सि.नं | पदाधिकारीको नाम | कार्यालय | मोवाइलनम्बर | अफिसियल ईमेल आई. डि. |
|---|---|---|---|---|
| १ | उप सचिव श्री शिवराम पोखरेल | ४२००४७६ | ९८४१५५२३३५ | |
| २ | शा.अ.श्री राजु कुंवर | | ९८४११७३६८४ | |

| सि.नं | पदाधिकारीको नाम | कार्यालय | मोवाइलनम्बर | अफिसियल ईमेल आई. डि. |
|---|---|---|---|---|
| ३ | शा.अ.श्री **राम प्रसाद ओली** | | ९८६१३३४३८५ | |
| ४ | क.अ.श्री | | | |
| ५ | का.स. श्री **वद्री प्रसाद अधिकारी** | | ९८४१३८२९४७ | |

## आर्थिक प्रशासनशाखा

| सि.नं | पदाधिकारीको नाम | कार्यालय | मोवाइलनम्बर | अफिसियल ईमेल आई. डि. |
|---|---|---|---|---|
| १ | ले.अ.श्री अशोक कुमार राना | ४२००४७८ | ९८४७८६३५३९ | |
| २ | लेखापाल श्री रूपकेसरी श्रेष्ठ | ४२००४७८ | ९८४१४६८३१० | |
| ३ | का.स. राजु तामाङ | | ९७४११८४१७१ | |

## श्रम सम्बन्ध, बालश्रम निबारणतथा सूचनाशाखा

| सि.नं | पदाधिकारीको नाम | कार्यालय | मोवाइलनम्बर | अफिसियल ईमेल आई. डि. |
|---|---|---|---|---|
| १ | ब.का.नि. श्री उदय कुमार गुप्ता | ४२११९८४ | ९८५१०७११६४ | |
| २ | शा.अ. श्री **सनमाया रम्तेल** | | ९८५११३९६३२ | |
| ३ | शा.अ. श्री **राज कुमारी खत्रि** | | ९८४२७४७४७४ | |
| ४ | ना.सु श्री | | | |
| ५ | क.अ. श्री कृष्ण प्रसाद खतिवडँ | | ९८५१०९०६४४ | |
| ६ | का.स. श्री **रन्त बहादुर तामाङ** | | ९८४१८३३७९१ | |
| ७ | ह.स.चा. श्री कमलवहादुर मगर | | ९८४९५९४९७२ | |

## नीति, योजना, तथाअनुगमनशाखा

| सि.नं | पदाधिकारीको नाम | कार्यालय | मोवाइलनम्बर | अफिसियल ईमेल आई. डि. |
|---|---|---|---|---|
| १ | उ.स. श्री श्यामराज अधिकारी | ४२११९५७ | ९८५११५१६६१ | shyamraj.adhikari@gmail.com |
| २ | कम्प्युटर ईन्जीनीयर श्री राजु श्रेष्ठ | | ९८४१७८९२५४ | it@mole.gov.np |
| ३ | शा.अ. श्री पवित्रा खनाल घिमिरे | | ९८४१८९३६८६ | Ghimirepabi18@yahoo.com |
| ४ | ना.सु. श्री अग्नि पराजुली | | ९८५१०५५२७४ | |
| ५ | क.अ. श्री बिनोद शर्मा | | ९८४१६००४९७ | binod@mole.gov.np |
| ६ | का.स.श्री विमल सेढाई | | ९८०८७२३२८६<br>९८४५७८२५०२ | |
| ७ | ह.स.चा.श्री राजु मानन्धर | | ९८४१४३३७६० | |

## अन्तर्राष्टिय श्रम सम्वन्धतथा संघ संस्था अनुगमन शाखा

| सि.नं | पदाधिकारीको नाम | कार्यालय | मोवाइलनम्बर | अफिसियल ईमेल आई. डि. |
|---|---|---|---|---|
| १ | उ. स. श्री **डिल्लीराम बास्तोला** | ४२११७९१ | **९७५१००२३३७** | Dilli_lila@yahoo.com |
| २ | शा.अ.श्री नरेन्द्र सिंह कुंवर | | ९८४१७७१२६६ | Narendrasinghkunwor64@gmail.com |
| ३ | शा. अ. श्री मेघराज शंकर | | ९८४३५०३०१९ | smeghrajj@gmail.com |
| ४ | ना.सु. श्री **पूर्ण बहादुर खत्री** | | **९८४७६५१४७०** | |

## कानून तथा फैसला कार्यान्वयन शाखा

| सि.नं | पदाधिकारीको नाम | कार्यालय | मोवाइलनम्बर | अफिसियल ईमेल आई. डि. |
|---|---|---|---|---|
| १ | उपसचिव श्री अर्जुन प्रसाद खनाल | ४२११९४२ | ९८४१५२८५५० | |
| २ | शा.अ. श्री गणेशप्रसाद घिमिरे | | ९८४१५४४६९४ | |
| ३ | का.स.श्री रत्न बहादुर तामाङ | | ९८४१८३३७९१ | |

## रोजगार समन्वय तथा तालिम शाखा

| सि.नं | पदाधिकारीको नाम | कार्यालय | मोवाइलनम्बर | अफिसियल ईमेल आई. डि. |
|---|---|---|---|---|
| १ | उ.स. श्री **जीवन कुमार राई** | ४२११९२० | ९८४१३३७९८७ | |
| २ | शा.अ. श्री रमेशप्रशाद पनेरू | | ९८४१८५९७४४ | |
| ३ | ना.सु श्री | | | |
| ४ | का.स. श्री नानीमैया थापा | | ९८६०३१३४०८ | |

## आप्रवासन शाखा

| सि.नं. | पदाधिकारीको नाम | कार्यालय | मोवाइलनम्बर | अफिसियल ईमेल आई. डि. |
|---|---|---|---|---|
| १ | उपसचिव श्री भूमिश्वर पोखरेल | ४२११७९१ | ९८४१५९५९३३ | |
| २ | शा.अ. श्री मोतिराम भुसाल | ४२११७९१ | ९८४१७४६३३८ | babumoti@hotmail.com |
| | शा.अ.श्री **कल्पना मास्के** | | ९८४१४७३८२३ | maskaykalpana@gmail.com |
| ३ | ह.स.चा. श्री रामशरण थापा | | **९८४१९४३९६५** | |

## सामी परियोजना

| सि.नं. | पदाधिकारीको नाम | कार्यालय | मोवाइलनम्बर | अफिसियल ईमेल आई. डि. |
|---|---|---|---|---|
| १ | श्री सुर्य भण्डरी | ४२००४७७ | ९८४१२५६९०८ | |
| २ | श्री राजन प्रसाद श्रेष्ठ | ४२००४७७ | ९८४१२०६६२८ | |
| ३ | श्री गीता सापकोटा | | ९८५१२११६१२ | gita.pcu.sami@gmail.com |
| ४ | श्री सोनु खनाल | | ९८४९८९९७८३ | sonu.pcu.sami@gmail.com |
| | श्री विजया दाहाल | | ९८४३१३७८८४ | bijaya.pcu.sami@gmail.com |
| | श्री सरोज पोख्रेल | | ९८४९०४४९४२ | soroj.pcu.sami@gmail.com |
| | श्री इन्द्र ब. गुरूङ | | ९८४९७५६३५० | |
| | श्री सुभद्रा खनाल | | ९८४३४१५११७ | |

## श्रम विभाग

## श्रम कार्यलय तथा रोजगार सूचना केन्द्र प्रमुखको सम्पर्क विवरण

| क्र.सं. | श्रम कार्यालयको विवरण | कार्यालय प्रमुख | फोन÷फ्याक्सः नं. | मोवाईल नं. |
|---|---|---|---|---|
| १ | श्रम विभाग (महानिर्देशक) | श्री | फोनः ०१-४१०७११७ | |
| २ | श्रम विभाग (निर्देशक प्रा.) | श्री बरुण कुमार झा | फोनः ०१-४१०७१९४ | ९८५११५७६७७ |
| ३ | श्रम विभाग (निर्देशक प्र.) | श्री हरि प्रसाद शर्मा | फोनः ०१-४१०७२०६ | ९८४१४१४९६८ |
| ४ | श्रम विभाग (प्रशासन शाखा) | | फोनः ०१-४१०७२८८<br>फ्याक्सः ०१-४१०७२८८ | |
| ५ | श्रम विभाग (ट्रेड यूनियन शाखा) | | फोनः ०१-४१०७१२४ | |
| ६ | श्रम विभाग (लेखा शाखा) | | फोनः ०१-४१०७१२० | |
| ७ | श्रम विभाग (एक्टेन्सन लाइन) | | फोनः ०१-४१०७११७ | |
| ८ | श्रम कार्यालय मेची, झापा | का.नि. श्री मणिनाथ गोप<br>नि.का.प्र. श्री दयानन्द नेपाल | फोनः ०२३-४५५३०७<br>फ्याक्सः ०२३-४५५०५५ | ९८५१०७७६७४<br>९८५२६५५३०७ |
| ९ | श्रम कार्यालय कोशी, विराटनगर | ब.श्र.अ. श्री राजकिशोर महत<br>का.नि. श्री मणिनाथ गोप | फोनः ०२१-४६३०२४<br>फ्याक्सः ०२१-४६३०२० | ९८४१४४२५६५<br>९८५१०७७६७४ |
| १० | श्रम कार्यालय जनकपुर | नि.का.प्र. श्री सुरेश प्र. सिंह | फोनः ०४१-५२०१३५<br>फ्याक्सः ०४१-५२०१३५ | ९८०७८४४६०८ |
| ११ | श्रम कार्यालय नारायणी, वीरगञ्ज | का.नि. श्री राजकुमार गुप्ता | फोनः ०५१-५२३५९०<br>फ्याक्सः ०५१-५२३५९० | ९८४२०२०९६५ |
| १२ | श्रम कार्यालय हेटौडा | नि.का.प्र. श्री श्याम कुमार श्रेष्ठ | फोनः ०५७-५२१४७५<br>फ्याक्सः ०५७-५२१४७५ | ९८४५०३११७६ |
| १३ | श्रम कार्यालय वागमती, काठमाण्डौ | ब.का.नि. श्री उदय कुमार गुप्ता<br>का.नि. श्री शंकर सिंह धामी | फोनः ०१-४२१९६२०<br>फ्याक्सः ०१-४२१९६२० | ९८५१०७११६४<br>९८५८४२३४७९ |
| १४ | श्रम कार्यालय गणडकी, पोखरा | ब.श्र.अ. श्री भरतराज काफ्ले | फोनः ०६१-५३५८४४<br>फ्याक्सः ०६१-४६६६३३ | ९८५६०३०५९९ |
| १५ | श्रम कार्यालय लुम्बिनी, बुटवल | का.नि. श्री राधेश्याम झा | फोनः ०७१-५४०३०३<br>फ्याक्सः ०७१-५४०३०३ | ९८४१४५८०४० |
| १६ | श्रम कार्यालय भेरी, नेपालगञ्ज | का.नि. श्री मनोज कुमार यादव | फोनः ०८१-५२०१४४<br>फ्याक्सः ०८१-५२०१९६ | ९८०४५९७३१ |
| १७ | श्रम कार्यालय सेती, धनगढी | नि.का.प्र. श्री जयदेव विष्ट | फोनः ०९१-४१२०७९<br>फ्याक्सः ०९१-४१२०७९ | ९८४८६८०९३८ |
| १८ | रोजगार सूचना केन्द्र, | ना.सु. श्री हेमन्त लाल | फोनः ०३५-४२०८९६ | ९८४४२६०४११ |

| क्र.सं. | श्रम कार्यालयको विवरण | कार्यालय प्रमुख | फोनःफ्याक्सः नं. | मोवाईल नं. |
|---|---|---|---|---|
| | उदयपुर | कर्ण | | |
| १९ | रोजगार सूचना केन्द्र, पर्वत | श्री विष्णु पौडेल | फोनः ०६७-४२१११५ | ९८५७६३२११५ |
| २० | रोजगार सूचना केन्द्र, दाङ | श्री नवराज भण्डारी | फोनः ०८२-५२०३०६ | ९८५६८२३६६९ |
| २१ | रोजगार सूचना केन्द्र, जुम्ला | श्री मेघराज गिरी | पोनः ०८७-५२०३०६ | ९८४८३११३२१ |
| २२ | रोजगार सूचना केन्द्र, महेन्द्रनगर | का.प्र. श्री तर्कराज विष्ट(सी.वि.ता.के.) ना.सु मनोज भट्ट (रो.सू.के.) | फोनः ०९९-५२२१३७ | ९८४८६२५९०६ ९८४८७५८९६१ |

## बैदेशिक रोजगारमा जाने कामदारले जान्नै पर्ने कुराहरु

- केही सीप सिकेर, आफूले गर्ने, गर्न सक्ने र जान्ने कामका वारेमा, पाउने तलवका वारेमा राम्ररी जानी बुझी मात्र जानु पर्दछ ।
- लाग्ने खर्च, प्राप्त हुने आम्दानीका वारेमा तुलनागरि लाभ हुने काममा मात्र जानु पर्दछ।
- घर परिवारसँग सल्लाह, परामर्श गरी सहमतिमा मात्र जानु पर्दछ ।
- बैदेशिक रोजगार बिभागवाट श्रम स्वीकृति लिएर मात्र बैदेशिक रोजगारमा जानु पर्दछ ।
- बैदेशिक रोजगारमा जाँदा दुर्घटनामा परी मृत्यू वा अंगभंग हुन सक्दछ । विमा गर्दा कामदारलाई र उस्को परिवारलाई आर्थिक सहयोग प्राप्त हुन्छ ।
- बैदेशिक रोजगारमा जाँदा विस्वासिलो र भरपर्दो मेनपावर कम्पनी मार्फ जानु पर्छ । व्यवसायिक वा Visit भिसामा जानु हुदैन । जानी जानी गलत कागजात बनाई जानु हुँदैन ।
- घर परिवारसँग सल्लाह गरि मानसिक रुपमा तयार हुनु पर्दछ ।
- बैदेशिक रोजगारमा जानका लागि पैसा बुझाएपछि व्यहोरा खुलाई भरपाई लिनु पर्दछ । कति खर्च लाग्छ राम्ररी बुझ्नु पर्छ । कुनै एजेन्ट वा कम्पनीले भरपाई दिन आनाकानी गरेमा ठगिकै नियत भएको बुझ्नु पर्छ ।
- स्वदेशी विमानस्थलवाट मात्र जानु पर्दछ । अन्य छिमेकी देशको बाटो गरेर जानु हुँदैन । बेचिन वा ठगीमा पर्न सकिन्छ ।
- आफू जाने देशको भौगोलिक स्थिति, हावापानी रहन, सहन, धर्म, कानून, काम गर्ने वातावरण आदि वारेमा सामान्य जानकारी लिनु पर्छ । यस्का लागि पूर्व प्रस्थान अभिमूखीकरण तालीम अनिवार्य रुपमा लिनु पर्दछ ।
- बैदेशिक रोजगारमा जाँदा आवश्यक सवै कागजातहरुको एक एक प्रति आफू र परिवारको साथमा राख्नु पर्छ ।
- बैदेशिक रोजगारको क्रममा ठगिमा परे बैदेशिक रोजगार बिभागमा उजुरी गर्नु पर्दछ ।
- बैदेशिक रोजगार सम्वन्धी कुनै पनि सूचना जानकारीका वारेमा बुझ्नु परेमा बैदेशिक रोजगार बिभाग र बैदेशिक रोजगार प्रवर्द्धन वोर्डको सचिवालयको ठेगानामा सर्म्पर्क गरी बुझ्न सकिन्छ ।
- आम संचार माध्यमले प्रकाशन गरेको बैदेशिक रोजगारको सूचना/ विज्ञापन सहि भए नभएको बुझ्नु पर्दछ । गलत विज्ञापन गरी पैसा उठाई ठगि गर्न सक्दछन ।
- सरकारले निषेध गरेको देशमा र काममा जानु हुदैन ।

## व्यावसायिक तथा सीप विकास तालिम केन्द्रका प्रमुखहरूको विवरण :

| सि. नं. | प्रमुखको नाम | केन्द्र | स्थायी ठेगाना | फोन नं. | प याक्स नं. | ई–मेल |
|---|---|---|---|---|---|---|
| १ | कार्यकारी निर्देशक<br>श्री विश्वराज पाण्डे | भैंसेपाटी | | ९८५१०४५००२<br>५५९३०६४ (का) | ०१–५५९०८९४ | vsdtcbhainsepati@<br>yahoo.com |
| २ | केन्द्र प्रमुख<br>श्री सुमेन्द्र मण्डल | झापा | टंकीसिनुवारी, मोरङ्ग | ०२३–५२०३०५(का)<br>०२३–५८३९२१(घ)<br>९८४२१२७२८१(मो) | ०२३–५२०३०५ | vsdtcjhapa@<br>yahoo.com<br>sumendra88@<br>yahoo.com |
| ३ | केन्द्र प्रमुख<br>श्री जेट बहादुर राई | इटहरी | ठाके ६, सोलुखुम्बु<br>हाल: धरान, सुनसरी | ०२५–५८१०१६(का)<br>९८४२४८१८१७(मो) | ०२५–५८१०१६ | vsdtcitahari@<br>yahoo.com |
| ४ | नि.केन्द्र प्रमुख<br>श्री भविन्द्र कुमार खत्री | ओखलढुंगा | ओखलढुंगा १ | ०३७–५२०१८५(का)<br>०३७–५२००८८(घ)<br>९८५२८४११८५(मो) | ०३७–५२०१८५ | vsdtcokhaldhunga<br>@yahoo.com |
| ५ | नि.केन्द्र प्रमुख<br>श्री तुलसी प्रसाद घिमिरे | जनकपुर | लमजुङ्ग | ०४१–५२२६३७(का)<br>९८४४०२६५३१(मो) | ०४१–५२२६३७ | vsdtcjanakpur@<br>yahoo.com<br>tlsmotu@gmail.com |
| ६ | नि.केन्द्र प्रमुख<br>श्री मो. शकिल अख्तर | रौतहट | जोकहा ५, रौतहट | ०५५–५२०८८१(का)<br>९८४५३७४७५८(मो) | ०५५–५२०८८१ | vsdtcrautahat@<br>yahoo.com<br>rizviaslam@<br>yahoo.com |
| ७ | केन्द्र प्रमुख<br>श्री युवराज गुरुङ्ग | हेटौडा | सुरुङ्गा ७, झापा<br>हाल: हेटौंडा | ०५७–४१२७१६(का.)<br>९८४५१०२९९७(मो) | ०५७–४१२७१६ | vsdtchetauda@<br>yahoo.com |
| ८ | केन्द्र प्रमुख<br>श्री पुरुषोत्तम पाण्डे | धादिङ्ग | गजुरी २, धादिङ्ग | ०१०–४०२०५३(का)<br>९८५११२२१८०(मो) | ०१०–४०२०५३ | vsdtcdhading@<br>yahoo.com<br>pm_pandeji@<br>yahoo.com |
| ९ | केन्द्र प्रमुख<br>श्री तिलक राम रिजाल | पोखरा | कलंकी, काठमाडौं | ०६१–४६०५११(का)<br>९८४१३७८६१७(मो.) | ०६१–४६०५११ | vsdtcpokhara@<br>yahoo.com |
| १० | केन्द्र प्रमुख<br>श्री विष्णु प्रसाद पौडेल | पर्वत | नयांपाटी २, काठमाडौं | ०६७–४२१११५(का)<br>९८५७६३२११५(मो) | ०६७–४२१११५ | vsdtcparbat@<br>yahoo.com |
| ११ | केन्द्र प्रमुख<br>श्री वालकृष्ण पौडेल | वुटवल | बुटवल १४, तामनगर | ०७१–५४०१३८(का)<br>९८५७०३०७५६(मो) | ०७१–५४०१३८ | vsdtcbutwal138@<br>gmail.com |
| १२ | नि.केन्द्र प्रमुख<br>श्री शेर बहादुर खड्का | दाङ्ग | दाङ्ग | ०८२–५२०२४६(का)<br>९८५८३२००८३(मो) | ०८२–५२०२४६ | vsdtcdang@<br>yahoo.com |
| १३ | केन्द्र प्रमुख<br>श्री जेन्टिल गौतम | नेपालगंज | वर्दिया ४ | ०८१–५५०२८१(का)<br>९८५८०२३९२६(मो) | ०८१–५५०२८१ | vsdtcnepalgunj@<br>yahoo.com<br>jentil_gautam@<br>yahoo.com |
| १४ | नि.केन्द्र प्रमुख<br>श्री डिल्लीराम तिवारी | जुम्ला | जुम्ला | ०८७–५२०४४२(का)<br>९८४८०३७४८१(मो) | ०८७–५२०४४२ | vsdtcjumla@<br>yahoo.com<br>tiwari.dilli@<br>gmail.com |
| १५ | केन्द्र प्रमुख<br>श्री कमल बहादुर पुन | धनगढी | | ०९१–५२११५४(का)<br>९८४८४२५०७१(मो) | ०९१–५२११५४ | vsdtckailali@<br>gmail.com |
| १६ | केन्द्र प्रमुख<br>श्री तर्कराज विष्ट | महेन्द्रनगर | गोकुलेश्वर ८, दार्चुला | ०९९–५२२१३७(का)<br>९८४८६२५९०६(मो) | ०९९–५२२१३७ | |

(अनुसुची १८)

## श्रम तथा रोजगार मन्त्रालयक

## आ.व.०७३।७४ को बजेटका अपेक्षित उपलब्धी सूचकहरू:

| प्रतिफल सूचक | ईकाई | आ.व. २०७२/७३ सम्मको प्रगति | आगामी तीन आर्थिक वर्ष (२०७३/७४ -२०७५/७६)को लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| | | | आ.व. २०७३/७४ | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | कुल जम्मा |
| रोजगारी सृजना । | जना | रोजगारी सृजनाका लागि ५१४३ जनालाई तालीम प्रदान गरिदै । | २०००० | २०००० | २०००० | ६०००० |
| बालश्रम न्युनिकरण | जना | ५ वटा अनौपचारिक तथा दिवा शिशुस्याहर केन्द्रहरू सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| सुरक्षित आप्रवासन | जिल्ला | १० जिल्लामा सूचना तथा परामर्श केन्द्र स्थापना र सञ्चालन । | ९ | १० | ११ | ३० |
| वैदेशिक रोजगारीको प्रवर्द्धन | देश | ६ वटा देशसँग श्रम संझौता भएको ।(यूएई, कतार, वहरायन, दक्षिण कोरिया, ईजराइल र जापान) | ४वटा देशसँग श्रम संझौता गर्ने (मलेशिया,साउदी अरव, जोर्डन र लेवनान) | ६ | ८ | १८ |
| औद्योगिक प्रतिष्ठानहरूमा सुरक्षित कार्य वातावरण | वटा | व्यावसायजन्य रोगहरूको मापदण्ड तयारी । | मापदण्ड कार्यान्वयन हुने । | मापदण्ड कार्यान्वयन हुने । | मापदण्ड कार्यान्वयन हुने । | मापदण्ड कार्यान्वयन हुने । |

| प्रतिफल सूचक | ईकाई | आ.व. २०७२/७३ सम्मको प्रगति | आगामी तीन आर्थिक वर्ष (२०७३/७४ -२०७५/७६)को लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| | | | आ.व. २०७३/७४ | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | कुल जम्मा |
| योगदानमा आधारित सामाजिक सुरक्षाका योजनाहरू कार्यान्वयन | वटा | सुरक्षित मातृत्व सम्वन्धी योजनाको कार्यविधि निर्माण भएको | बिरामी, औषधोपचार र कार्यस्थल दुर्घटना योजना तयार गर्ने । | बेरोजगारी सुविधा, बिरामी सुविधा, सुत्केरी (मातृत्व संरक्षण) सुविधा, रोजगारीमा घाइते सुविधा, परिवार र बालबच्चाको हेरचाह सुविधा, बृद्धावस्था सुविधा, आश्रित परिवार सुविधा, अशक्तता सुविधा, औषधोपचार सुविधा सम्बन्धी कार्याविधि तयार गरी कार्यान्वयन गर्ने । | विभिन्न ९ वटा योगदानमा आधारित सामाजिक सुरक्षाका योजनाहरू कार्यान्वयन गर्ने । | विभिन्न ९ वटा योगदानमा आधारित सामाजिक सुरक्षाका योजनाहरू कार्यान्वयन गर्ने । |